# अध्याय एक

# शोधको परिचय

## १.१ पृष्ठभूमि

भाषा विचार विनिमयको माध्यम हो ।यो मानवीय भावना वा विचार सम्प्रेषण गर्ने एउटा सशक्त माध्यम हो । भाषाको कथ्य र लेख्य गरी दुई स्वरूप हुन्छन् । प्रायः भाषालाई लिखित रूपमा व्यक्त गर्नको लागि लिपिहरूको सहायता लिनुपर्छ । एउटै भाषा कयौं लिपिहरूमा लेख्न सकिन्छ, जस्तैः नेपाली, हिन्दी, मैथिली आदि भाषाहरु मुख्यतः देवनागरी, रोमन, मिथिलाक्षर र अन्य लिपिमा पनि लेख्ने गरिएको पाइन्छ । भाषा वैज्ञानिकहरूले भाषालाई विचार आदान प्रदानका एक माध्यम मानेका छन् ।

कुनै पनि भाषाको बारेमा हामीले जान्न खोज्दा स्वभावत: उक्त भाषाको जन्म वा उत्पत्ति कहिले भयो?, कसरी भयो? भन्ने पहिलो प्रश्न उठ्छ । त्यसैले यहाँ मैथिली भाषाका सन्दर्भमा भएका अनुसन्धान र खोजलाई आधार बनाएर मैथिली भाषाको पृष्ठभूमि केलाउने प्रयास गरिएको छ ।

मैथिली भाषा भारोपेली परिवरको सतम् वर्गभित्र पर्ने भाषा हो । मैथिली भाषा सतम् वर्गभित्र भारत इरानेली शाखाको आधुनिक आर्य भाषासँग सम्बन्धित रहेको छ । ऐतिहासिक दृष्टिले हेर्दा मैथिली भाषा संस्कृतबाट निष्पन्न मागधी प्राकृत हुँदै मागध अपभ्रंशबाट विकसित भाषा हो । प्राकृत तथा अपभ्रंशको कुन शाखाबाट मैथिली भाषाको उत्पत्ति भएको हो भन्ने कुरामा विद्वान्हरूको एकमत हुन सकेको देखिँदैन । मैथिली भाषाको भाषाविद् गोविन्द झाले मागधी भाषाबाट मैथिली भाषाको उत्पत्ति भएको बताएका छन् । त्यस्तै चूडामणि बन्धुले मैथिली भाषाको उत्पत्ति प्राकृत मागाधी वंशको मागध अपभ्रंशबाट हुनसक्ने उल्लेख गरेका छन् । अर्कातिर डा. धिरेन्द्र मिश्रले मैथिली भाषाको उत्पत्ति भारतीय आर्य भाषा हुँदै प्राच्यअर्न्तगत मागधी प्राकृत हुँदै मागधी अपभ्रंशबाट मैथिली भाषाको उत्पत्ति भएको कुरा प्रकट गरेका छन् । समग्रमा भन्दा मैथिली भाषाको उत्पत्ति मागधी प्राकृत हुँदै मागध अपभ्रंशबाट भएको मान्न सकिन्छ ।

मैथिली भाषाको विकासमा मूलत: मिथिला राज्यकै महत्त्वपूर्ण योगदान रहेको छ । मिथिला राज्य हाल नेपाल र भारत दुबैको भूमिकामा इतिहास भई जीवित छ । वर्तमान

नेपाली भूभागमा पर्ने तत्कालीन मिथिला तथा अन्य क्षेत्रबाट मैथिली भाषाको विकास भएको मानिन्छ ।

नेपालमा बोलिने मैथिली भाषा नेपाली भाषापछिको दोस्रो बढी जनसङ्ख्याले बोल्ने भाषा हो । मैथिली भाषाको मुख्य क्षेत्र पूर्वी तराईका सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्ला रहेका छन् । मैथिली भाषा आठौँ शताब्दीदेखि व्यवहारमा आउन थालेको हो । मैथिली भाषाको आफ्नै लिपि छ, जसलाई 'मिथिलाक्षर वा तिरहुता' भनिन्छ । यो भाषा लोकसाहित्यका दृष्टिले पनि अत्यन्त संवृद्ध छ भने साहित्यको विकास पनि राम्रोसँग भएको छ । यस भाषामा 'वर्णरत्नाकर' जस्तो कोशको निर्माण पनि गरिएको पाइन्छ । विश्वविद्यालयमा ऐच्छिक रूपमा उच्च शिक्षासम्म पठनपाठन हुने यस भाषालाई अहिले देवनागरी लिपिमा पनि लेखिन्छ। जुन मैथिली भाषा मागधी प्राकृतबाट विकसित भाषा हो । वि.सं २०६८ को जनगणना अनुसार नेपालको कूल जनसङ्ख्याको ११.६७ प्रतिशत व्यक्तिले मैथिली भाषालाई मातृभाषाका रूपमा बोलेका छन्। यसरी मैथिली भाषामा प्राथमिक तहदेखि उच्च तहसम्म नै पठनपाठनको व्यवस्था भए पनि सबै विद्यालयहरुमा लागु भएको पाइँदैन । जसले गर्दा मैथिली भाषी विद्यार्थीहरुले नेपाली भाषामा नै पठनपाठन गरेका छन् भने मैथिली भाषामा पठनपाठन हुने विद्यालमा पनि नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गरेका छन् । यसरी मैथिली भाषी विद्यार्थीहरुले नेपालीभाषा प्रयोग गर्दा विभिन्न क्षेत्रहरुमा त्रुटि गरेका पाइन्छन् । जसमध्ये वर्णविन्यासका क्षेत्रमा गर्ने त्रुटिहरु पनि एक प्रमुख रहेको पाइन्छ ।

भाषाको लेख्य वर्णहरुको व्यवस्थित रखाइको क्रम नै वर्ण विन्यास हो । यसैलाई लिपिविन्यास, हिज्जे, वर्तनी, अक्षर विन्यास, खिप्ती आदि पनि भन्ने गरिन्छ । यो लिखित भाषासँग सम्बन्धित प्रक्रिया र स्तरीय लिपि स्वरूप पनि हो। यसरी लेख्य भाषाका लागि नभई नहुने शुद्धता, स्पष्टता र स्तरीयताका लागि वर्ण विन्यासको अध्ययन अनिवार्य मानिन्छ ।

वर्ण विन्यासभित्र वर्णहरुको सुस्पष्ट रखाइक्रमका साथै मात्रा, संयुक्तता, मिश्र प्रयोग, पदयोग, पदवियोग आदि विभिन्न पक्षहरुको आपसी आवद्धता संलग्न हुन्छन् । यिनका अतिरिक्त शिरविन्दु, चन्द्रविन्दु, हलन्त अजन्त, ह्रस्वदीर्घ, पञ्चमवर्ण जस्ता कुराहरुको उपयुक्तता पनि वर्ण विन्यासमा आबद्ध हुन्छन् । उक्त बाहेक उच्चारणमा नभएका तर

लेख्य रूपमा प्रयोग हुने वर्ण (त्र, ण, श, ष, क्ष, ज्ञ, ई, ऊ, ऋ, अः) र तिनका मात्राहरुको विन्यास प्रक्रिया पनि वर्ण विन्यासभित्र पर्दछन् । यसर्थ मूलतः ह्रस्व दीर्घ, श, ष र स, ब र व, ए र ये, ई र यी, ऋ र रि, क्ष र छ्य/छे, ज्ञ र ग्यँ, अजन्त हलन्त, पञ्चम वर्ण, चन्द्रविन्दुशिरविन्दु, पदयोग पदवियोग र विभिन्न लेख्यचिह्नको प्रयोगसँग सम्बन्धित नियमलाई वर्ण विन्यासको नियमभित्र समावेश गरिन्छ ।

## १.२ समस्याकथन

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयलाई नै समस्याको रूपमा लिने गरिन्छ । बन्धु (२०६५) का अनुसार अनुसन्धान कार्यका सिलसिलामा 'समस्या' भन्नाले अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु बुझ्नुपर्दछ । त्यसैगरी (शर्मा र लुइटेल, २०५५ : २५) का अनुसार चयन गरिएको शोध शीर्षक अन्तर्गत मुख्यमुख्य समस्या र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो। यसरी समस्याको कथनले सामान्य विश्लेषण अवधारणालाई पहिचान गरी अध्ययनको विद्यमान परिवेशलाई वर्णन गर्दछ ।

भाषालाई शुद्ध, शिष्ट, स्तरीय तथा मानक बनाउनका लागि भाषाको लेख्य रूप प्रयोगमा ल्याइन्छ । यस्ता लेख्य वर्णहरुको व्यवस्थित रखाइलाई नै वर्णविन्यास भनिन्छ । लेख्य अभिव्यक्तिमा वर्णविन्यासले भाषाको अर्थ सम्प्रेषण गर्ने हुनाले भाषाको अर्थ व्यवस्थामा वर्णविन्यासको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ । पहिलो भाषाका रूपमा नेपाली सिक्ने भन्दा दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरुलाई बढी कठिन हुन्छ । उनीहरुले ह्रस्व दीर्घ, हलन्त अजन्त, श, ष र स, ब र व, ए र ये, ई र यी, ऋ र रि, क्ष र छ्य/छे, ज्ञ र ग्यँ, पञ्चमवर्ण, चन्द्विन्दुशिरविन्दु, पदयोग पदवियोग आदि क्षेत्रमा बढी त्रुटि गर्ने सम्भावना हुन्छ । त्यसैले कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले नेपाली भाषाका लेख्य रूपलाई शुद्ध, स्तरीय र सफल बनाउनका लागि वर्णविन्याससम्बन्धी जानकार हुन अति आवश्यक छ । यसर्थमैथिली भाषी विद्यार्थीहरुको लेखाइ सिप अन्तर्गत वर्ण विन्यास नै मुख्य समस्या हुने भएकाले प्रस्तुत अध्ययन कार्यलाई निम्नलिखित समस्यामा आधारित भई अगाडि बढाइएको छ :

क) कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली भाषाको वर्ण विन्यास प्रयोग के कस्तो छ ?

ख) निर्धारित विद्यार्थीहरुले गर्ने वर्ण विन्यास प्रयोगका त्रुटि क्षेत्रहरु कुन कुन हुन् ?

ग) विद्यालय प्रकृति तथा छात्र छात्राहरुको वर्ण विन्यासगत प्रयोगको स्थिति के कस्तो छ ?

## १.३ अध्ययनका उद्देश्य

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क) कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्णविन्यासगतक्षमताको पहिचान गर्नु ।

ख) निर्धारित विद्यार्थीहरुले प्रयोग गरेका नेपाली वर्ण विन्यासको विश्लेषण गर्नु ।

ग) विद्यालय प्रकृति एवम् लैङ्गिक आधारमा नेपाली वर्ण विन्यास प्रयोगको तुलना गर्नु ।

घ) नेपाली वर्णविन्यासगत त्रुटि समाधानका उपाय पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १२३ ओटा भाषा रहेको पाइन्छ । धर्म, संस्कृति, रीतिरिवाज, सञ्चार आदि कुरा भाषाबाटै सञ्चालित हुने भएकाले कुनै पनि भाषाको अध्ययन अनुसन्धान हुनु भाषावैज्ञानिक दृष्टिले औचित्यपूर्ण हुन्छ ।

भाषा मानवीय एवम् सामाजिक वस्तु हो । भाषा मानव मात्रको पेवाको रूपमा रहेको हुन्छ, त्यसैले भाषाको उत्पत्ति, विकास र यसको प्रयोग तथा औचित्यताका बारेमा जानकारी प्राप्त गर्नु र अध्ययन अनुसन्धानबाट थप नयाँ तथ्यहरु निकाल्नु नै कुनै पनि कार्यको उपादेयता तथा सान्दर्भिकता हुन जान्छ । भाषालाई स्तरीय, समृद्ध र सम्पन्नशाली बनाउनका लागि वर्णविन्यासलाई मानकीकरण गर्न समेत आवश्यक देखिन्छ । वर्णविन्यासले भाषाका वर्णहरुलाई लिपि चिह्नहरुको आधारमा व्यवस्थित तरिकाले राख्ने कार्य गर्दछ ।

कुनै पनि भाषाको आधार तत्त्व नै वर्ण भएकाले वर्णको शुद्धता नभएसम्म भाषाले सम्पन्नता पाउन सक्दैन तर वर्तमान अवस्थामा खोजको अनुसन्धान र समस्या समाधान जस्तो विधिको प्रयोगबाट भाषिक त्रुटिलाई निराकरण गर्नुको सट्टा नेपाली विषय सजिलो विषयको रूपमा लिएर यसको मर्यादामा आँच आउने काम हरेक शैक्षिक संस्थानहरुमा भइरहेको पाइन्छ । साथै नेपाली भाषाले आफ्नो देशमा मात्र नभएर विभिन्न बाहिरी मुलुकहरुमा समेत प्रभाव जमाउन थालेको सफल परिप्रेक्षमा भाषिक प्रभाव र अभिव्यक्तिका लागि स्तरीय मानक भाषाको आवश्यकता पर्दछ । लेखन कलामा नेपाली मातृभाषी वक्ताले राम्रो गर्छन्, अन्यले गर्दैनन् भन्ने पनि हुँदैन, त्यसैले नेपाली भाषा सिक्ने क्रममा मैथिली

मातृभाषी सिकारुहरुले वर्ण विन्यासगत तहमा के कस्ता त्रुटि गर्दछन् भनी ठोस निष्कर्ष निकाल्नु आवश्यक देखिन्छ । तसर्थ विद्यार्थीहरुले कहाँ कस्तो र कुन प्रकृतिका त्रुटिहरु गर्दछन् भनेर त्यसको तथ्य शिक्षकले पहिचान र समस्या समाधानको खोजी तथा विश्लेषण गरी त्यस्ता त्रुटिहरुको निराकरणका लागि समेत वर्णविन्यासगत त्रुटि विश्लेषणको आवश्यकता र औचित्य छर्लङ्ग रूपमा देख्न सकिन्छ ।

यसर्थः मैथिली मातृभाषी विद्यार्थीहरुको नेपाली लेखन क्षमता पहिचान गरी वर्ण विन्यास सम्बन्धी त्रुटिहरुलाई निराकरण गरी मानक नेपाली भाषाको लेखन सिप विकास गर्न सम्बन्धित विद्यार्थी, शिक्षक तथा सम्बन्धित व्यक्तिहरुलाई यस अनुसन्धानले सहयोग प्रदान गर्ने हुँदा यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोध शीर्षककक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूको नेपाली वर्णविन्यासलाई निम्नलिखित सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत अध्ययनमहोत्तरी जिल्लामा मात्र सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययनछात्र छात्रा एवम् सामुदायिक र संस्थागत विद्यालयमा मात्र सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययन कक्षा सातका पाठ्यपुस्तकमा समाविष्ट वर्णविन्यासअन्तर्गत ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, अजन्त हलन्त, चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्ण, पदयोग पदवियोग र लेख्यचिह्नहरुमा मात्र सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एकको परिचय खण्डमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा जस्ता उपशीर्षक राखिएको छ ।

अध्याय दुईमा सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । जस अन्तर्गत पहिले पुस्तक, पत्रपत्रिका र त्यसपछि शोध कार्यको समीक्षा गरिएको छ । यसका साथै पूर्व अध्ययन कार्य गर्नुको महत्त्व र सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । जसमा वर्ण विन्यासको परिचय, महत्त्व र वर्ण विन्यासका प्रमुख नियमहरुको चर्चा गरिएको छ ।

अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया प्रस्तुत गरिएको छ । जसमा जनसङ्ख्या पहिचान, नमुना छनोट, तथ्य सङ्कलन विधि र सङ्कलित तथ्यको व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरणको चर्चा गरिएको छ ।

अध्याय चारमा वर्ण विन्यासगत क्षमताको पहिचान र विश्लेषण गरिएको छ ।जसमा ह्रस्वदीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, पदयोगपद वियोग, चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्ण, हलन्तअजन्त तथा लेख्य चिह्न प्रयोग सम्बन्धी क्षमताको विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा विद्यालय प्रकृति एवम् लैङ्गिक आधारमा विद्यार्थीहरुको वर्ण विन्यासगत प्रयोगमा तुलना गरिएको छ । यसमा ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, पदयोग पद वियोग, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, हलन्त अजन्त तथा लेख्य चिह्न प्रयोगको आधारमा विश्लेषण गरिएको छ र अन्त्यमा प्रयोग सम्बन्धी त्रुटि समाधानका उपायहरू प्रस्तुत गरिएको छ ।

अध्याय छमा अध्ययनको सारांश, अध्ययनबाट प्राप्त भएको निष्कर्ष र समग्रमा उक्त अध्ययनको उपादेयता प्रस्तुत गरिएको छ ।

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत अभिलेख

# अध्याय दुई

## सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

### २.१सम्बद्ध कार्यको पुनरावलोकन

कुनै पनि कार्यको थालनी गर्नुपूर्व सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरु (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । यसर्थ आफूले अनुसन्धान गर्न लागेको विषयवस्तुको बारेमा पूर्वकार्यको जानकारी नितान्त आवश्यक मानिन्छ । पूर्वकार्यको पुनरावलोकनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचना गर्न सहज र सरल बनाउँदछ । भट्टराई(२०६८ : १२६) का अनुसार अनुसन्धानमा पूर्वकार्यको समीक्षा प्रारम्भ भएदेखि पूर्ण नभएसम्म निरन्तर गरिरहनु पर्ने कार्य हो । यसैगरी बन्धु र भट्टराईका अनुसार पूर्वकार्यको समीक्षाले अध्ययनको सही मार्ग पहिल्याउनका साथै अध्ययनमा देखिने जटिलता, द्विविधा, अन्योल जस्ता कुराबाट बाहिर निकाल्न विशेष भूमिका खेल्ने देखिन्छ ।

प्रस्तुत अध्ययनमावर्ण विन्यासगत त्रुटिहरुको अध्ययनसँग सम्बन्धित पूर्वकार्यको पुनरावलोकन गर्ने प्रयास गरिएको छ । जसमा वर्ण विन्यास सम्बन्धी पुस्तक, लेख, पत्र पत्रिका, शोधहरुको अध्ययन गरी समीक्षा गरिएको छ । यस क्रममा पहिला पुस्तक समीक्षा त्यसपछि शोध समीक्षा गरिएको छ ।

#### २.१.१ पुस्तक समीक्षा

खनाल र पौडेल (२०६५) द्वारा वर्णको परिचय, प्रकार, वर्गीकरण तथा वर्ण र लिपि सम्बन्धी चर्चा गरिएको छ । त्यसै गरी वर्ण विन्यास, लेख्य चिन्ह र छपाइ शुद्धि अन्तर्गत वर्ण विन्यासको परिचय, ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, पदयोग पद वियोग, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, हलन्त अजन्त सम्बन्धी उल्लेख गरिएको छ साथै लेख्य चिह्न र छपाइ शुद्धि सम्बन्धी समेत चर्चा गरिएको पाइन्छ ।

पौडेल (२०६६) द्वारा वर्ण विन्यास र वाक्य रचना शिक्षणको परिचय प्रस्तुत गरिएको छ । त्यसैगरी वर्ण विन्यास शिक्षणको महत्त्वको चर्चा गरिएको छ । यसका साथै वर्ण विन्यासका प्रमुख त्रुटि क्षेत्रहरु र यसको शिक्षणसँग सम्बन्धित कार्यकलापहरुको पनि उल्लेख गरिएको छ ।

पराजुली र सुवेदी (२०६७) द्वारा नेपाली वर्ण विन्यास, नेपाली वर्णमाला र नेपाली वर्ण विन्यासका मुख्य नियमहरु (तद्भव र आगन्तुक) सम्बन्धी चर्चा गरिएको छ । यसका साथै नेपाली शब्दको वर्ण विन्यास सम्बन्धी नियम, ह्रस्व दीर्घसम्बन्धी नियम, शब्दका अगाडि इ, ए ह्रस्व हुने नियम, शब्दका बिचमा इ, उ ह्रस्व हुने नियम, शिरविन्दु चन्द्रविन्दु सम्बन्धी नियम लगायतका विषयमा चर्चा गरिएको पाइन्छ ।

बराल र एटम (२०६८) द्वारा ध्वनि, वर्ण र अक्षरभित्र ध्वनि र वर्णको परिचय प्रस्तुत गरिएको छ । यसका साथै स्वर वर्ण अन्तर्गत 'अ, आ, इ, उ, ए र ओ' वर्णको चर्चा गरिएको पाइन्छ भने व्यञ्जन वर्ण अन्तर्गत 'क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स र ह' मुख्य वर्णका किसिमहरुको चर्चा गरिएको पाइन्छ ।

भुजेल (२०७०) द्वारा स्वरवर्ण र व्यञ्जन वर्णको परिचय प्रस्तुत गरिएको छ । त्यसैगरीवर्ण विन्यासमा ह्रस्व दीर्घसम्बन्धी नियम, अन्तिम अक्षर ह्रस्व हुने शब्दहरु, शब्दको अन्त्यमा दीर्घ हुने शब्दहरु, थालनीमा ई दीर्घ हुने शब्दहरु, थालनीमा ऊ दीर्घ हुने शब्दहरु र बिचमा ऊ, ई दीर्घ हुने शब्दहरु सम्बन्धी चर्चा गरिएको छ । साथै पदयोग र पदवियोग, शिरविन्दु र चन्द्रविन्दुको प्रयोग, य/ए को प्रयोग, श/ष/स को प्रयोग, व/ब को प्रयोग, पञ्चम वर्णको प्रयोग र चिह्नको प्रयोग सम्बन्धी समेत व्याख्या गरिएको छ ।

अधिकारी (२०७१) द्वारा वर्ण व्यवस्था अन्तर्गत वर्णको परिचय प्रस्तुत गरिएको छ । त्यसैगरी परम्परागत नेपाली वर्णमाला, उच्चार्य वर्ण र तिनका लेख्य चिह्नहरु बारे समेत चर्चा गरिएको पाइन्छ । यसका साथै नेपालीका विभेदहरु स्वर वर्णको वर्गीकरण, व्यञ्जन वर्णको वर्गीकरण र व्यञ्जन वर्णहरुको संयुक्तता आदिका क्षेत्रमा स्पष्ट रूपमा उल्लेख गरिएको पाइन्छ ।

पाठ्यक्रम विकास केन्द्र (२०७१, प.सं) द्वारा वर्ण विन्यास सम्बन्धी बृहत चर्चा गरिएको पाइन्छ । यसमा तत्सम, तद्भव र आगन्तुक शब्दहरुको वर्ण विन्यास अन्तर्गत शब्दादि, शब्दमध्य र शब्दान्तमा ह्रस्व दीर्घ सम्बन्धी जानकारी र उदाहरण प्रस्तुत गरिएको छ । त्यस्तै इ, उ, ई, ऊ, ब, व, श, ष, स, य, ए, ऋ, क्ष, ज्ञ, पञ्चम वर्ण, पदयोग पद

वियोग, हलन्त अजन्त, शिरविन्दु, चन्द्रविन्दु, लेख्य चिह्न र लिपि चिह्न सम्बन्धी नियम, उदाहरण र अपवादमा प्रयोग भएका शब्दहरु समेत प्रस्तुत गरिएको पाइन्छ ।

शर्मा (२०७१) द्वारास्वर वर्णको वर्गीकरण र प्रकार, व्यञ्जन वर्णको वर्गीकरण र प्रकार, लेखिम, लिपि र नेपाली लेखन सम्बन्धी चर्चा गरिएको पाइन्छ । त्यसैगरी नेपाली वर्ण विन्यास अन्तर्गत वर्ण विन्यासको परिचय र वर्ण विन्यासका नियमहरुको चर्चा गरिएको छ । जस अन्तर्गत ह्रस्व र दीर्घको नियम, तद्भव र आगन्तुक शब्दमा दीर्घ ई, ऊ का नियम, तत्सम शब्दमा दीर्घ ई, ऊ का नियम, ब र व का नियम, हलन्त अजन्तको नियम, य र ए आदिको नियम, छ, क्ष आदिको नियम, ग्यँ, ज्ञ को नियम, अनुनासिक र अनुस्वारको नियम, पदयोग र पद वियोगको नियम तथा विरामचिह्न र प्रयोग सम्बन्धी विषयमा उल्लेख गरिएको छ ।

## २.१.२ शोध समीक्षा

न्यौपाने (२०६३) द्वारा कैलाली जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । उक्त अध्ययनमावर्ण विन्यास सम्बन्धी त्रुटिको पहिचान, वर्गीकरण र निराकरणका निम्ति सुझावहरु प्रस्तुत गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका जम्मा ६० जना विद्यार्थीहरुमा गरिएको उक्त अध्ययनबाट ह्रस्व दीर्घ सम्बन्धी ५२ प्रतिशतले त्रुटि गरेको निष्कर्ष निकालिएको छ । त्यसैगरी अधिकांश विद्यार्थीहरुले श र ष को सट्टा स को प्रयोगमा त्रुटि गरेको निष्कर्ष निकालिएको छ । त्यस्तै य र ए सम्बन्धी ३८ प्रतिशतले त्रुटि गरेको र व र ब सम्बन्धी लेखनमा प्रायः समान त्रुटि गरेको देखाइएको छ भने हलन्त र अजन्त तथा शिरविन्दु र चन्द्रविन्दु प्रयोगमा पनि त्रुटिरहित विद्यार्थी नपाइएको अध्ययनले देखाइएको छ ।

जोशी (२०६६) द्वारा कक्षा दशमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरुले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । उक्त अध्ययनमा दार्चुलेली भाषी विद्यार्थीहरुले गर्ने वर्ण विन्यासगत त्रुटिको पहिचान, त्रुटिको वर्गीकरण, विश्लेषण रनिराकरणका लागि सुझाव प्रस्तुत गरिएको छ । उक्त अध्ययनबाट वर्ण विन्यासका त्रुटि क्षेत्रमध्ये त्रुटिरहित क्षेत्र कुनै नभएको, पदादि ह्रस्व लेख्ने र पदान्त दीर्घ लेख्ने प्रवृति बढी पाइएको, लेख्यचिह्न अन्तर्गत प्रश्नवाचक चिह्नमा कम त्रुटि र उद्धरण र योजक चिह्नमा बढी त्रुटि भएको निष्कर्ष निकालिएको छ ।

जोशी (२०६७) द्वारा कक्षा दशमा अध्ययनरत बैतडेली भाषी विद्यार्थीहरुले स्तरीय नेपाली लेखनमा गर्ने वर्ण विन्याससम्बन्धी त्रुटिहरुको अध्ययन गरिएको छ । उक्त अध्ययनमा बैतडेली भाषी विद्यार्थीहरुले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटि पहिचान गरिएको छ । त्यस्तै त्रुटिहरुको कारण र त्रुटि निराकरणका लागि उपायहरु प्रस्तुत गरिएको छ । उक्त अध्ययनबाट पदादि ह्रस्व र पदान्त दीर्घ लेख्ने प्रवृति बढी रहेको, ऊ को प्रयोग धेरै कम भएको, स भन्दा श र ष को प्रयोगमा बढी त्रुटि गरेको निष्कर्ष निकालिएको छ । त्यस्तै ब र व को प्रयोगमा क्रमशः ३२ र २१ प्रतिशत, क्ष को प्रयोगमा १७ प्रतिशतले त्रुटि गरेको तथा छ को प्रयोगमा त्रुटि नपाइएको अनि य, ए र ये वर्णको प्रयोगमा त्रुटि पाइए पनि ए को प्रयोगमा कम त्रुटि गरिएको छ । त्यसैगरी शिरविन्दु र चन्द्रविन्दुको प्रयोगमा त्रुटि गर्नेहरु क्रमशः ३० र २९ प्रतिशत रहेको तथा लेख्य चिह्न प्रयोगमा प्रश्नवाचक, योजक चिह्नबाहेक अन्यमा कम त्रुटि गरिएको निष्कर्ष पाइन्छ ।

कार्की (२०६८) द्वारा सिन्धुली जिल्लाका कक्षा ८ मा अध्ययनरत विदयार्थीले गर्ने वर्ण विन्याससम्बन्धी त्रुटिहरुको अध्ययन गरिएको छ । उक्त अध्ययनमावर्ण विन्यास सम्बन्धी त्रुटिको पहिचान, सामुदायिक र संस्थागत तथा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीले गर्ने वर्ण विन्यासगत त्रुटिहरुको तुलना गरिएको छ । साथै त्रुटि निराकरणका लागि सुझावहरु पनि प्रस्तुत गरिएको छ । उक्त अध्ययनबाट सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको समग्र वर्ण विन्यास प्रयोग क्षमताको अध्ययन अनुसार त्रुटिरहितमा ७४.६७ प्रतिशत र त्रुटिसहितमा २५.३३ प्रतिशत रहेको निष्कर्ष निकालिएको छ । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरुमा ६८.२९ प्रतिशत त्रुटि देखाइएको छ । वातावरणको अनुकूलताले गर्दा विमातृभाषी विद्यार्थी भन्दा मातृभाषी विद्यार्थीको वर्ण विन्यास क्षमता राम्रो रहेको अध्ययनले देखाइएको छ ।

बराल (२०६९) द्वारा दाङ जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुले गर्ने वर्ण विन्याससम्बन्धी त्रुटिहरुको अध्ययन गरिएको छ । उक्त अध्ययनमा वर्ण विन्यासक्षमताको पहिचान, त्रुटि पहिचान, सामुदायिक र संस्थागत एवम् लिङ्गका आधारमा त्रुटिको तुलना, वर्गीकरण रत्रुटिहरु निराकरण गर्ने उपायहरु प्रस्तुत गरिएको छ । उक्त अध्ययनबाट ह्रस्व दीर्घ सम्बन्धी त्रुटि शब्दादि, शब्दमध्य र शब्दान्त समग्रमा ७५ प्रतिशत विद्यार्थीले त्रुटि गरेको निष्कर्ष निकालिएको छ । त्यस्तै श, ष र स को प्रयोगमा क्रमशः

५४, ५१ र ३३ प्रतिशत, य र ए को प्रयोगमा क्रमशः ३७ र १८ प्रतिशत तथा ब व, क्ष छे, ज्ञ ग्यँ/ग्य, ऋ रि/री को प्रयोगमा पनि धेरथोर त्रुटि गरेको तथा हलन्त र अजन्तमा ५१ प्रतिशतले त्रुटि गरेको अध्ययनले देखाइएको छ । यस प्रकारका त्रुटिहरु सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा केही कम रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

रिजाल (२०६९) द्वारा दाङ जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरुको अध्ययन गरिएको छ । उक्त अध्ययनमा नेपाली वर्ण विन्यासगत क्षमताको पहिचान, सामुदायिक र संस्थागत एवम् छात्र र छात्राबिच हुने वर्ण विन्यासगत त्रुटिको तुलना, वर्गीकरण र त्रुटि न्यूनीकरणका लागि आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ । उक्त अध्ययनबाट ह्रस्व दीर्घ सम्बन्धी त्रुटि समग्रमा ७५ प्रतिशत विद्यार्थीले, श र ष वर्णमा क्रमशः ७१ र ६६ प्रतिशतले, य र ए मा क्रमशः ४९, ४५ प्रतिशतले तथाक्ष, छे, ज्ञ, ग्यँ/ग्य, ऋ, रि/री, हलन्त, अजन्त, शिरविन्दु, चन्द्रविन्दु, पदयोग, पद वियोग यी सबै पक्षमा त्रुटि गरेको निष्कर्ष निकालिएको पाइन्छ ।

कुमारी (२०७०) द्वारा धनुषा जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । उक्त अध्ययनमा मैथिली भाषी विद्यार्थीहरुले नेपाली वर्ण विन्यासमा गर्ने त्रुटिहरुको पहिचान, वर्ण विन्यास क्षमताको पहिचान, सामुदायिक र संस्थागत विद्यालयबिच हुने वर्ण विन्यासगत त्रुटिको तुलना, त्रुटिको वर्गीकरण र त्रुटि निराकणका उपायहरु प्रस्तुत गरिएको छ । उक्त अध्ययनबाट सबभन्दा बढी ह्रस्व दीर्घको प्रयोगमा त्रुटि गरेको निष्कर्ष प्रस्तुत गरिएको पाइन्छ भने सामुदायिक र संस्थागत विद्यादयको तुलनामा संस्थागत विद्यालयका छात्र छात्राहरुको त्रुटिको मात्रा केही न्यून रहेको निष्कर्ष निकालिएको छ ।

बुढाथोकी (२०७२) द्वारा सल्यान जिल्लामा कक्षा छमा अध्ययनरत विद्यार्थीको वर्ण विन्यास क्षमताको अध्ययन गरिएको छ । उक्त अध्ययनमा वर्ण विन्यासगत क्षमताको पहिचान, वर्ण विन्यासमा गर्ने त्रुटिगत क्षेत्रको वर्गीकरण, लिङ्गका आधारमा छात्र र छात्राहरुको वर्ण विन्यासगत त्रुटिको तुलना र वर्ण विन्याससम्बन्धी त्रुटि निराकरण उपायहरु प्रस्तुत गरिएको छ । उक्त अध्ययनबाट समग्रमा छात्रहरुको प्राप्ताङकको मध्यमान १५६.५६ र छात्राहरुको प्राप्ताङ्कको मध्यमान १२५.३० रहेकोले छात्राहरुको भन्दा छात्रहरुको वर्ण विन्यास क्षमता राम्रो रहेको निष्कर्ष देखाइएको छ । त्यस्तै सामुदायिक विद्यालयको

प्राप्ताङकको मध्यमान १५६.३६ र संस्थागत विद्यालयको प्राप्ताङ्कको मध्यमान १४०.३८ रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीहरु भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरु कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०७२) द्वारा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुले गर्ने वर्ण विन्याससम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । उक्त अध्ययनमा वर्ण विन्यासगत क्षमताको पहिचान, त्रुटिको पहिचान, संस्थागत र सामुदायिक विद्यालयबिच त्रुटिको अन्तर र त्रुटि निराकरणको उपायहरु प्रस्तुत गरिएकोछ । उक्त अध्ययनबाट ह्रस्व दीर्घसम्बन्धी सामुदायिक विद्यालयतर्फ शब्दादि, शब्दमध्य र शब्दान्तमा क्रमशः ५४.०७, ४६.६६ र ६२.२१ प्रतिशत र संस्थागततर्फ क्रमशः ५८.५१, ५१.१० र ६५.५४ प्रतिशतले त्रुटि गरेका निष्कर्ष निकालिएको छ । त्यसैगरी श, ष र स वर्णमा सामुदायिकतर्फ क्रमशः ५१.१० ,४२.६६ र ३६.८८ प्रतिशतले, ब र व मा सामुदायिकतर्फ क्रमशः २८.४४ र ३१.१० प्रतिशतले र संस्थागततर्फ क्रमशः ३३.३३ र ३४.८१ प्रतिशतले, य र ए वर्णमा सामुदायिकतर्फ क्रमशः २९.६२ र ४३.४४ प्रतिशत र संस्थागततर्फ ३७.७७ र ३८.८८ प्रतिशतले, ज्ञ र ग्यँ मा सामुदायिकतर्फ क्रमशः ३४.४४ र ३३.३२ प्रतिशतले र संस्थागततर्फ क्रमशः ३६.६६ र ३४.८१ प्रतिशतले, पदयोग र पद वियोगमा सामुदायिकतर्फ क्रमशः ३०.५५ र ३२.२१ प्रतिशत र संस्थागततर्फ क्रमशः ३७.१० र ३५.५५ प्रतिशतले, चन्द्रविन्दु र शिरविन्दुमा सामुदायिकतर्फ क्रमशः २९.६२ र २८.०७ प्रतिशत र संस्थागततर्फ क्रमशः ३२.५९ र ३२.५ प्रतिशतले तथा लेख्य चिह्नसम्बन्धी ८० प्रतिशत विद्यार्थीहरुले त्रुटि गरेको निष्कर्ष देखाइएको छ ।

मिधुन (२०७३) द्वारा पाल्पा जिल्लाका कक्षा आठमा अध्ययनरत मगर भाषी विद्यार्थीले स्तरीय नेपाली लेखनमा गर्ने त्रुटिहरुको अध्ययन गरिएको छ । उक्त अध्ययनमा मगर भाषी विद्यार्थीले स्तरीय नेपाली लेखाइ अभिव्यक्तिमा गर्ने त्रुटिको पहिचान, त्रुटि हुनाका कारण र निराकरणका लागि उपाय प्रस्तुत गरिएको छ । ८० जना विद्यार्थीहरुमा गरिएको उक्त अध्ययनबाट लिङ्ग, वचन, पुरुष, आदर र कालगत पक्षमा त्रुटि गरेको निष्कर्ष निकालिएको छ । त्यसैगरी वर्ण विन्यासगत रूपमा हलन्त अजन्त वर्णको प्रयोग, ट र त को प्रयोग, ढ र ध को प्रयोग, व, ब, स, श, ष को प्रयोग, पदयोग र पद वियोगको प्रयोगमा मातृभाषा र शब्द भण्डार ज्ञानको कमीले त्रुटि भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

उपर्युक्त अध्ययन अनुसन्धानहरु एक आपसमा अन्तर सम्बन्धित रहेका पाइन्छन् । नेपाली वर्ण विन्यास प्रयोगका आधारमा मैथिली भाषी विद्यार्थीहरुको अध्ययनलाई शोधपत्रको विषय बनाइनुको कारण पनि त्यस किसिमको अन्तर सम्बन्धित पाइनु स्वभाविक प्रक्रिया मान्न सकिन्छ । उक्त अध्ययनहरुले प्रस्तावित अध्ययनमा शीर्षक छनोटका साथै विद्यार्थीहरुले गर्ने वर्ण विन्यास प्रयोग सम्बन्धी त्रुटिहरु पत्ता लगाउन, त्रुटि तुलना गर्न, व्याख्या विश्लेषण गर्न, परीक्षण गर्न, निराकरणका उपायहरु अनुमान गर्न, सैधान्तिक आधार निर्माण गर्न लगायत पक्षमा थप सघाउ पुऱ्याएको देखिन्छ । यसका साथै यी पूर्वकार्यहरुको समीक्षाबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्न र शोधपत्रमा रहेका कमीकमजोरीबाट सजग रहन समेत थप सहयोग गरेको छ । वर्ण विन्याससँग सम्बन्धित भएर विभिन्न खोज तथा अध्ययन अनुसन्धानहरु पर्याप्त मात्रामा भए पनि वर्ण विन्यासका सबै पक्षहरुमा त्यति नभएको देखिन्छ । वर्ण विन्यासअन्तर्गत ह्रस्व दीर्घ, श, ष र स, ब र व, ए र य, अजन्त हलन्त, चन्द्रविन्दुशिरविन्दु, पदयोग पदवियोग र लेख्यचिह्नहरुमा प्रशस्त अध्ययन भए पनि तुलनात्मक रूपमा ऋ र रि, क्ष र छ्य/छे, ज्ञ र ग्यँ रपञ्चम वर्ण सम्बन्धी त्यति मात्रामा नभएकाले यी सबै पक्षहरुमा अध्ययन गर्न आवश्यक महशुस गरिएको छ ।उक्त अध्ययनहरु प्रायः नेपाली मातृभाषी विद्यार्थीहरुको त्रुटिसँग सम्बन्धित छ भने प्रस्तावित अध्ययन मैथिली मातृभाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यास प्रयोगमा सीमित रहेको छ । यसर्थ उक्त अध्ययनहरुले समेत वर्ण विन्यासको ज्ञान बढाउन र प्रस्तुत अध्ययनलाई निष्कर्षमा पुऱ्याउन पर्याप्त सहयोग पुऱ्याएको छ ।

## २.२ पूर्व अध्ययनको महत्त्व

कुनै पनि शोध कार्य गर्नुभन्दा पूर्व त्यस शोधसँग सम्बन्धित अध्ययनलाई नै पूर्व अध्ययन भनिन्छ । अनुसन्धान आफैँमा एक जटिल कार्य भएकाले सम्बन्धित शोध शीर्षकसँग सम्बद्ध भएर पूर्व कार्यहरुको अध्ययन गर्नु अति आवश्यक देखिन्छ । पूर्व कार्यको अध्ययनले सम्बन्धित शोध कार्यको शीर्षक चयन, समस्या कथन, उद्देश्य निर्धारण जस्ता पक्षहरुमा मार्ग निर्देश प्रदान गर्न मद्दत गर्दछ । साथै यस अघि कस्ता कस्ता शीर्षकमा अनुसन्धान भएको छ ?, कस्ता कस्ता शीर्षकमा अनुसन्धान गर्न सकिन्छ ?भने कुराको जानकारी पनि पूर्वकार्यको अध्ययनबाट नै सम्भव हुने हुँदा पूर्व अध्ययनको औचित्य महत्त्व उच्च देखिन्छ । समस्या कथन, उद्देश्य निर्धारण कसरी गर्ने जस्ता कार्यको लागि पनि पूर्व अध्ययनले

महत्त्वपूर्ण भूमिका खेल्दछ । त्यस्तै एउटा कुशल शोध तथा शोधपत्रको ढाँचा पूर्व अध्ययनले जानकारी दिने हुनाले पूर्व अध्ययनको महत्त्व देखिन्छ ।

पूर्व कार्यको अध्ययनले प्रस्तुत शोध कार्यका लागि माथि वर्णन गरे अनुसार विभिन्न किसिमका सहयोगी भूमिका खेलेको छ । प्रस्तुत शोध कार्यको शीर्षक चयनदेखि शोधपत्रको संरचना कसरी तयार गर्ने भन्ने बारे अनुभव प्राप्त भएको छ । त्यस्तै समस्या चयन, उद्देश्य निर्धारण गर्न सक्ने क्षेत्र जस्ता विविध पक्षको विश्लेषणको लागि समेत स्पष्ट धारणा दिएकाले पूर्व अध्ययनको महत्त्व देखिन्छ । समग्रमा भन्दा पूर्व अध्ययन विना कुनै पनि शोध कार्य सम्भव हुने देखिँदैन । अर्थात् पूर्व अध्ययनले नै एउटा व्यवस्थित, वैज्ञानिक, वस्तुगत शोधपत्र तयार गर्ने आधारहरु प्रदान गर्दछ । यसर्थ पूर्व अध्ययन प्रस्तुत शोध कार्यको लागि महत्त्वपूर्ण बनेको छ ।

## २.३ सैद्धान्तिक अवधारणा

सैद्धान्धिक अवधारणा भन्नाले सिद्धान्त पक्षसँग सम्बन्धित कुरा हो । प्रस्तुत शोध कार्य कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यास शीर्षकसँग सम्बन्धित हुने भएकाले प्रस्तुत शोधपत्रको यस खण्डमा वर्ण विन्याससँग सम्बन्धित सैद्धान्तिक पक्षको चर्चा परिचर्चा आवश्यक हुन्छ । यस अन्तर्गत वर्ण विन्यासको परिचय, महत्त्व र वर्ण विन्यासका प्रमुख नियमहरुको चर्चा गरिन्छ ।

### २.३.१ वर्ण विन्यासको परिचय र महत्त्व

#### २.३.१.१ परिचय

भाषाको लेख्य वर्णहरुको व्यवस्थित रखाइको क्रम नै वर्ण विन्यास हो । शर्माका अनुसार यसलाई लिपिविन्यास, हिज्जे, वर्तनी, अक्षर विन्यास, खिप्ती आदि पनि भन्ने गरिन्छ । यो लिखित भाषासँग सम्बन्धित प्रक्रिया र स्तरीय लिपि स्वरूप पनि हो। यसरी लेख्य भाषाका लागि नभई नहुने शुद्धता, स्पष्टता र स्तरीयताका लागि वर्ण विन्यासको शिक्षण अनिवार्य मानिन्छ ।

वर्ण विन्यासभित्र वर्णहरुको सुस्पष्ट रखाइक्रमका साथै मात्रा, संयुक्तता, मिश्र प्रयोग, पदयोग, पदवियोग आदि विभिन्न पक्षहरुको आपसी आवद्धता संलग्न हुन्छन् । यिनका अतिरिक्त शिरविन्दु, चन्द्रविन्दु, हलन्त, अजन्त, ह्रस्वदीर्घ, पञ्चमवर्ण जस्ता कुराहरुको उपयुक्तता पनि वर्ण विन्यासमा आबद्ध हुन्छन् । उक्त बाहेक उच्चारणमा नभएका तर

लेख्य रूपमा प्रयोग हुने वर्ण (त्र, ण, श, ष, क्ष, ज्ञ, ई, ऊ, ऋ, अः) र तिनका मात्राहरुको विन्यास प्रक्रिया पनि वर्ण विन्यासभित्र पर्दछन् । यसर्थ मूलतः ह्रस्व दीर्घ, श, ष र स, ब र व, ए र ये, ई र यी, ऋ र रि, क्ष र छ्य/छे, ज्ञ र ग्यँ, अजन्त हलन्त, पञ्चम वर्ण, चन्द्रविन्दु, शिरविन्दु, पदयोग, पद वियोग र विभिन्न लेख्यचिह्नको प्रयोगसँग सम्बन्धित नियमलाई वर्ण विन्यासको नियमभित्र समावेश गरिन्छ ।

वर्ण विन्यास भाषाको लेख्य परम्परासँग सम्बन्धित रहेकाले यो आफ्नो प्रचलित भाषिक नियम अनुसार एक अर्कामा भिन्न समेत हुने गर्दछ । कथ्य भाषाको जस्तै लेख्य भाषाको पनि आफ्नो परम्परा हुन्छ तर त्यो परम्परा भाषालाई लिखित रूप दिन थालेपछि वर्ण विन्यासगत हिसाबले स्थापित हुन थाल्दछ, यही कारण हरेक भाषाको लिपि विन्यास अर्थात् वर्ण विन्यासका नियमहरु फरक ढङ्गले विकसित हुने गर्दछ ।

## २.३.१.२ वर्ण विन्यासको महत्त्व

वर्ण विन्यास भनेको लेख्य भाषामा प्रयोग हुने शब्दहरुमा वर्णहरुको रखाइ क्रम वा व्यवस्था हो । वर्ण वर्ण मिलेर अक्षर, अक्षर अक्षर मिलेर रूप, रूप रूप मिलेर शब्द/पद, शब्द शब्द वा पद पद मिलेर पदावली तथा पदावली पदावली मिलेर उपवाक्य र वाक्यहरुको निर्माण हुने भएकाले भाषामा वर्णहरुको महत्त्वपूर्ण भूमिका रहनु स्वाभाविक हो । कथ्य भाषामा उपयुक्त वर्णोच्चारण आधारभूत आवश्यकता भए जस्तै लेख्य भाषामा तिनै वर्णहरुको प्रतिनिधित्व गर्ने लिपि विन्यासको आधारभूत आवश्यकता हुन्छ । कुनै पनि भाषाको निर्माणमा आधारभूत भूमिका खेल्ने वर्णहरुको सङ्ख्या सुनिश्चित हुन्छ र तिनैको लिप्यात्मक प्रतिनिधित्व वर्ण विन्यासले गर्दछ ।

वर्णहरुको रखाइक्रम जति व्यवस्थित हुन सक्यो त्यति नै लेख्य भाषा व्यवस्थित हुनुको साथसाथै स्तरीय एवम् समृद्ध पनि हुन्छ । भाषा सम्प्रेषणका हिसाबमा हेर्दा कथ्य जस्तै नलेखिने र लेख्य जस्तो नबोलिने थुप्रै सन्दर्भहरु देखा पर्दछन् । औपचारिक हिसाबले यस्ता अमिल्दा सन्दर्भहरुलाई कम गर्दै लाने कुरामा वर्ण विन्यास अध्ययन धेरै उपयोगी हुन सक्छ । भाषिका र व्यक्तिभाषाको विविधताका कारण देखापर्ने अनेकातालाई हटाई लेखाइमा एक रूपता, स्तरीयत र स्पष्टता ल्याउनका निम्ति पनि वर्ण विन्यासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । वर्ण विन्यासको महत्त्वलाई निम्नलिखित बुँदामा समेट्न सकिन्छ :

- वर्ण विन्यासको शिक्षणबाट वर्णहरुको उपयुक्त रखाइको क्रम बुझ्नुको साथै लेखनकलालाई विवादरहित सुस्पष्ट, मर्यादित, स्तरीय र शुद्ध तुल्याउन सकिन्छ ।
- वर्ण विन्यास शिक्षणपछि बोले जस्तो लेख्न नसकिने र लेखे जस्तै बोल्न नसकिने सन्दर्भहरुको पहिचान गरी त्यसैका आधारमा नियम सङ्गत तरिकाले भाषाको प्रयोग गर्न सकिन्छ ।
- वर्ण विन्यासगत अध्ययनबाट स्थानीय एवम् व्यक्तिभाषाको प्रभावबाट मुक्त भई भाषाको मानक रुप मात्र प्रयोग गर्न सकिन्छ ।
- वर्ण विन्यासको शिक्षणबाट नेपाली उच्चारणमा नभएका तर नेपाली वर्णमालाामा पाइने ञ, ण, श, ष, क्ष, ज्ञ, ऋ, अः जस्ता लिपि चिह्नहरुलाई तत्सम वर्ण विन्यासहरुको नियम अनुरुप प्रयोग गर्न सकिने ज्ञान प्राप्त गर्न सकिन्छ ।
- वर्ण विन्यासगत शिक्षणबाट भाषामा एउटै प्रयोजनका निम्ति एकभन्दा बढी लिपि चिह्नहरु प्रयोगमा ल्याउन सकिन्छ ।
- वर्ण विन्यासको शिक्षणबाट 'घ, म' जस्ता एउटै डिकोमा जोड्न सकिने वर्णहरु र 'ध, भ' जस्ता एउटै डिकोले जोड्न नसकिने वर्णहरुको भेद गरी प्रयोगमा ल्याउन सकिन्छ ।
- वर्ण विन्यासको शिक्षणपछि शिरविन्दु, चन्द्रविन्दु र पञ्चम वर्णहरुको भिन्नता बुझी तत्सम नियम र तद्भव नियम अनुरुप तिनलाई प्रयोगमा ल्याउन सकिन्छ ।
- वर्ण विन्यासको शिक्षणपछि ब र व, व र ओ, य, ए र ये, क्ष र छ्य/छे, क्ष्य, ज्ञ र ग्यँ, ऋ र रि, हलन्त र अजनतको लेख्य प्रयोजन बुझी सोही अनुसार प्रयोग गर्न सकिन्छ ।
- वर्ण विन्यासको अध्ययनपछि रकार (संयुक्त) र ऋकार (मिश्र) को प्रयोग सन्दर्भ बुझी नियमसङ्गत ढङ्गले तिनलाई उपयोगमा ल्याउन सकिन्छ ।

यसरी वर्ण विन्यासले लेखनका विविध गल्ती क्षेत्रका सम्पूर्ण अशुद्धि र अस्पष्टताबाट मुक्त तुल्याई शुद्ध, प्राञ्जल, स्तरीय र प्रस्टसँग लेख्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## २.४ नेपाली वर्ण विन्यासका केही प्रमुख नियमहरु

नेपाली भाषा भारोपेली भाषा परिवारको सतम् वर्ग अन्तर्गतको भारत इरानेली शाखा अन्तर्गत भारतीय आर्य भाषाको प्राचीन रूप संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै विकसित भएको भाषा हो । भाषाको सर्वप्राचीन लिखित रूप वि.सं १०३८ को राजा दामुपालको दुल्लु अभिलेखमा देख्न सकिन्छ । १०३८ बाट लिखित रूप भेटिएको नेपाली भाषालाई व्यवस्थित बनाउने कार्यको आरम्भ भने वि.सं १९६५ तिर राममणि आचार्य दिक्षितको नेतृत्वमा भएको हलन्त बहिस्कार आन्दोलनले पनि नेपाली भाषाको मानकीकरणमा सहयोग पुऱ्याएको देखिन्छ । त्यसैगरी १९६९ मा प्रकाशित चन्द्रिका व्याकरण तथा १९७० मा स्थापित गोरखा भाषा प्रकाशिनी समितिले पनि नेपाली भाषाको मानकीकरणमा जोड दिएको पाइन्छ । विभिन्न समयमा प्रकाशित पाठ्य सामग्रीहरुका अतिरिक्त वि.सं १९९१ मा नेपाली भाषा प्रकाशिनी समितिद्वारा प्रकाशित 'नेपाली कसरी शुद्ध लेख्ने' नामक पुस्तिकाले पनि यस कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यसका साथै वि.सं २०१३ सालको झर्रोवादी आन्दोलनले पनि यस कार्यलाई थप हौसला प्रदान गरेको छ (साभार : सामान्य भाषा विज्ञान) । यस प्रकारका नेपाली भाषाको वर्ण विन्यासको मानकीकरण र स्तरीकरणका लागि भएका प्रयासका आधारमा वर्ण विन्यास सम्बन्धी नियमहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### २.४.१ ह्रस्व दीर्घ सम्बन्धी नियम

**(क) ह्रस्व सम्बन्धी नियम**

१. तद्भव र आगन्तुक शब्दहरुको शब्दादि र शब्दमध्यमा ह्रस्व लेखिन्छ, जस्तैः जहिले, गुनिलो, कुहिरो, खुकुलो, मिलिक्क आदि ।

२. तद्भव र आगन्तुक शब्दका आधार तत्त्वमा नेपाली प्रत्यय लाग्दा प्रत्ययको प्रवृति अनुसार व्युत्पन्न शब्दहरु ह्रस्व लेखिन्छ, जस्तै : रसिलो, कसिलो, रमाइलो, घमाइलो, लेखाउनु, भनाउनु आदि ।

३. क्रियापदको बिचको स्त्रीलिङ्गी र पुलिङ्गी एकाइ ह्रस्व लेखिन्छ, जस्तै : लेख्दिन, खाइन, हेरिन्, पढिन् आदि ।

४. तत्सम शब्दमा तद्भव प्रत्यय लागेमा तिनको इकार र उकार ह्रस्व लेखिन्छ, जस्तै : पूर्व + एली = पुर्वेली, मूर्ख + याइँ = मुर्ख्याइँ आदि ।

५. अनुकरणत्मक शब्दको बिचको इकार र उकार ह्रस्व लेखिन्छ, जस्तै : फिरिरी, सिरिरी, झिलिमिली, गुटुमुटु आदि ।

६. शब्दान्तमा दीर्घ इकारान्त लेखिने शब्दहरुमा प्रत्यय लागेपछि ह्रस्व लेखिन्छ, जस्तै : खुसी + याली = खुसियाली आदि तर पृथक र स्वतन्त्र रूपमा प्रयोग हुने दीर्घ इकारान्त शब्दहरु समास भएपछि पनि यथावत् नै लेखिन्छ, जस्तै : भेडी + गोठ = भडीगोठ, जडीबुटी, हात्तीवन, नालीबेली, बोलीचाली आदि ।

७. पुलिङ्गी इकारान्त उकारान्त नाम ह्रस्व लेखिन्छ, जस्तै : दाइ, ज्वाँइ, बाबु, गोरु आदि ।

८. आइ, याइँ, आउ, आरु, आलु, एलु प्रत्यय लागेर बनेको शब्दहरुको इकार उकार प्रत्यय अनुसार नै ह्रस्व लेखिन्छ, जस्तै : पढाइ, लेखाइ, कमाइ, लमाइ, रोपाइँ, घेराउ, चुनाउ, सिकारु, इखालु, घरेलु आदि ।

९. निर्जीव उकारान्त नाम ह्रस्व लेखिन्छ, जस्तैः आलु, च्याउ, चक्कु आदि ।

१०. समापक छु र हुँ क्रियापदको उकार ह्रस्व लेखिन्छ, जस्तै : म राम्रो छु । म नेपाली हुँ । आदि ।

११. उकारान्त नाम, विशेषण र अव्यय ह्रस्व लेखिन्छ, जस्तै : नाम- भाउ, दाउ, आलु, बिउ, मुगु, साँखु, हेलम्बु, लिखु, बल्खु आदि ।
विशेषण - चालु, उल्लु, दुधाललु, सिकारु, लडाकु, लद्दु आदि ।
अव्यय - सामु, आच्छु, आत्थु, उहु आदि ।

१२. केही अव्यय शब्द र विभक्ति समेतको अन्त्यको इ ह्रस्व लेखिन्छ, जस्तै : अगाडि, पछाडि, वारि, पारि, माथि, मुनि, खेरि, फेरि, लागि, निम्ति, देखि, पनि , कुन्नि, चाँहि आदि ।

१३. परिणाम जनाउने शब्द ह्रस्व लेखिन्छ, जस्तै : कति, यति, उति, त्यति, अलि आदि ।

१४. लघु वा प्रिय अर्थमा आउने उकार ह्रस्व लेखिन्छ, जस्तै : कालु, सानु, रामु, बाबु, नानु, छोटु आदि । ( शैली पुस्तिका, २०७१ प.सं.)

**(ख) दीर्घ सम्बन्धी नियम**

१. सबै स्त्रीलिङ्गी शब्दहरुको अन्त्यमा इकार र उकार दीर्घ लेखिन्छ, जस्तै : केटी, रानी, दिदी, गाई, भाउजू, फुपू, सासू, माइजू आदि ।

२. निर्जीव वस्तु जनाउने इकारान्त शब्दहरु दीर्घ लेखिन्छ, जस्तै : ठेकी, दही, कोदाली, टोपी, मसी, बाली आदि । केही सजीव नामका अन्त्यमा आउने इकार दीर्घ लखिन्छ, जस्तै : जोगी, सम्धी, हात्ती, खसी आदि ।

३. नामबाट बनेका भाववाचक इकारान्त नाम दीर्घ लेखिन्छ, जस्तै : गरिबी, साझेदारी, इमानदारी, मास्टरी, डाक्टरी, खेती आदि ।

४. नदी र स्थानवाचक नाम दीर्घ लेखिन्छ, जस्तै : बाग्मती, नारायणी, महाकाली, सेती, कोसी, भेरी, कास्की, डोटी, इटाली, दिल्ली, जिरी, महोत्तरी आदि ।

५. स्थानवाचक र अन्य विशेषणको अन्त्यको इकार दीर्घ लेखिन्छ, जस्तै : झापाली, पाल्पाली, गुल्मेली, अमेरिकाली, जुम्ली, सुर्खेती, अल्छी, जाती, पाजी, सिल्ली, दामी, असली आदि ।

६. जाति, वर्ग, थर, पेसा, भाषा आदि बुझाउने शब्दको अन्तिम इकार दीर्घ लेखिन्छ, जस्तै : अधिकारी, छेत्री, राई, डकर्मी, धोबी, तेली, पुजारी, नेपाली, बङ्गाली, हिन्दी, अङ्ग्रेजी आदि ।

७. सर्वनाम शब्दको अन्त्यको इकार र उकार दीर्घ लेखिन्छ, जस्तै : तिमी, हामी, उनी, यी, ती, तपाईं, आफू, ऊ आदि ।

८. समापक स्त्रीलिङ्गी क्रियापदको अन्त्यको इकार दीर्घ लेखिन्छ, जस्तैः गई, पढी, हिँडी, बसी, बहिनी घर गई । बहिनीले उपन्यास पढी । आदि ।

९. आज्ञार्थक तथा इच्छार्थक क्रियापदको उकार दीर्घ लेखिन्छ, जस्तै : जाऊ, खाऊ, बसूँ, हेरूँ, देखाऊ, जानू, पढ्नू आदि ।

१०. री/अरी, तरी, ती र ई मा टुङ्गिने क्रियायोगी शब्दहरुको इकार दीर्घ लेखिन्छ, जस्तै : यसरी, उसरी, कसरी, राम्ररी, बरबरी, दनदनी, सरसरती, फनफनती, तरतरी आदि ।

११. पृथक र स्वतनत्र रूपमा प्रयोग हुने दर्घि इकारान्त शब्दहरु समास भएपछि पनि यथावत् लेखिन्छ, जस्तै : भेडी + गोठ = भडीगोठ, जडीबुटी, हात्तीवन, नालीबेली, बोलीचाली आदि ।

१२. आदर जनाउने 'ज्यू' दीर्घ लेखिन्छ, जस्तै : सम्पादकज्यू, मन्त्रीज्यू, डाक्टरज्यू, आदि । (शैली पुस्तिका, २०७१ प.सं.)

**२.४.२ श, ष स को प्रयोग सम्बन्धी नियम**

**(क) श को प्रयोग सम्बन्धी नियम**

१. तत्सम शब्दमा प्रायजसो 'श' को प्रयोग गरिन्छ, जस्तैः गणेश, महेश, विमर्श, श्वास, आक्रोश, शोषक, शृङ्खला आदि ।

२. विसर्ग (:) चिह्न प्रयोग भएको ठाउँमा 'श' को प्रयोग गरिन्छ, जस्तै : अक्षरशः, क्रमशः, प्रायशः आदि ।

३. आगन्तुक शब्दमा 'श' को प्रयोग हुँदैन, जस्तै : सहर, सहिद, स्टेसन, स्टुडियो, पोस्ट, आदि तर तालव्य 'श' लेख्ने गरिएका नाम, थर र पदवीमा भने तालव्य 'श' नै प्रयोग गरिन्छ, जस्तै : जोशी, शाह, कुशवाहा, शेर्पा, शेरबहादुर आदि ।

**(ख) ष को प्रयोग सम्बन्धी नियम**

१. तत्सम शब्दमा ट, ठ, ड, ढ, ण, प को अगाडि 'ष' को प्रयोग गरिन्छ, जस्तै : अष्ट, कनिष्ठ, प्रतिष्ठान, आषाढ, उष्ण, षष्ठी, पृष्ट, नष्ट, पुष्प आदि ।

२. तत्सम शब्दमा 'क' को अगाडि 'ष' को प्रयोग गरिन्छ, जस्तै : परिष्कार, मस्तिष्क, बहिष्कार, निष्कर्ष आदि ।

३. तद्भव र आगन्तुक शब्दमा 'ष' को प्रयोग हुँदैन, जस्तै : सिपाही, साना, सलाम, सिफारिस, एसोसिएसन आदि ।

४. कृष्, पुष्, भाष्, शिष्, शुष् धातुबाट बनेका शब्दमा 'ष' को प्रयोग गरिन्छ, जस्तै : कृषि, आकर्षण, पुष्टि, पोषण, पौष, भाषा, भाषण, शिष्ट, शिष्य, शोषक आदि ( भण्डारी, २०७२) ।

**(ग) स को प्रयोग सम्बन्धी नियम**

१. तद्भव शब्दमा 'स' को प्रयोग गरिन्छ, जस्तै : सय, दस, सेतो, पुस, आकास, एक्कासी आदि ।

२. सबै आगन्तुक शब्दमा 'स' को प्रयोग गरिन्छ, जस्तै : स्टेसन, रासन, सिकार, सहर, बदमास आदि ।

३. स, सु, सत्, सम्, सह, स्व, स्वयम् जोडिएको तत्सम शब्दको अगाडि 'स' को प्रयोग गरिन्छ, जस्तैः सफल, सज्जन, सत्कार्य, सम्मान, सुनील, सुयोग्य, समीक्षा, सहयोग, स्वकर्म, स्वरूप, स्वयम्भू, स्वयंवर आदि ।

४. स्था, स्मृ, स्तु, स्फुट, स्ना आदि धातुबाट बनेको शब्दमा 'स' को प्रयोग गरिन्छ, जस्तै : स्थान, प्रस्थान, स्मृति, स्मारक, स्फूर्ति, स्नान, स्नायु आदि । (शैली पुस्तिका, २०७१ प.सं.)

### २.४.३ ऋ र रि सम्बन्धी नियम

१. तत्सम शब्दहरुमा 'ऋ' को प्रयोग गरिन्छ, जस्तै : ऋषि, ऋषभ, ऋतु, ऋग्वेद, ऋचा, ऋण, ऋष्य आदि ।

२. तद्भव र आगन्तुक शब्मा 'रि' को प्रयोग गरिन्छ, जस्तै : रिन, रिस, रिसाहा, रित्तो, बारी, वारि, रिल, रिबन, रिपोर्ट आदि (लम्साल, २०६९) ।

### २.४.४ क्ष र छ्य/छे प्रयोग सम्बन्धी नियम

१. तत्सम शब्दहरुमा 'क्ष' को प्रयोग गरिन्छ, जस्तै : क्षण, क्षत, क्षमा, अक्ष, अक्षर, नक्षत्र, भिक्षु, दक्ष, पक्ष, रक्षा, रक्षक, आक्षेप, प्रत्यक्ष, शिक्षा, शिक्षण, दीक्षा, प्रतीक्षा आदि ।

२. नेपाली क्रियामा 'छ' को प्रयोग गरिन्छ, जस्तै : छर्नु, छेर्नु, छाप्नु, छान्नु, छिर्नु, छिट्याउनु, छिचोल्नु, छिमल्नु आदि ।

३. तद्भव शब्दहरुमा 'छ' को प्रयोग गरिन्छ, जस्तै : छाया, छेपारो, अछेता, बिछ्यौना, छेस्को, बछेडो, छेरुवा आदि (लम्साल, २०६९) ।

### २.४.५ हलन्त र अजन्त प्रयोग सम्बन्धी नियम

**(क) हलन्त सम्बन्धी नियम**

१. उस्, उफ्, अन्, स्यावास्, झन्, धत् आदि अव्यय शब्द हलन्त लेखिन्छ ।

२. मान्, वान्, वत् प्रत्यय लागेका तत्सम शब्द हलन्त लेखिन्छ, जस्तै : पूर्ववत्, यावत्, भगवान्, आयुष्मान् दण्डवत् आदि ।

३. अन्त्यमा त्, न्, म्, प्र आउने केही शब्द हलन्त लेखिन्छ, जस्तै : ऋक्, ऋग्, दिक्, अहम्, आपत्, जगत्, महत्, भविष्यत्, बृहत् आदि ।

४. अनुकरणात्मक शब्दको सुरुमा र बिचको उच्चारण अनुसार हलन्त लेखिन्छ, जस्तै : च्याट्ट, झ्वाम्म, ट्यारट्यार आदि ।

५. हल् उच्चारण हुने क्रियाको अन्तिम वर्ण हलन्त लेखिन्छ, जस्तै : गर्, भन्, उठिन्, खाऊन् आदि (भण्डारी, २०७२) ।

**(ख) अजन्त सम्बन्धी नियम**

१. नाम, सर्वनाम र विशेषण शब्दको उच्चारण गर्दा अन्त्यमा हलन्त उच्चरित भए पनि अजन्त लेखिन्छ, जस्तै : राम, भात, काम, धान, असल, खराब, इमान आदि ।

२. सङ्क्षिप्त शब्दमा हलन्त उच्चारण भए पनि अजन्त नै लेखिन्छ, जस्तै : एम.ए, एम.एड, बी.एड, बी.एस्सी, एस.एल.सी आदि ।

३. उच्चारण हलन्त हुने आगन्तुक शब्दलाई पनि अजन्त नै लेखिन्छ, जस्तै : रिजल्ट, सिमेन्ट, बल्ब, फिल्ड, फर्म आदि ।

४. प्रत्यय लोगेपछि शब्दमध्यमा परेको आधार अंश पहिले अजन्त लेखिने भए सोही अनुसार अजन्त नै लेखिन्छ, जस्तैः इमानदार , जमिनदार, लेखनदास आदि ।

५. द्वित्व स्थितिका अनुकरणात्मक शब्दमा हलन्त उच्चारण भए पनि अजन्त लेखिन्छ, जस्तै : फरफर, सरसर, फनफन, मिरमिर, खलखल, चमचम, सरसरी आदि ।

६. इच्छार्थक उकारान्त बाहेकका क्रियापदमा उच्चारण अनुसार लेखिन्छ, जस्तै : भन्, भनेस्, आएस्, भनिन्, पढिन्, बसिन् ।
भनिन, गरिन, खाइन, बसिन आदि ।
भन्छ, भन्दिनू, भन्यो, भन्नु आदि (शैली पुस्तिका, २०७१ प.सं.) ।

**२.४.६ चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्ण प्रयोग सम्बन्धी नियम**

**(क) चन्द्रविन्दु प्रयोग सम्बन्धी नियम**

१. नाके बोलीबाट उच्चारण हुने शब्दहरु खासगरी अ, आ, इ, उ आदि स्वर र ती मिलेका व्यञ्जनका टाउकामा चन्द्रविन्दु प्रयोग गरिन्छ, जस्तै : अँजुली, अँध्यारो, आँगन, हाँस, भुँडी आदि ।

२. क्रियाको प्रथम पुरुषका रूपमा पनि चन्द्रविन्दु प्रयोग गरिन्छ, जस्तै : लिएँ, गरुँला, लेखेँ, आउँला आदि ।

३. उहाँ, जहाँ, त्यहाँ, जस्ता अव्यय शब्दमा पनि चन्द्रविन्दुको प्रयोग गरिन्छ ।

४. तद्भव र आगन्तुक शब्दमा आउने अनुनासिक स्वरलाई उच्चारण अनुसार नै चन्द्रविन्दु लेखिन्छ, जस्तै : काँठ, आँप, उँभो, सँग, काठमाडौँ, हुँदा, दसैँ, नवौँ, पाँचौँ आदि ।

(ख) **शिरविन्दु प्रयोग सम्बन्धी नियम**

१. य, र, ल, व, श, ब, स, ह का अघि अनुनासिक उच्चारण भएमा शिरविन्दु प्रयोग गरिन्छ, जस्तैः संवाद, संयम, संरचना, संरक्षण, संलग्न, संवत्, वंश, संसार, हंस, अंश, संहार आदि (शैली पुस्तिका, २०७१ प.सं.) ।

(ग) **पञ्चमवर्णको प्रयोग सम्बन्धी नियम**

पाँचौं वर्ण प्रयोग हुने स्थितिलाई पञ्चमवर्ण भनिन्छ । पञ्चमवर्णको प्रयोग विशेषतः तत्सम शब्दहरुमा भएको पाइन्छ । यसको प्रयोग निम्नानुसार गर्न सकिन्छ :

१. 'क' वर्गभन्दा अगाडि 'ङ्' वर्णको प्रयोग गरिन्छ, जस्तै : शङ्का, अलङ्कार, गङ्गा, अङ्ग, सङ्गठन, सङ्घ, आदि ।

२. 'च' वर्गभन्दा अगाडि 'ञ्' वर्णको प्रयोग गरिन्छ, जस्तै : सञ्चय, चञ्चल, लाञ्छना, वाञ्छा, सञ्जाल, पुञ्ज आदि ।

३. 'ट' वर्गभन्दा अगाडि 'ण्' वर्णको प्रयोग गरिन्छ, जस्तै : कण्टक, घण्टा, कण्ठ, खण्ड, पिण्ड, गण्डकी, मृदण्ड, दण्ड आदि ।

४. 'त' वर्गभन्दा अगाडि 'न्' वर्णको प्रयोग गरिन्छ, जस्तै : सन्ताप, देहान्त, अन्तिम, तन्तु, सन्देश, आनन्द, आन्दोलन, मन्द, प्रबन्ध, सन्ध्या, निबन्ध, उन्नति आदि ।
'प' वर्गभन्दा अगाडि 'म्' वर्णको प्रयोग गरिन्छ, जस्तै : सम्पर्क, सम्पादन, सम्प्रदाय, सम्बन्ध, सम्भव, सम्भोग, सम्मेलन, सम्मुख आदि (शैली पुस्तिका, २०७१ प.सं.) ।

### २.४.७ पदयोग र पद वियोग सम्बन्धी नियम

(क) **पदयोग सम्बन्धी नियम**

१. विभक्ति र वचनबोधक प्रत्यय पदयोग गरी लेखिन्छ, जस्तै : रामसँग, घरसम्म, बाटामुनि, घरतिर, पूर्वपट्टि, सुन्तलाबाहेक, पानसमेत, भनेबमोजिम आदि ।

२. कुनै दुई शब्दका बिच समास भएर बनेका दुई दुई लिपि चिह्नमा लेखिने शब्दहरुलाई पदयोग गरी लेखिन्छ, जस्तै : दालभात, धनमाल, घरबारी, खानाखर्च, आमाबाबु, खेलकुद आदि ।

३. आधार तत्त्वसँग समस्त हुँदा बद्ध प्रकृतिका अथवा प्रत्ययवत् भई आएका शब्दको अंश पदयोग गरी लेखिन्छ, जस्तै : नाटककार, इतिहासकार, श्रममूलक, आत्मपरक, बलपूर्वक, नामकरण, प्रश्नवाची, शीर्षस्थ आदि ।

**(ख) पद वियोग सम्बन्धी नियम**

१. विभक्तिपछि आउने नामयोगीलाइ पद वियोग गरी लेखिन्छ, जस्तै : रामका लागि, घरदेखि माथि, भाइको समेत, त्यसको भन्दा आदि ।

२. शब्दान्तमा बद्ध अक्षर भएका (व्यञ्जनान्त) दुईभन्दा बढी लिपि चिह्नमा लेखिने तथा दुई वा दुईभन्दा बढी अक्षर (सिलेबल) मा उच्चरित हुने समस्त शब्दहरुलाई पद वियोग लेखिन्छ, जस्तैः नेपाल सरकार, नगर विकास, सडक सुधार, समाज सेवा, मानव धर्म, अध्ययन प्रतिवेदन, मौरी पालन, शिक्षा विभाग आदि ।

३. सार्थक द्वित्व शब्दलाई पद वियोग गरी लेखिन्छ, जस्तै : जो जो, को को, जुन जुन, कुन कुन, जति जति, के कस्तो, वन वन, राम्रो राम्रो, बस्यो बस्यो आदि ।

४. संयुक्त क्रियामा आउने निम्न लिखित कृदन्त अंशलाई पद वियोग लेखिन्छ, जस्तै : पढ्नु छ, देखाउनु छ, सुनाउनु थियो, पढ्ने छ, जाने छ, बताउने थियो, सुनेको छ, भनेको थियो, हिँड्दै छ, आउँदै थियो आदि ।
यस्तै नामिक क्रियासँग आउने नाम अलग डिकोमा लेखिन्छ, जस्तै : मन पर्नु, देखा पर्नु, हाम फाल्नु, उजुर गर्नु आदि ।

५. रीति जनाउने इकारान्त क्रियालाई अगिल्लो शब्दसँग पद वियोग गरी लेखिन्छ, जस्तै : ढिलो गरी, सजिलो गरी, सुनिने गरी, देखिने गरी आदि ।

६. विशेषण र विशेष्य (नाम) ढाँचाका शब्दलाई पद वियोग लेखिन्छ, जस्तै : निम्न माध्यमिक, निम्न लिखित, शुभ दिन, शुभ कामना, उच्च शिक्षा, भित्ते पात्रो आदि ।

७. निपातहरु पद वियोग गरी लेखिन्छ, जस्तै : म त, राम नै, बहिनी पो, हरि झैँ । राजु चाहिँ मसँग रिसायो । ऊ कहिले जान्छ खै ? यति पाठ पढ ल आदि ।

८. जना, ओटा जस्ता कोटिकर शब्दलाई पद वियोग लेखिन्छ, जस्तै : पाँच जना केटा, चार ओटा गाई, सात भाइ छोरा आदि ।

९. विभाजक न लाई पद वियोग लेखिन्छ, जस्तै : न राम न श्याम आयो आदि ।

१०. जस्तो, जस्तै, जत्रो, जसरी, झैँ, सरि आदि तुलनाबोधक शब्दका अगाडि आउने नाम, सर्वनाम आदिसँग पद वियोग गरी लेखिन्छ, जस्तै : रामे जस्तो, हिमालय जत्रो, हामी जस्तै, देखाए जसरी, राधा झैँ राम्री, बाँस झैँ लामो, गाई सरि साधु आदि ।

११. व्यक्ति, जाति, स्थान आदि शीर्ष नामको परिचय जनाउने शब्दलाई पद वियोग लेखिन्छ, जस्तै : कास्की जिल्ला, रारा ताल, कोसी नदी, नारी समाज, शिक्षक वर्ग आदि ।

१२. दुईभन्दा बढी शब्दबाट बनेका समस्त शब्दलाई पद वियोग गरी लेखिन्छ, जस्तै : दाल, भात, तरकारी; तन, मन, धन; लोक सेवा आयोग, मानव अधिकार आयोग आदि (शैली पुस्तिका, २०७१ प.सं.) ।

**२.४.८ लेख्य चिह्न प्रयोग सम्बन्धी नियम**

भाषाको लेखाइका सन्दर्भमा वाक्यका साथै वाक्यभित्रका पद, पदावली, उपवाक्य आदिले व्यक्त गर्ने धारणामा अस्पष्टा नहोस् भन्नाका लागि आवश्यकता अनुसार प्रयोग गरिने चिह्नलाई लेख्य चिह्न भनिन्छ । यिनको सही प्रयोगले भाषालाई सरल, सहज र स्पष्ट एवम् सुबोध बनाउन मद्दत मिल्छ । नेपाली भाषाको लेखाइमा प्रयोग गरिने केही मुख्य लेख्य चिह्न तथा विराम चिह्नको प्रयोगलाई तल प्रस्तुत गर्न सकिन्छ :

**(क) पूर्ण विराम** ( । )

सामान्यार्थक, विध्यर्थक र अनिश्चयार्थक वाक्यको अन्त्यमा पूर्ण विराम (।) चिह्नको प्रयोग हुन्छ, जस्तै :

सरोज घर गयो ।

तिमी भात खाएर स्कुल जाऊ । भोलि घाम लाग्ला ।

नेपाली भाषाको संरक्षण गर्ने दायित्व हामी सबैको हो ।

पूर्ण विराम सरल, संयुक्त र मिश्र तिनै प्रकारका वाक्यमा प्रयोग हुन्छ । प्रश्नार्थक र विश्मयादि बोधक वाक्यमा भने हुँदैन ।

**(ख) अल्प विराम** ( , )

छोटो समयको विश्राम जनाउने चिह्न अल्प विराम हो । यदि कुनै वाक्यमा एउटा गुण, जात, विशेषता आदि भएका शब्द वा पदहरु छन् भने त्यस्ता पद, वाक्यांश वा खण्ड

वाक्यहरुलाई छुट्याउँदा वा सम्बोधनमा छोटो अडानको निम्ति यो चिह्नको प्रयोग गरिन्छ, जस्तै :

राम, श्याम, रवि, रमा र सरिता पोखरा गए ।

मोहन अत्यन्त विचारशील, गम्भीर, सक्षम र कुशल प्रशासक हुन् ।

सन्तोष भात खायो, लुगा लगायो र किताब बोकेर विद्यालय गयो आदि ।

**(ग) अर्ध विराम** ( ; )

अल्प विरामभन्दा बढी र पूर्ण विरामभन्दा कम विश्राम हुँदा अर्ध विराम चिह्नको प्रयोग गरिन्छ, जस्तै :

मानवता नैतिकताको नाम हो; बहादुरीको नाम हो र विश्वासको नाम हो ।

राम्ररी पढूँ; धन कमाऊँ; सुखी बनूँ; सबैका साझा इच्छा हुन्  आदि ।

**(घ) निर्देश चिह्न** ( : )

कुनै विषयको निश्चित सूचना दिँदा निर्देश चिह्न प्रयोग गरिन्छ, जस्तै :

नेपालका तिन प्रमुख नदी हुन् : गण्डकी, कोसी र कर्णाली ।

तलका कुनै एक विषयमा निबन्ध लेख :

(क) हिमाल (ख) दसैँ

यसलाई अपूर्ण विराम र सापेक्ष विराम पनि भनिन्छ ।

**(ङ) प्रश्नवाचक चिह्न** ( ? )

कसैको कुनै भनाइमा के, कसरी, किन, कहाँ, कहिले, कसले जस्ता शब्दको प्रयोग गरिएको छ भने त्यस वाक्यको पुच्छारमा प्रश्नवाचक चिह्नको प्रयोग गरिन्छ, जस्तै :

तिम्रो नाम के हो ?

नवीन कहिले आउँछ ? आदि ।

**(च) विस्मय सूचक चिह्न** ( ! )

मनको भाव (आश्चर्य, हर्ष, घृणा, शोक, भय आदि) प्रकट गर्दा र सम्बोधनमा विश्मयादि बोधक चिह्नको प्रयोग गरिन्छ, जस्तैः

आहा ! क्या राम्रो घर रहेछ  !

छि ! कस्तो फोहोरी !

कठै ! विजोग भएछ !

वाक्यको पछाडि विस्मय सूचक चिह्न राख्दा भने वाक्य नै विस्मय सूचक हुन्छ, जस्तै :

ऊ पास भएछ र ! (शैली पुस्तिका, २०७१ प.सं.) ।

**(छ) उद्धरण चिह्न** ( " "/ ' ' )

कसैको भनाइलाई जस्ताको त्यस्तै प्रस्तुत गर्दा दोहोरो (" ") उद्धरण चिह्नको प्रयोग गरिन्छ भने कुनै ग्रन्थ, पुस्तक, पुरस्कार, पदवी आदिलाई उल्लेख गर्दा एकोहोरो उद्धरण (' ') चिह्नको प्रयोग गरिन्छ, जस्तै :

१. देवकोटाले भनेका छन्, "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।"

२. देवकोटाको उत्कृष्ट कृति 'मुना मदन' हो ।

# अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

### ३.१अध्ययन विधि

अनुसन्धान कार्य एक जटिल प्रक्रिया हो । पौडेल (२०६७ : २५२) का अनुसार शोधकार्य कार्यान्वयनको दोस्रो चरणमा गरिने सामग्री वा तथ्याङ्क सङ्कलन विधि र व्याख्या, विश्लेषणका सैद्धान्तिक आधार तथा प्रक्रिया सम्बन्धी विधि, प्रविधिहरुको समष्टिगत नाम नै 'शोधविधि' हो । कुनै पनि अनुसन्धान खास विधिमा केन्द्रित हुने हुँदा प्रस्तुत अध्ययनको प्रमुख पक्ष वर्ण विन्यास रहेकाले यो शोध स्थलगत अध्ययन विधिमा आधारित रहेको छ ।

### ३.२ जनसङ्ख्या र नमुना छनोट

जनसङ्ख्या भन्नाले निश्चित क्षेत्रमा बसोबास गर्ने समग्र मानवको सङ्ख्यालाई बुझाउँछ । प्रस्तुत अध्ययनमा शैक्षिक सत्र २०७२/०७३ मा महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत सम्पूर्ण मैथिली मातृभाषी विद्यार्थीहरूलाई लक्षित जनसङ्ख्याको रूपमा लिइएको छ । हुन त नेपाल अधिराज्यभरका कक्षा सातमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरु यस अध्ययनसँग सम्बन्धित जनसङ्ख्या भए तापनि प्रस्तुत शोधपत्र तयार पार्न महोत्तरी जिल्लाभित्रका चार ओटा सामुदायिक र चारओटा संस्थागत गरी आठ ओटा विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई जनसङ्ख्याको रूपमा लिइएको छ । उक्त विद्यालयहरुमा गा.वि.स. र नगरपालिका अन्तर्गतका सामुदायिकतर्फ श्री जनता उ.मा.वि. डाँडाटोल विजलपुरा, श्री राष्ट्रिय उ.मा.वि. पशुपतिनाथ बनरझुल्ला, श्री दुर्गा मा.वि. पथलैया बजार पशुपति नगर, श्री जन जागृत मा.वि. कृष्णपुर बर्दिबास र संस्थागततर्फ नोबल पब्लिक एकेडेमी बिजलपुरा, बिजलपुरा पब्लिक एकेडेमी बिजलपुरा, पशुपति चिल्ड्रेन ग्लोरी इ.बो.स्कुल पशुपति नगर तथा न्यू स्टार आइडिएल इ.बो.स्कुल प्रेमनगर बर्दिबासलाई जनसङ्ख्या पहिचानको लक्षित विद्यालय बनाइएको छ ।

प्रस्तुत अध्ययनका लागि प्रत्येक विद्यालयबाट सम्पूर्ण मैथिली मातृभाषी विद्यार्थीहरुको प्रतिनिधित्व हुने गरी छात्र पाँच र छात्रा पाँच गरी जम्मा दश जना विद्यार्थीहरू पर्ने गरी सामुदायिक विद्यालयबाट ४० जना र संस्थागत विद्यालयबाट ४० जना गरी आठ विद्यालयबाट जम्मा ८० जना विद्यार्थीहरु नमुना छनोट गरिएको छ ।

### ३.३ तथ्य सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनको प्रमुख अध्ययनीय पक्ष वर्ण विन्यासगत अध्ययन रहेकाले स्थलगत विधि अपनाई तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनमा तथ्य सङ्कलनका लागि निर्धारित क्षेत्रमा पुगेर सम्बन्धित विद्यालय प्रशासन, शिक्षक, पुस्तकसँग सम्पर्क गरिएको छ । सम्बन्धित व्यक्ति र शिक्षक प्रशासकको सहयोगबाट प्रयोजनपरक ढङ्गबाट नमूना छनोट गरिएको छ । यस क्रममा तथ्य सङ्कलनका लागि प्रश्नावली तयार गरिएको छ, जसमा वर्ण विन्याससँग सम्बन्धी ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, पदयोग पद वियोग, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, हलन्त अजन्त तथा लेख्य चिह्न जस्ता क्षेत्रबाट प्रश्नहरु तयार गरिएको छ । यसमा कक्षा सातको पाठ्यपुस्तकबाट विभिन्न खालका प्रश्नहरु शुद्ध शब्दमा गोलो घेरा लगाउने प्रश्न, खाली ठाउँ भर्ने, ठिक बेठिक छुट्याउने, शब्द निर्माण गर्ने र शुद्ध लेखन गर्ने जस्ता प्रश्नहरुको प्रयोग गरी विद्यार्थीहरुको परीक्षा लिइएको छ । यसका साथै मेरो जीवनको लक्ष्य र दसैँ यी दुई ओटा शीर्षकमा स्वतन्त्र अनुच्छेद लेखन गराइएको छ । यसरी तयार गरिएका साधनहरु नमूना छनोटमा परेका विद्यार्थीमा उपयोग गरी तथ्य सङ्कलन गरिएको छ ।

### ३.४ व्याख्या विश्लेषण

कुनै पनि शोधका लागि सामग्री सङ्कलन गरेर मात्र पुग्दैन । त्यस्ता सामग्रीको व्याख्या विश्लेषण गर्नु पनि आवश्यक देखिन्छ । सामग्री विश्लेषण गर्दा सतही विश्लेषण मात्र नगरी सूक्ष्माति सूक्ष्म विश्लेषण गर्नु पर्दछ । प्रस्तुत अध्ययनको व्याख्या विश्लेषण प्रक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

प्रस्तुत अध्ययनमा प्राप्त तथ्यको व्याख्या विश्लेषणका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजाका आधारमा सम्पूर्ण विद्यार्थीको सही र गलत सङ्ख्याको प्रतिशत निकालिएको छ । प्रत्येक विद्यार्थीको उत्तर पुस्तिका परीक्षण उत्तर कुञ्जिकाको आधारमा वस्तुनिष्ठ तरिकाले गरिएको छ । विद्यार्थीको हरेक सही उत्तरमा १ अङ्क र गलत उत्तरमा कुनै पनि अङ्क प्रदान गरिएको छैन र सबै सही उत्तरहरुको गणना गरी उत्तर पुस्तिकाको सिरानमा कुलयोग अङ्कित गरिएको छ । उत्तर पुस्तिका परीक्षण गर्दा

विद्यार्थीहरुले विभिन्न क्षेत्रमा गरेका त्रुटिहरु टिपोट गरिएको छ । टिपोट गरिएका त्रुटिहरुको सही पहिचान गरी वर्गीकरण गरिएको छ ।

वर्गीकृत त्रुटिहरुलाई व्यवस्थित तरिकाले तालिकीकरण गरी औषत अङ्क निकालिएको छ र सोही तालिकाबाट विद्यार्थीहरुको वर्ण विन्यासगत क्षमता पत्ता लगाइएको छ । परीक्षणका लागि दिइएका प्रश्नहरुबाट सामुदायिक र संस्थागत तथा छात्र र छात्राहरु मध्ये कुन पक्षका विद्यार्थीहरुको वर्ण विन्यासगत क्षमता सबल र दुर्बल रहेछ भन्ने थाहा पाउन पनि तालिकीकरण गरिएका त्रुटिहरुबाट तुलनात्मक अध्ययन गरी क्षमता पहिल्याई व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय चार

## मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यासको विश्लेषण

भाषा विचार विनिमयका माध्यम हो । लेख्य र कथ्य गरी भाषाका दुई रूप रहेका छन् । वर्णहरु वा अक्षरहरुबाट नै भाषाको लेख्य रूप निर्माण हुने गर्दछ । वर्णहरुको शुद्ध र व्यवस्थित रखाइको क्रम नै वर्ण विन्यास हो । भाषाको लेख्य रूप नै अशुद्ध भयो भने कथ्य रूप स्वतः अशुद्ध हुन जान्छ, यस्तो किसिमको त्रुटि हुनुको कारण नेपाली भाषामा उच्चारण अनुसार लेखन नहुनु र लेखन अनुसार उच्चारण नहुनु नै हो । नेपाली भाषा शिक्षण तथा सिकाइका सन्दर्भमा विद्यार्थीहरुले वर्ण विन्यास सम्बन्धी खासगरी त्यस्ता ठाउँमा बढी त्रुटि गर्ने गर्छ, जहाँ भाषाको कथ्य रूपलाई लेख्य रूपमा व्यक्त गर्दा भिन्नता हुन्छ । अझ मैथिली मातृभाषी विद्यार्थीहरुका लागि त नेपाली भाषाको कथ्य र लेख्य दुबै रूप फरक पर्ने देखिन्छ । यसर्थ भाषाको मौखिक रूपलाई लिखित रूपमा अर्थात् लिपिगत रूपमा व्यक्त गर्दा वर्ण विन्यासगत त्रुटिहरु भएको देखिन्छ । महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यासगत क्षमता हेर्न विन्यासका विभिन्न क्षेत्रहरु जस्तैः ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, पदयोग पद वियोग, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, हलन्त अजन्त तथा लेख्य चिह्न सम्बन्धी विश्लेषण गरिएको छ । यसका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजाका आधारमा सम्पूर्ण विद्यार्थीको सही र गलत सङ्ख्याको प्रतिशत निकालिएको छ । उक्त सङ्ख्या र प्रतिशतलाई व्यवस्थित तरिकाले तालिकीकरण गरी औषत निकालिएको छ र सोही तालिकाबाट विद्यार्थीहरुको वर्ण विन्यासगत क्षमता पत्ता लगाई विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययन वर्ण विन्यास अन्तर्गत ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, पदयोग पद वियोग, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, हलन्त अजन्त तथा लेख्य चिह्न जस्ता पक्षको विश्लेषणमा केन्द्रित छ ।

### ४.१ ह्रस्वदीर्घको प्रयोग

ह्रस्व र दीर्घ भन्नाले लेख्य भाषामा प्रयोग गरिने मात्रा बायाँ (इ, उ, ि र ु ) दायाँ ( ई, ऊ, ी र ू ) हुन् । भाषा लेखनका क्रममा विद्यार्थीहरुले यस सम्बन्धी शब्दको आदि,

मध्य र अन्त्य जुनसुकै ठाउँमा पनि त्रुटि गरिरहेका हुन्छन् । कक्षा सातका विद्यार्थीहरुको ह्रस्व र दीर्घ प्रयोग सम्बन्धी क्षमतालाई तल उल्लेख गरिएको छ :

### (क) ह्रस्वको प्रयोग

कक्षा सातमा अध्ययनरतविद्यार्थीहरुको ह्रस्व प्रयोग सम्बन्धी क्षमताको स्थिति तलको तालिकामा देखाइएको छ :

**तालिका १**

**ह्रस्व प्रयोगको स्थिति**

| जम्मा विद्यार्थी संख्या ८० | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शब्दादि | ६८ | ८५ | १२ | १५ |
| शब्दमध्य | ४८ | ६० | ३२ | ४० |
| शब्दान्त | ३९ | ४८.७५ | ४१ | ५१.२५ |
| औषत | | ६४.५८ | | ३५.४२ |

माथिको तथ्याङ्क अनुसार विद्यार्थीहरुको ह्रस्व प्रयोगको स्थितिलाई हेर्दा शब्दादिमा ह्रस्व प्रयोग गरी शुद्ध लेख्ने ८५ प्रतिशत र दीर्घ बनाई त्रुटिपूर्ण लेख्ने १५ प्रतिशत रहेको पाइन्छ भने शब्दमध्यमा शुद्ध लेख्ने ६० प्रतिशत र त्रुटिपूर्ण लेख्ने ४० प्रतिशत रहेको पाइन्छ । त्यसैगरी शब्दान्तमा ह्रस्व प्रयोग गरी शुद्ध गर्ने विद्यार्थीहरु ४८.७५ प्रतिशत र दीर्घ बनाएर त्रुटि गर्ने ५१.४२ प्रतिशत रहेको देखिन्छ । समग्रमा ह्रस्व प्रयोग सम्बन्धी शुद्ध लेख्ने विद्यार्थीहरु औषत ६४.५८ प्रतिशत रहेको देखिन्छ भने त्रुटिपूर्ण लेख्ने औषत ३५.४२ प्रतिशत रहेको देखिन्छ ।

प्रस्तुत अनुसन्धानका क्रममा शब्दादि सम्बन्धी परीक्षणका लागि प्रयोग गरिएका शब्दहरुमा विद्यार्थीहरुले फरक फरक त्रुटिहरु गरेका पाइन्छन्, जस्तै : **क्रिया** शब्दलाई क्रीया, कृया,**निकुञ्ज** शब्दलाई नीकुञ्ज, **सित**लाई सीत, शीत आदि । त्यसैगरी शब्दमध्यमा **पारिवारिक** शब्दलाई पारिवारीक, वारीवारीक, **नजिकै** शब्दलाई नजीकै आदि । त्यसैगरी

शब्दान्तमा **रुचि** शब्दलाई रुची, **लागि**लाई लागी, **अगाडि**लाई अगाडी लेखेर त्रुटि गरिएको पाइन्छ ।

(ख) **दीर्घको प्रयोग**

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको दीर्घ प्रयोग सम्बन्धी क्षमताको स्थितिलाई निम्न तालिकामा देखाइएको छ :

**तालिका २**

**दीर्घ प्रयोगको स्थिति**

| जम्मा वि.सं.८० | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शब्दादि | ४८ | ६० | ३२ | ४० |
| शब्दमध्य | २२ | २७.५ | ५८ | ७२.५ |
| शब्दान्त | ६२ | ७७.५ | १८ | २२.५ |
| औषत | | ५५ | | ४५ |

प्रस्तुत तालिकामा विद्यार्थीहरुको दीर्घ प्रयोगको स्थितिलाई हेर्दा शब्दादिमा दीर्घ प्रयोग गरी शुद्ध गर्ने विद्यार्थीहरु ६० प्रतिशत र ह्रस्व बनाई त्रुटि गर्ने विद्यार्थीहरु ४० प्रतिशत रहेको देखिन्छ भने शब्दमध्यमा दीर्घ प्रयोग गरी शुद्ध गर्ने विद्यार्थीहरु २७.५ प्रतिशत र त्रुटि गर्ने ७२.५ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी शब्दान्तमा शुद्ध लेखन गर्ने विद्यार्थीहरु ७७.५ प्रतिशत र त्रुटि गर्ने २२.५ प्रतिशत रहेको देखिन्छ । औषत रूपमा दीर्घ प्रयोग गरी शुद्ध लेख्ने विद्यार्थीहरु ५५ प्रतिशत र त्रुटिपूर्ण लेख्ने औषत विद्यार्थीहरु ४५ प्रतिशत रहेको देखिन्छ ।

प्रस्तुत अनुसन्धानका क्रममा शब्दादि सम्बन्धी परीक्षणका लागि प्रयोग गरिएका शब्दहरुमा विद्यार्थीहरुले भिन्न भिन्न त्रुटिहरु गरेका पाइन्छन्, जस्तै : **जीवनी** शब्दलाई जिवनी, जिवनि, **जीवन** शब्दलाई जिवन आदि । त्यसैगरी शब्दमध्यमा **क्रियाशील** शब्दलाई क्रियासिल, क्रीयाशील, **समूह** शब्दलाई समुह आदि । त्यसैगरी शब्दान्तमा **लाई** शब्दलाई लाइ, **लागि**लाई लागी, अगाडी, जीवनि आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

## ४.२ श, ष, स को प्रयोग

नेपाली भाषाका कथ्य रूपमा तालव्य, मुर्धन्य र दन्त्य 'स' मा कुनै अन्तर नरहे पनि लेख्य रूपमा भने प्रत्येक श, ष र स वर्णको प्रयोग भिन्न भिन्न रहेको पाइन्छ । यसर्थः विद्यार्थीहरुको श, ष र स वर्णको प्रयोग सम्बन्धी क्षमतालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३**

**श, ष, स वर्ण प्रयोगको स्थिति**

| कुल वि.सं.८० | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
|---|---|---|---|---|
| त्रुटि क्षेत्र | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| श को प्रयोग | २९ | ३६.२५ | ५१ | ६३.७५ |
| ष को प्रयोग | ४८ | ६० | ३२ | ४० |
| स को प्रयोग | ५४ | ६७.५ | २६ | ३२.५ |
| औषत | | ५४.५८ | | ४५.४२ |

माथि उल्लिखित तालिका अनुसार श, ष र स वर्णको प्रयोग सम्बन्धी त्रुटि हेर्दा श वर्णको शुद्ध प्रयोग गर्ने विद्यार्थीहरु ३६.२५ प्रतिशत र त्रुटि गर्ने ६३.७५ प्रतिशत रहेको देखिन्छ भने ष वर्णको शुद्ध प्रयोग गर्ने ६० प्रतिशत र त्रुटि गर्ने ४०प्रतिशत रहेको देखिन्छ ।त्यसैगरी स वर्णमा शुद्ध लेख्ने ६७.५ प्रतिशत र त्रुटि गर्ने ३२.५ प्रतिशत रहेको देखिन्छ । समग्रमा श, ष र स वर्णको शुद्ध प्रयोगगर्ने औषत विद्यार्थीहरु ५४.५८ प्रतिशत रहेको पाइन्छ भने त्रुटिपूर्ण लेखन गर्ने विद्यार्थीहरु ४५.४२ प्रतिशत रहकोपाइन्छ ।

अनुसन्धानका क्रममा प्रयोग गरिएका श, ष र स सम्बन्धी शब्दहरुको प्रयोगमा विद्यार्थीहरुले गरेका त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **शोषण** शब्दलाई सोषण र शोसण, **अनुशासन**लाई अनुसाशन, **सोभ्का** शब्दलाई शोभ्का र षोभ्का, **सङ्घर्ष**लाई शङ्घर्ष र षङ्घर्ष, **दसैं**लाई दशैं, **घाँसे**लाई घाँषे आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

## ४.३ ऋ र रि वर्णको प्रयोग

नेपाली भाषाको कथ्य रूपमा ऋ र रि वर्णको उच्चारणमा कुनै भिन्नता नभए तापनि लेख्य रूपमा भने यसको प्रयोग भिन्न भिन्न हुने गर्दछ । विद्यार्थीहरुले उच्चारण

जस्तै ऋ वर्णको प्रयोग हुने ठाउँमा पनि रि वा री वर्णको प्रयोग गरेको तथा रि वर्णको प्रयोग हुने ठाउँमा ऋ वर्णको प्रयोग गरेको भेटिन्छ । महोत्तरी जिल्लाकाकक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको ऋर रि वर्णको प्रयोग सम्बन्धी क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

**तालिका ४**

**ऋ र रि वर्ण प्रयोगको स्थिति**

| कुल वि.सं. ८० | **शुद्ध लेखन** | | **त्रुटिपूर्ण लेखन** | |
|---|---|---|---|---|
| **त्रुटि क्षेत्र** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| **ऋ को प्रयोग** | ३२ | ४० | ४८ | ६० |
| **रि को प्रयोग** | ५४ | ६७.५ | २६ | ३२.५ |
| **औषत** | | ५३.७५ | | ४६.२५ |

माथिको तालिकामा ऋ र रि वर्ण प्रयोगको स्थिति हेर्दा ऋ वर्णको शुद्ध लेखन गर्नेविद्यार्थीहरु ४० प्रतिशत र त्रुटि गर्ने ६० प्रतिशत रहेको देखिन्छ भने रि वर्णको शुद्ध लेखन गर्ने विद्यार्थीहरु ६७.५ प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने ३२.५प्रतिशत विद्यार्थीले गरेको पाइन्छ । समग्रमा ऋ र रि वर्णको शुद्ध प्रयोग गर्ने औषत विद्यार्थीहरु ५३.७५ प्रतिशत रहेको पाइन्छ भने ४६.२५ प्रतिशत विद्यार्थीहरुले त्रुटिपूर्ण लेखन गरेको पाइन्छ ।

प्रस्तुत अध्ययनका क्रममा प्रयोग गरिएका ऋ र रि सम्बन्धी शब्दहरुमा विद्यार्थीहरुले गरेका त्रुटिहरु निम्नानुसार रहेका पाइन्छन्, जस्तै :**ऋषि** शब्दलाई ऋषी र रिषि, **शृङ्खला** शब्दलाई शिरिङ्खला, सिरिङखला र श्रृंखला **रिस**लाई ऋष र रिष, **कृषि**लाई कृषी, **वृष्टि**लाई वृष्टी लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ४.४ क्ष-छ्य/छे प्रयोग

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले क्ष वर्णको प्रयोग हुने स्थानमा छ्य/छे वर्ण र छे वर्णको प्रयोग हुने स्थानमा क्ष वर्णको प्रयोग गरेको पाइन्छ । उक्त विद्यार्थीहरुको क्ष र छ्य/छे वर्ण प्रयोगको स्थितिलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका ५**

**क्ष, छ्य/छे वर्ण प्रयोगको स्थिति**

| कुल वि.सं. ८० | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
|---|---|---|---|---|
| त्रुटि क्षेत्र | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क्ष को प्रयोग | ४९ | ६१.२५ | ३१ | ३८.७५ |
| छे को प्रयोग | ५३ | ६६.२५ | २७ | ३३.७५ |
| औषत | | ६३.७५ | | ३६.२५ |

उल्लिखित तालिकामा क्ष र छे वर्ण प्रयोगको स्थितिलाई हेर्दा क्ष वर्णमा शुद्ध लेख्ने विद्यार्थीहरु ६१.२५ प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने ३८.७५ प्रतिशत रहेको पाइन्छ भने रि वर्णको शुद्ध लेखन गर्ने ६६.२५ प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने विद्यार्थीहरु३३.७५ प्रतिशत रहेको देखिन्छ । समग्रमा क्ष र छे वर्णको शुद्ध लेखन गर्ने औषत विद्यार्थीहरु ६३.७५ प्रतिशत रहेको पाइन्छ भने त्रुटिपूर्ण लेखन गर्ने औषत ३६.२५ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनका लागि प्रयोग गरिएका क्ष र छे सम्बन्धी शब्दहरुमा उक्त विद्यार्थीहरुले गरेका त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **अध्यक्ष** शब्दलाई अध्यछ्य र अध्यछे, **आक्षेप** शब्दलाई आक्षेप, **क्षेत्र** शब्दलाई छेत्र, **इच्छा** शब्दलाई इच्क्षा र इच्छ्या, **पक्ष**शब्दलाई पछ्य आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ४.५ हलन्त र अजन्तको प्रयोग

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले अजन्त लेख्नु पर्ने स्थानमा हलन्त र हलन्तको स्थानमा अजन्त लेखेको पाइन्छ । यस सम्बन्धी विद्यार्थीहरुको क्षमतालाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

**तालिका ६**

**हलन्त प्रयोगको स्थिति**

| कुल वि.सं. ८० | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
|---|---|---|---|---|
| त्रुटि क्षेत्र | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **हलन्तको प्रयोग** | ३३ | ४१.२५ | ४७ | ५८.७५ |

माथिको तालिका अनुसार हलन्तको सही स्थानमा प्रयोग गरी शुद्ध लेखन गर्ने औषत ४१.२५ प्रतिशत विद्यार्थीहरु रहेको पाइन्छ भने औषत ५८.७५ प्रतिशत विद्यार्थीहरुले त्रुटि गरेको पाइन्छ । यसरी हेर्दा हलन्तको प्रयोग सम्बन्धी विद्यार्थीहरु स्थिति कमजोर रहेको देखिन्छ अर्थात् शुद्ध लेखनभन्दा त्रुटिपूर्ण लेखनमा बढी अगाडि रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनका लागि प्रयोग गरिएका हलन्त सम्बन्धी शब्दहरुमा उक्त विद्यार्थीहरुले गरेका त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै :**सद्भाव**शब्दलाई सदभाव, **सङ्घ** शब्दलाई सङघ र संघर्ष, **राख्छिन्** शब्दलाई राख्छिन, **छन्**लाई छन, **सङ्ग्रहालय** शब्दलाई सङग्रहालय र संग्रहालय आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

## ४.६ चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्ण प्रयोग

नेपाली भाषामा प्रयोग गरिने चन्द्रविन्दु ( ँ ), शिरविन्दु ( ं ) र पञ्चमवर्ण (ङ, ञ, ण, न, म) उस्तै उस्तै लागे पनि यिनीहरुको प्रयोग भने फरक फरक हुने गर्दछ । प्रस्तुत अध्ययनमा कक्षा सातका विद्यार्थीहरुको चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्ण प्रयोग सम्बन्धी क्षमतालाई निम्न तालिकामा देखाइएको छ :

## तालिका ७

## चन्द्रविन्दु,शिरविन्दु र पञ्चम वर्ण प्रयोगको स्थिति

| कुल वि. सं ८० | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
|---|---|---|---|---|
| त्रुटि क्षेत्र | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| चन्द्रविन्दु | ४९ | ६१.२५ | ३१ | ३८.७५ |
| शिरविन्दु | ५९ | ७३.७५ | २१ | २६.२५ |
| पञ्चम वर्ण | ३९ | ४८.७५ | ४१ | ५१.२५ |
| औषत | | ६१.२५ | | ३८.७५ |

माथिको तथ्याङ्कमा चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको प्रयोगमा पनि त्रुटि गरेको पाइन्छ । यसमा चन्द्रविन्दुको शुद्ध प्रयोग गर्ने विद्यार्थीहरु औषत ६१.२५ प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने ३८.७५ प्रतिशत रहेको देखिन्छ भने शिरविन्दुको प्रयोग गरी शुद्ध लेख्ने विद्यार्थीहरु ७३.७५ प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने २६.२५ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी पञ्चमवर्णको सही प्रयोग गरी शुद्ध लेख्ने औषत ४८.७५ प्रतिशत विद्यार्थीहरु रहेको पाइन्छ भने ५१.२५ प्रतिशत विद्यार्थीहरुले त्रुटिपूर्ण प्रयोग गरेको पाइन्छ । समग्रमा चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको शुद्ध प्रयोग गर्ने औषत विद्यार्थीहरु ६१.२५ प्रतिशत र त्रुटिपूर्ण लेख्ने ३८.७५ प्रतिशत रहेको पाइन्छ ।

उक्त विद्यार्थीहरुले चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको प्रयोगमा गरेको त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **बाँसुरी** शब्दलाई बांसुरी र बाङ्सुरी, **जहाँ** शब्दलाई जहा, **दसैँ**लाई दसै, **संवाद** शब्दलाई सम्बाद र सँवाद, **अञ्चल**लाई अंचल र अन्चल, **पङ्खा** शब्दलाई पंखा र पँखा, **सञ्चालन**लाई सँचालन, **निकुञ्ज**लाई निकुन्ज आदि जस्ता त्रुटि गरिएको पाइन्छ ।

### ४.७ पदयोग र पद वियोगको प्रयोग

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले पदयोग लेख्नुपर्ने ठाउँमा पद वियोग र पद वियोग लेख्नुपर्ने ठाउँमा पदयोगको प्रयोग गरेको पाइन्छ । निर्धारित विद्यार्थीहरुको पदयोग र पद वियोग सम्बन्धी क्षमतालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ८**

**पदयोग पद वियोगको स्थिति**

| कुल वि. सं ८० | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
|---|---|---|---|---|
| त्रुटि क्षेत्र | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पदयोग | ५४ | ६७.५ | २६ | ३२.५ |
| पद वियोग | २६ | ३२.५ | ५४ | ६७.५ |
| औषत | | ५० | | ५० |

माथिको तालिकाबाट विद्यार्थीहरुको पदयोग र पद वियोग सम्बन्धी क्षमतामा पनि भिन्नता रहेको पाइन्छ । यसमा पदयोग गरी शुद्ध लेख्ने विद्यार्थीहरु ६७.५ प्रतिशत र त्रुटि गर्ने ३२.५ प्रतिशतले गरेको पाइन्छ भने पद वियोग सम्बन्धी शुद्ध लेख्ने औषत ३२.५ प्रतिशत विद्यार्थीहरु रहेको पाइन्छ भने ६७.५ प्रतिशतले त्रुटि गरेको पाइन्छ । समग्रमा पदयोग र पद वियोग सम्बन्धी शुद्ध लेखन गर्ने औषत विद्यार्थीहरु ५० प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने विद्यार्थीहरु ५० प्रतिशत रहेको पाइन्छ । समग्रमा पदयोग र पद वियोगमा शुद्ध र त्रुटि गर्ने विद्यार्थीहरु बराबर बराबर रहेको देखिन्छ ।

उक्त विद्यार्थीहरुले प्रयोग गरेका पदयोग र पद वियोग सम्बन्धी त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **पक्षहरु** शब्दलाई पक्ष हरु, **गरिएको छ** शब्दलाई गरि एको छ, गरिएकोछ र गरि एकोछ, **साहित्यका लागि** शब्दलाई साहित्य कालागि र साहित्यकालागि, **चर्नका लागि** शब्दलाई चर्न कालागि र चर्नकालागि लेखेर त्रुटि गरिएको पाइन्छ ।

## ४.८लेख्य चिह्नको प्रयोग

प्रस्तुत अध्ययनमा कक्षा सातका विद्यार्थीहरुको चिह्न प्रयोगका लागि पूर्णविराम, अल्प विराम, प्रश्नवाचक चिह्न, विस्मयादिबोधक चिह्न र उद्दरण चिह्नको उपयुक्त स्थानमा प्रयोग गर्न एउटा अनुच्छेद तथा स्वतन्त्र लेखनका लागि 'दसैं' र 'मेरो जीवनको लक्ष्य' शीर्षक समेत उपलब्ध गराइएको थियो । यस सम्बन्धी विद्यार्थीहरुको क्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) पूर्णविराम ( । ) चिह्नको पयोग**

सामान्यार्थक वाक्यको अन्त्यमा पूर्णविराम (।) चिह्नको प्रयोग हुन्छ । सामान्यतः कर्ता, कर्म वा प्रथमा विभक्तियुक्त पदसँग मिल्ने क्रियापद आएपछि वाक्य पूर्ण भएको मानिन्छ । सम्बन्धित विद्यार्थीहरुलाई पूर्णविराम चिह्न प्रयोगका लागि दिइएको प्रश्न :

*एक दिन भान्जो घोडा चढेर मामाकहाँ पुग्यो*

माथि उल्लिखित वाक्यको पछाडि उपयुक्त चिह्न प्रयोग गर्न लगाइएकोमा ५५ जना ६७.७५ प्रतिशत विद्यार्थीले सही चिह्न प्रयोग गरी शुद्ध लेखेको पाइयो भने २५ जना अर्थात् ३१ प्रतिशत विद्यार्थीहरुले अन्य अन्य चिह्नको प्रयोग गरी त्रुटि गरेको पाइयो ।

**(ख) अल्प विराम ( , ) चिह्नको प्रयोग**

छोटो समयको विश्राम जनाउने चिह्न अल्प विराम हो । यदि कुनै वाक्यमा एउटा गुण, जात, विशेषता आदि भएका शब्द वा पदहरु छन् भने त्यस्ता पद, वाक्यांश वा खण्ड वाक्यहरुलाई छुट्याउँदा वा सम्बोधनमा छोटो अडानको निम्ति यो चिह्नको प्रयोग गर्नुपर्दछ । प्रस्तुत अध्ययनका लागि निर्धारित विद्यार्थीहरुलाई दिइएको प्रश्नः

*उसको घोडा दुब्लो पातलो र लिखुरे थियो ।*

माथिको वाक्यमा उपयुक्त चिह्नको प्रयोग गर्न लगाइएकोमा ३५ प्रतिशत विद्यार्थीहरुले अल्प विराम चिह्नको सही प्रयोग गरी शुद्ध लेखेको पाइयो भने ५६ प्रतिशत विद्यार्थीहरुले अन्य चिह्नहरुको प्रयोग गरी त्रुटि गरेको पाइयो ।

**(ग) प्रश्नवाचक ( ? ) चिह्नको प्रयोग**

कसैको कुनै भनाइमा के, कसरी, किन, कहाँ, कहिले, कसले जस्ता शब्दको प्रयोग गरिएको छ भने त्यस वाक्यको पुच्छारमा प्रश्नवाचक चिह्नको प्रयोग हुन्छ । यस सम्बन्धी निर्धारित विद्यार्थीहरुको लागि दिइएको प्रश्न :

*ओहो ! भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त*

माथिको वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्न लगाइएकोमा ५३.७५ प्रतिशत विद्यार्थीले सही चिह्न प्रयोग गरी शुद्ध गरेको पाइयो भने ४६.२५ प्रतिशत विद्यार्थीले अन्य चिह्नको प्रयोग गरी त्रुटि गरेको पाइयो ।

**(घ) विश्मयादि बोधक ( ! ) चिह्नको प्रयोग**

मनको भाव (आश्चर्य, हर्ष, घृणा, शोक, भय आदि) प्रकट गर्दा र सम्बोधनमा विश्मयादि बोधक चिह्नको प्रयोग हुन्छ । निर्धारित विद्यार्थीहरुलाई विश्मयादि बोधक चिह्नको प्रयोगका लागि दिइएको प्रश्न :

*ओहो भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त ?*

माथि उल्लिखित वाक्यमा विश्मयादि बोधक चिह्नको प्रयोग गर्न लगाइएकोमा ३० प्रतिशत विद्यार्थीहरुले सही स्थानमा चिह्न प्रयोग गरी शुद्ध गरेको पाइन्छ भने ७० प्रतिशत विद्यार्थीहरुले अन्य स्थानमा अन्य चिह्नहरु प्रयोग गरी त्रुटि गरेको पाइन्छ ।

**(ङ) उद्धरण ( " " ) चिह्नको प्रयोग**

कसैको भनाइलाई जस्ताको त्यस्तै प्रस्तुत गर्दा दोहोरो ("   ") उद्धरण चिह्नको प्रयोग हुन्छ भने कुनै ग्रन्थ, पुस्तक, पुरस्कार, पदवी आदिलाई उल्लेख गर्दा एकोहोरो उद्धरण ('   ') चिह्नको प्रयोग हुन्छ । प्रस्तुत अध्ययनमा उद्धरण चिह्नको प्रयोगका लागि दिइएको प्रश्न :

*मामाले घोडातिर अनौठोसित हेर्दै भान्जालाई भन्यो, ओहो ! भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त ?*

माथिको वाक्यमा उपयुक्त स्थानमा उद्धरण चिह्न प्रयोग गर्न लगाइएकोमा १.२५ प्रतिशत विद्यार्थीले मात्र सही चिह्नको प्रयोग गरी शुद्ध गरेको पाइयो भने ९८.७५ प्रतिशत विद्यार्थीहरुले उद्धरण चिह्न प्रयोगमा त्रुटि गरेको पाइन्छ ।

# अध्याय पाँच

## विद्यालयको प्रकृति एवम् लैङ्गिक आधारमा वर्ण विन्यास प्रयोगको तुलना

प्रस्तुत अध्ययनमा विद्यालको प्रकृतिका रूपमा सामुदायिक र संस्थागत विद्यालयलाई निर्धारण गरिएको छ । उक्त सामुदायिक तथा संस्थागत विद्यालय बिचका तुलनात्मक अध्ययनका लागि महोत्तरी जिल्लाका चारओटा सामुदायिक र चारओटा संस्थागत विद्यालय निर्धारण गरिएको छ । उक्त चारओटा सामुदायिक विद्यालयमध्ये श्री जनता उ.मा.वि. डाँडाटोल विजलपुरा, श्री राष्ट्रिय उ.मा.वि. पशुपतिनाथ बनरझुल्ला, श्री दुर्गा मा.वि. पथलैया बजार पशुपति नगर, श्री जन जागृत मा.वि. कृष्णपुर बर्दिबास र चारओटा संस्थागत विद्यालयमध्ये नोबल पब्लिक एकेडेमी बिजलपुरा, बिजलपुरा पब्लिक एकेडेमी बिजलपुरा, पशुपति चिल्ड्रेन ग्लोरी इ.बो. स्कुल पशुपति नगर तथा न्यू स्टार आइडिएल इ.बो. स्कुल प्रेमनगर बर्दिबासका कक्षा सातमा अध्ययनरत जम्मा ८० जना मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यासका आधारमा तुलना गरिएको छ । प्रत्येक विद्यालयका कक्षा सातमा अध्ययनरत सम्पूर्ण मैथिली मातृभाषी विद्यार्थीहरुको प्रतिनिधित्व हुने गरी छात्र पाँच र छात्रा पाँच गरी एक विद्यालयबाट जम्मा दश जना विद्यार्थीहरू पर्ने गरी सामुदायिक विद्यालयबाट ४० जना र संस्थागत विद्यालयबाट ४० जना विद्यार्थीहरुको आधारमा तुलनात्मक अध्ययन गरिएको छ ।

### ५.१ विद्यालय प्रकृतिको आधारमा तुलना

प्रस्तुत अध्ययनका लागि सामुदायिक तथा संस्थागत विद्यालयका बिचमा तुलना गरिएको छ । यसका लागिमहोत्तरी जिल्लाका चारओटा सामुदायिक र चारओटा संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत जम्मा ८० जना मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यासका आधारमा तुलना गरिएको छ । उक्त तुलनात्मक अध्ययन गर्न वर्ण विन्यासगत त्रुटिको सम्भावित त्रुटि क्षेत्रहरु (ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, अजन्त हलन्त, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, पदयोग, पद वियोग र लेख्यचिह्न) निर्धारण गरिएको छ, जसलाई तल निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ५.१.१ विद्यालय प्रकृतिका आधारमाह्रस्व दीर्घ प्रयोगको तुलना

ह्रस्व र दीर्घ भन्नाले लेख्य भाषामा प्रयोग गरिने मात्रा बायाँ (इ, उ, ि र ु ) दायाँ ( ई, ऊ, ी र ू ) हुन् । भाषा लेखनका क्रममा यससम्बन्धी त्रुटिहरुले ज्यादै समस्या सिर्जना

गर्ने गरेको देखिन्छ । विद्यार्थीहरुले शब्दको आदि, मध्य र अन्त्य जुनसुकै ठाउँमा त्रुटि गरिरहेका हुन्छन् । यसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**(क) विद्यालय प्रकृतिकाआधारमाह्रस्व प्रयोगको स्थिति**

नेपाली लेखनका क्रममा ह्रस्वको प्रयोग हुने स्थानमा दीर्घ मात्राको प्रयोग गरी सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुले प्रशस्त त्रुटि गरेको देखिन्छ । विद्यार्थीहरुले ह्रस्व प्रयोग सम्बन्धी त्रुटि शब्दादि, शब्दमध्य र शब्दान्त तिनै ठाउँमा गरेको पाइन्छ । यस्ता त्रुटि विद्यार्थीहरुले नियम सम्बन्धी कम ज्ञान राख्नाले तथा लापरवाहीको कारणले गरेको देखिन्छ । विद्यार्थीहरुले गरेको ह्रस्व प्रयोग सम्बन्धी त्रुटिहरुको तुलनात्मक स्थितिलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

**तालिका ९**

**वि.प्र.को आधारमा ह्रस्व प्रयोगको स्थिति**

| कुल वि.सं. ८० | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत |
| **शब्दादि** | ७ | १७.५ | ३३ | ८२.५ | ५ | १२.५ | ३५ | ८७.५ |
| **शब्दमध्य** | २० | ५० | २० | ५० | १२ | ३० | २८ | ७० |
| **शब्दान्त** | २३ | ५७.५ | १७ | ४२.५ | १८ | ४५ | २२ | ५५ |
| **औषत** | | ४१.६६ | | ५८.३३ | | २९.१६ | | ७०.८३ |

माथिको तथ्याङ्क अनुसार शब्दादिमा ह्रस्व लेख्नु पर्ने ठाउँमा दीर्घ लेखेर त्रुटि गर्ने विद्यार्थीहरु सामुदायिकतर्फ १७.५ प्रतिशत र संस्थागततर्फ १२.५ प्रतिशत रहेको छ । त्यस्तै शब्दमध्यमा दीर्घ लेखेर त्रुटि गर्ने सामुदायिकतर्फ ५० प्रतिशत र संस्थागततर्फ ३० प्रतिशत रहेको छ भने शब्दान्तमा दीर्घ लेखेर त्रुटि गर्ने सामुदायिकतर्फ ५७.५ प्रतिशत र संस्थागततर्फ ४५ प्रतिशत रहेको छ । औषत रूपमा सामुदायिक विद्यालयतर्फ ४१.६६ प्रतिशत विद्यार्थीले त्रुटि गरेको देखिन्छ भने ५८.३३ प्रतिशतले शुद्ध लेखेको देखिन्छ । त्यस्तै संस्थागततर्फ २९.१६ प्रतिशतले त्रुटि गरेको देखिन्छ भने ७०.८३ प्रतिशतले शुद्ध

लेखेको देखिन्छ । यसरी हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले ह्रस्व प्रयोग सम्बन्धी १३ प्रतिशत बढीले त्रुटि गरेको देखिन्छ ।

प्रस्तुत अनुसन्धानका क्रममा शब्दादि, शब्दमध्य र शब्दान्त सम्बन्धी परीक्षणका लागि प्रयोग गरिएका शब्दहरुमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले फरक फरक त्रुटिहरु गरेका पाइन्छन्, जस्तै : **क्रिया** शब्दलाई क्रीया र कृया, **निकुञ्ज** शब्दलाई नीकुञ्ज र निकून्ज, **सित**लाई सीत, शीत आदि । त्यसैगरी शब्दमध्यमा **पारिवारिक** शब्दलाई पारिवारीक, वारीवारीक तथा **नजिकै** शब्दमा एकै प्रकृतिको नजीकै लेखेर त्रुटि गरेको पाइन्छ भने शब्दान्तमा **रुचि** शब्दलाई रुची, **लागि**लाई लागी, **अगाडि**लाई अगाडी लेखेर त्रुटि गरिएको पाइन्छ ।

### (ख) विद्यालय प्रकृतिका आधारमादीर्घ प्रयोगको स्थिति

वर्ण विन्यासका क्रममा त्रुटि हुने अर्को क्षेत्र दीर्घ मात्राको प्रयोग हो । दीर्घ मात्राको सही विन्यास नभएमा अर्थमा समेत प्रभाव पर्न सक्छ । नेपाली भाषा लेखनका क्रममा विद्यार्थीहरुले शब्दादि, शब्दमध्य र शब्दान्त तिनै ठाउँमा त्रुटि गरेको पाइन्छ । कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले पनि यस क्षेत्रमा धेरै मात्रामा त्रुटि गरेका छन् । जसलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

**तालिका १०**

**वि.प्र.को आधारमादीर्घ प्रयोगको स्थिति**

| जम्मा वि.सं. ८० | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत |
| **शब्दादि** | १८ | ४५ | २२ | ५५ | १४ | ३५ | २६ | ६५ |
| **शब्दमध्य** | २९ | ७२.५ | ११ | २७.५ | २९ | ७२.५ | ११ | २७.५ |
| **शब्दान्त** | १३ | ३२.५ | २७ | ६७.५ | ५ | १२.५ | ३५ | ८७.५ |
| **औषत** | | ५० | | ५० | | ४० | | ६० |

माथिको तथ्याङ्कलाई हेर्दा शब्दादिमा दीर्घ प्रयोग सम्बन्धी सामुदायिक विद्यालयका ५८.७५ प्रतिशत विद्यार्थीले त्रुटि गरेका छन् भने संस्थागत विद्यालयका ३३.७५ प्रतिशतले त्रुटि गरेका छन् । त्यस्तै शब्दमध्यमा त्रुटि गर्ने सामुदायिक र संस्थागत विद्यालयका बराबर ७२.५ प्रतिशत विद्यार्थीहरुले त्रुटि गरेको पाइन्छ भने शब्दान्तमा त्रुटि गर्ने विद्यार्थीहरु सामुदायिक र संस्थागत विद्यालयका क्रमशः ३२.५ र १२.५ प्रतिशत रहेको देखिन्छ । औषत रूपमा शब्दादि, शब्दमध्य र शब्दान्तमा दीर्घ प्रयोग सम्बन्धी त्रुटि गर्ने सामुदायिकतर्फ ५० प्रतिशत र शुद्ध लेख्ने ५० प्रतिशत रहेको छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत ४० प्रतिशत र शुद्ध लेख्ने ६० प्रतिशत रहेको पाइन्छ । यस आधारमा हेर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुले दीर्घ प्रयोगमा १० प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।

प्रस्तुत अनुसन्धानका क्रममा शब्दादि, शब्दमध्य र शब्दान्त सम्बन्धी परीक्षणका लागि प्रयोग गरिएका शब्दहरुमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले भिन्न भिन्न त्रुटिहरु गरेका पाइन्छन्, जस्तै : **जीवनी** शब्दलाई जिवनि र जिवनी तथा **जीवन**शब्दमा एकै प्रकृतिका जिवन लेखेर त्रुटि गरेको पाइन्छ भने शब्दमध्यमा **क्रियाशील** शब्दलाई क्रियासिल, क्रीयाशील तथा **समूह** शब्दमा एकै प्रकृतिका समुह लेखेर त्रुटि गरेको भेटिन्छ । त्यसैगरी शब्दान्तमा **लाई** शब्दलाई लाइ, **लागि**लाई लागी, अगाडी आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.१.२ विद्यालय प्रकृतिकाआधारमाश, ष, स प्रयोगको तुलना

विद्यार्थीहरुले वर्ण विन्यासमा गर्ने त्रुटिहरुमध्ये श, ष र स सम्बन्धी त्रुटि पनि विशेष मात्रामा गरेको पाइन्छ । नेपाली भाषाका कथ्य रूपमा तालव्य, मुर्धन्य र दन्त्य 'स' मा कुनै अन्तर नरहे पनि लेख्य रूपमा भने प्रत्येक श, ष र स को प्रयोग भिन्न भिन्न रहेको पाइन्छ । प्रस्तुत अध्ययनमा विद्यार्थीहरुले श, ष, स वर्णको प्रयोगमा गरेका त्रुटिहरुलाई निम्न तालिकामा देखाइएको छ :

### तालिका ११

### वि.प्र.को आधारमाश, ष, स प्रयोगको स्थिति

| जम्मा वि.सं. ८० | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत |
| **श वर्णमा** | २७ | ६७.५ | १३ | ३२.५ | २३ | ५७.५ | १७ | ४२.५ |
| **ष वर्णमा** | १६ | ४० | २४ | ६० | १५ | ३७.५ | २५ | ६२.५ |
| **स वर्णमा** | १४ | ३५ | २६ | ६५ | १२ | ३० | २८ | ७० |
| **औषत** | | ४७.५ | | ५२.५ | | ४१.६६ | | ५८.३३ |

माथिको तालिकामा श, ष र स वर्णको प्रयोगमा सामुदायिकतर्फ क्रमशः ६७.५, ४० र ३५ प्रतिशत विद्यार्थीहरुले त्रुटि गरेको तथा क्रमशः ३२.५, ६० र ६५ प्रतिशतले शुद्ध लेखेको पाइन्छ भने संस्थागत विद्यालयका क्रमशः ५८.७५, ३७.५ र ३० प्रतिशतले त्रुटि गरेको तथा ४२.५, ६२.५ र ७० प्रतिशतले शुद्ध लेखेको पाइन्छ । समग्रमा सामुदायिक विद्यालयतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४७.५ र शुद्ध गर्ने ५२.५ प्रतिशत रहेको पाइन्छ भनेसंस्थागत विद्यालयतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४१.६६ प्रतिशत र शुद्ध गर्ने ५८.३३ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले श, ष र स वर्णको प्रयोगमा ६ प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।

अनुसन्धानका क्रममा प्रयोग गरिएका श, ष र स सम्बन्धी शब्दहरुको प्रयोगमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले गरेका त्रुटिहरु क्रमश : **शोषण** शब्दलाई सोषण र शोसण, **सोझा** शब्दलाई शोझा र षोझा, **सङ्घर्ष**लाई षङ्घर्ष र शङ्घर्ष तथा एकै प्रकृतिका**अनुशासन**लाई अनुसाशन **दसैं**लाई दशैं, **घाँसे**लाई घाँषे आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.१.३ विद्यालय प्रकृतिकाआधारमाऋ र रि प्रयोगको तुलना

नेपाली भाषाको कथ्य रूपमा ऋ र रि वर्णको उच्चारणमा कुनै भिन्नता नभए तापनि लेख्य रूपमा भने यसको प्रयोग भिन्न भिन्न हुने गर्दछ । विद्यार्थीहरुले उच्चारण जस्तै ऋ वर्णको प्रयोग हुने ठाउँमा पनि रि वा री वर्णको प्रयोग गरेको तथा रि वर्णको

प्रयोग हुने ठाउँमा ऋ वर्णको प्रयोग गरी त्रुटि गरेको भेटिन्छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले ऋ र रि वर्णको प्रयोग सम्बन्धी गरेको त्रुटिहरुलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :

**तालिका १२**

**वि.प्र.को आधारमाऋ र रि प्रयोगको स्थिति**

| जम्मा वि.सं. ८० | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत |
| ऋ वर्णमा | २५ | ६२.५ | १५ | ३७.५ | २३ | ५७.५ | १७ | ४२.५ |
| रि वर्णमा | १४ | ३५ | २६ | ६५ | १२ | ३० | २८ | ७० |
| औषत | | ४८.७५ | | ५१.२५ | | ४३.७५ | | ५६.२५ |

माथिको तालिकाबाट ऋ र रि वर्णको प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरु सामुदायिकतर्फ क्रमशः ६१.२५ र ३५ प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ३७.५ र ६५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ  त्रुटि गर्ने क्रमशः ५७.५ र ३० प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः ४२.५ र ७० प्रतिशत रहेको पाइन्छ । समग्रमा सामुदायिकतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४८.७५ प्रतिशत र शुद्ध लेख्ने ५१.२५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत ४३.७५ प्रतिशत र शुद्ध लेख्ने ५६.२५ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा संस्थातगभन्दासामुदायिक विद्यालयका विद्यार्थीहरुले ऋ र रि वर्णको प्रयोगमा ५ प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।

प्रस्तुत अध्ययनका क्रममा प्रयोग गरिएका ऋ र रि सम्बन्धी शब्दहरुमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले भिन्न त्रुटिहरु पनि गरेका पाइन्छन्, जस्तै :**ऋषि** शब्दलाई रिषि र ऋषी, **शृङ्खला** शब्दलाई शिरिङ्खला, सिरिङखला र श्रृंखला **रिस**लाई रिष र ऋष तथा एकै प्रकृतिको **कृषि**लाई कृषी, **वृष्टि**लाई वृष्टी लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.१.४ विद्यालय प्रकृतिकाआधारमाक्ष, छ्य/छे प्रयोगको तुलना

विद्यार्थीहरुले क्ष वर्णको प्रयोग हुने स्थानमा छ्य/छे वर्ण र छे वर्णको प्रयोग हुने स्थानमा क्ष वर्णको प्रयोग गरी त्रुटि गरेको पाइन्छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले क्ष र छे वर्णको प्रयोगमा गरेको त्रुटिहरुलाई निम्न तालिकामा उल्लेख गरिएको छ :

**तालिका १३**

**वि.प्र.को आधारमाक्ष, छे वर्ण प्रयोगको स्थिति**

| जम्मा वि.सं. | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८० | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत |
| **क्ष वर्णमा** | १७ | ४२.५ | २३ | ५७.५ | १४ | ३५ | २६ | ६५ |
| **छे वर्णमा** | १६ | ४० | २४ | ६० | ११ | २७.५ | २९ | ७२.५ |
| **औषत** | | ४१.२५ | | ५८.७५ | | १८.७५ | | ८१.२५ |

माथि उल्लिखित तथ्याङ्का आधारमा क्ष र छे वर्णको प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरु सामुदायिकतर्फ क्रमशः ४२.५ र ४० प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ५७.५ र ६० प्रतिशत रहेको पाइन्छ भने संस्थागत विद्यालयतर्फ त्रुटि गर्ने क्रमशः ३५ र २६.२५ प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ६५ र ७२.५ प्रतिशत रहेको पाइन्छ । समग्रमा सामुदायिकतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४१.२५ प्रतिशत र शुद्ध लेख्ने ५८.७५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत १८.७५ प्रतिशत र शुद्ध लेख्ने ८१.२५ प्रतिशत रहेको देखिन्छ । यसरी समग्रमा हेर्दासंस्थागत विद्यालयका तुलनामासामुदायिक विद्यालयका विद्यार्थीहरुले क्ष र छे वर्णको प्रयोगमा २२ प्रतिशतले बढी त्रुटि गरेको पाइयो ।

प्रस्तुत अध्ययनका लागि प्रयोग गरिएका क्ष र छे सम्बन्धी शब्दहरुमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले गरेका त्रुटिहरु क्रमश : **अध्यक्ष** शब्दलाई अध्यछे र अध्यछ्य तथा एकै प्रकृतिका**आक्षेप** शब्दलाई आछेप, **क्षेत्र** शब्दलाई छेत्र, **इच्छा** शब्दलाई इच्क्षा र इच्छ्या, **पक्ष** शब्दलाई पछ्य आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

## ५.१.५ विद्यालय प्रकृतिकाआधारमाहलन्त अजन्त प्रयोगको तुलना

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले हलन्त लेख्ने ठाउँमा अजन्त र अजन्त लेख्नु पर्ने ठाउँमा हलन्त लेखेर त्रुटि गरेको पाइन्छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १४**

**वि.प्र.को आधारमाहलन्त प्रयोगको स्थिति**

| जम्मा | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| वि.सं. ८० | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत |
| हलन्त | २६ | ६५ | १४ | ३५ | २० | ५० | २० | ५० |

माथिको तालिका अनुसार हलन्तको प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरु सामुदायिक र संस्थागत विद्यालयका क्रमशः ६५ र ५० प्रतिशत रहेको देखिन्छ भने शुद्ध लेखन गर्ने क्रमशः ३५ र ५० प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा हलन्तको प्रयोगमा संस्थातग विद्यालयका तुलनामा सामुदायिक विद्यालयका१५ प्रतिशत बढीविद्यार्थीहरुले त्रुटि गरेको देखियो ।

प्रस्तुत अध्ययनका लागि प्रयोग गरिएका हलन्त सम्बन्धी शब्दहरुमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले गरेका त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **सद्भाव** शब्दलाई सदभाव, **सङ्घ** शब्दलाई सङघ र संघर्ष, **राख्छिन्** शब्दलाई राख्छिन, **छन्**लाई छन, **सङ्ग्रहालय** शब्दलाई सङग्रहालय र संग्रहालय आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

## ५.१.६ विद्यालय प्रकृतिका आधारमाचन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोगको तुलना

नेपाली भाषमा प्रयोग गरिने चन्द्रविन्दु ( ँ ) र शिरविन्दु ( ं ) उस्तै उस्तै लागे पनि यिनीहरुको प्रयोग भने फरक फरक हुने गर्दछ । यसर्थ कक्षा सातका विद्यार्थीहरुले चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोगमा गरेका त्रुटिहरुलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १५**

**वि.प्र.को आधारमाचन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोगको स्थिति**

| जम्मा | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| वि.सं. ८० | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत |
| **चन्द्रविन्दु** | २० | ५० | २० | ५० | ११ | २७.५ | २९ | ७२.५ |
| **शिरविन्दु** | १२ | ३० | २८ | ७० | ९ | २२.५ | ३१ | ७७.५ |
| **पञ्चम वर्ण** | २२ | ५५ | १८ | ४५ | १९ | ४७.५ | २१ | ५२.५ |
| **औषत** | | ४५ | | ५५ | | ३२.५ | | ६७.५ |

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालय बिचको तुलनात्मक स्थिति हेर्दा चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको प्रयोगमा त्रुटि गर्ने सामुदायिकतर्फ क्रमशः ५०, ३० र ५५ प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ५०, ७० र ४५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने क्रमशः २७.५, २२.५ र ४७.५ प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ७२.५, ७७.५ र ५२.५ प्रतिशत रहेको देखिन्छ । समग्रमा सामुदायिकतर्फ त्रुटि गर्ने औषत विद्याथीहरु ४५ प्रतिशत र शुद्ध लेखन गर्ने ५५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत ३२.५ प्रतिशत र शुद्ध लेखन गर्ने ६७.५ प्रतिशत रहेको पाइन्छ । यसरी चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको प्रयोगमा संस्थागत विद्यालयका तुलनामासामुदायिक विद्यालयका १२.५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखिन्छ ।

उक्त सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको प्रयोगमा गरेको त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **बाँसुरी** शब्दलाई बांसुरी र बाङ्सुरी, **जहाँ** शब्दलाई जहा, **दसैँ**लाई दसै, **संवाद** शब्दलाई सम्बाद र सँवाद, **अञ्चल**लाई अंचल र अन्चल, **पङ्खा** शब्दलाई पंखा र पँखा, **सञ्चालन**लाई सँचालन, **निकुञ्ज**लाई निकुन्ज आदि जस्ता त्रुटि गरिएको पाइन्छ ।

### ५.१.७विद्यालय प्रकृतिका आधारमापदयोग र पद वियोग प्रयोगको तुलना

पदयोग भन्नाले जोडेर लेख्नु भन्ने बुझिन्छ भने पद वियोग भन्नाले छुट्याएर लेख्नु भन्ने बुझिन्छ । यस अनुसार जोड्नु पर्ने ठाउँमा छुट्याउँदा र छुट्याउनु पर्ने ठाउँमा जोडेर

लेख्दा त्रुटि हुने गर्दछ । प्रस्तुत अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले गरेको पदयोग र पद वियोग सम्बन्धी त्रुटिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १६**

**वि.प्र.को आधारमापदयोग र पद वियोग प्रयोगको स्थिति**

| जम्मा | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|
| वि.सं. ८० | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत | त्रुटि गर्ने | त्रुटि गर्नेको प्रतिशत | त्रुटि नगर्ने | त्रुटि नगर्नेको प्रतिशत |
| **पदयोग** | १७ | ४२.५ | २३ | ५७.५ | ९ | २२.५ | ३१ | ७७.५ |
| **पद वियोग** | २९ | ७२.५ | ११ | २७.५ | २५ | ६२.५ | १५ | ३७.५ |
| **औषत** | | ५७.५ | | ४२.५ | | ४२.५ | | ५७.५ |

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालय बिचको तुलनात्मक स्थिति हेर्दा पदयोग र पद वियोग सम्बन्धी त्रुटि गर्ने विद्यार्थीहरु सामुदायिकतर्फ क्रमशः ४२.५ र ७२.५ प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ५७.५ र २७.५ प्रतिशत रहेको पाइयो भने संस्थागततर्फ त्रुटि गर्ने विद्यार्थीहरु क्रमशः २२.५ र ६२.५ प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः ७७.५ र ३७.५ प्रतिशत रहेको पाइन्छ । समग्रमा सामुदायिक विद्यालयतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ५७.५ प्रतिशत र शुद्ध लेखन गर्ने ४२.५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४२.५ प्रतिशत र शुद्ध लेखन गर्ने ५७.५ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा पदयोग र पद वियोगमा संस्थातग विद्यालयका विद्यार्थीहरुको तुलनामा सामुदायिक विद्यालयका १५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखिन्छ ।

प्रस्तुत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले प्रयोग गरेका पदयोग र पद वियोग सम्बन्धी त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **पक्षहरु** शब्दलाई पक्ष हरु, **गरिएको छ** शब्दलाई गरि एको छ, गरिएकोछ र गरि एकोछ, **साहित्यका लागि** शब्दलाई साहित्य कालागि र साहित्यकालागि, **चर्नका लागि** शब्दलाई चर्न कालागि र चर्नकालागि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.१.८ विद्यालय प्रकृतिका आधारमालेख्य चिह्न प्रयोगको तुलना

नेपाली भाषामा वर्ण बाहेक अरु केही चिह्नहरु पनि छन् । ती चिह्नहरु कुनै अर्थ भेदक छन् भने कुनै अर्थ भेदक हुँदैनन् । यदि ती लेख्य चिह्नहरुको उपयुक्त प्रयोग भएन भने समग्र कथन नै त्रुटिपूर्ण हुन जान्छ । प्रस्तुत अध्ययनमा कक्षा सातका विद्यार्थीहरुको चिह्न प्रयोगका लागि पूर्णविराम, अल्प विराम, प्रश्नवाचक चिह्न, विस्मयादिबोधक चिह्न र उद्धरण चिह्नको उपयुक्त स्थानमा प्रयोग गर्न एउटा अनुच्छेद तथा स्वतन्त्र लेखनका लागि 'दसैं' र 'मेरो जीवनको लक्ष्य' शीर्षक समेत उपलब्ध गराइएको थियो, जसमा धेरै विद्यार्थीहरुले लेख्य चिह्नको उचित ठाउँमा प्रयोग गर्न नसकेर त्रुटि गरेको पाइन्छ । ती त्रुटिहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) पूर्ण विराम ( । ) चिह्न प्रयोगको स्थिति**

सामान्यार्थक वाक्यको अन्त्यमा पूर्णविराम (।) चिह्नको प्रयोग हुन्छ । सामान्यतः कर्ता, कर्म वा प्रथमा विभक्तियुक्त पदसँग मिल्ने क्रियापद आएपछि वाक्य पूर्ण भएको मानिन्छ । सम्बन्धित विद्यार्थीहरुलाई पूर्णविराम चिह्नको प्रयोग गर्न दिइएको प्रश्न :

*एक दिन भान्जो घोडा चढेर मामाकहाँ पुग्यो*

माथि उल्लिखित वाक्यको पछाडि उपयुक्त चिह्न प्रयोग गर्न लगाइएकोमा सामुदायिकतर्फ ४० प्रतिशतले त्रुटि गरेको पाइयो भने ६० प्रतिशतले सही चिह्न प्रयोग गरी शुद्ध लेखेको पाइयो । त्यस्तै संस्थागततर्फ २२.५ प्रतिशतले त्रुटि गरेको पाइयो भने ७७.५ प्रतिशतले सही चिह्न प्रयोग गरेको पाइयो । यस आधारमा हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका १७.५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखिन्छ ।

**(ख) अल्प विराम ( , ) चिह्न प्रयोगको स्थिति**

छोटो समयको विश्राम जनाउने चिह्न अल्प विराम हो । यदि कुनै वाक्यमा एउटा गुण, जात, विशेषता आदि भएका शब्द वा पदहरु छन् भने त्यस्ता पद, वाक्यांश वा खण्ड वाक्यहरुलाई छुट्याउँदा वा सम्बोधनमा छोटो अडानको निम्ति यो चिह्नको प्रयोग गर्नुपर्दछ । प्रस्तुत अध्ययनमा निर्धारित विद्यार्थीहरुलाई अल्पविराम प्रयोग सम्बन्धी दिइएको प्रश्न :

*उसको घोडा दुब्लो पातलो र लिखुरे थियो ।*

माथिको वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्न लगाइएकोमा सामुदायिकतर्फ ७५ प्रतिशत विद्यार्थीले त्रुटि गरेको पाइयो भने २५ प्रतिशतले सही चिह्न प्रयोग गरी शुद्ध लेखेको पाइयो । त्यस्तै संस्थागततर्फ ५५ प्रतिशत विद्यार्थीले त्रुटि गरेको पाइयो भने ४५ प्रतिशतले सही चिह्न प्रयोग गरेको पाइयो । यस आधारमा हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका २० प्रतिशत विद्यार्थीहरुले अल्प विरामको प्रयोगमा बढी त्रुटि गरेको देखिन्छ ।

**(ग) प्रश्नवाचक ( ? ) चिह्न प्रयोगको स्थिति**

कुनै कुरा शोध्दा र आदेश, शङ्का वा व्यङ्ग्यमा प्रश्न गर्दा प्रश्नवाचक चिह्नको प्रयोग गरिन्छ अर्थात् कसैको कुनै भनाइमा के, कसरी, किन, कहाँ, कहिले, कसले जस्ता शब्दको प्रयोग गरिएको छ भने त्यस वाक्यको पुच्छारमा प्रश्नवाचक चिह्नको प्रयोग हुन्छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले प्रश्नवाची वाक्यमा पनि उपयुक्त ढङ्गले प्रश्नवाचक चिह्नको प्रयोग नगरी त्रुटि गरेको पाइन्छ, जस्तै :

*ओहो ! भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त*

माथिको वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्न लगाइएकोमा सामुदायिकतर्फ ५२.५ प्रतिशतले अन्य चिह्न प्रयोग गरी त्रुटि गरेको पाइयो भने ४७.५ प्रतिशतले सही चिह्न प्रयोग गरी शुद्ध लेखेको पाइयो । त्यस्तै संस्थागततर्फ ४० प्रतिशतले त्रुटि गरेको पाइयो भने ६० प्रतिशतले सही चिह्न प्रयोग गरेको पाइयो । यस आधारमा हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका १७.५ प्रतिशत विद्यार्थीहरुले प्रश्नवाचक चिह्नको प्रयोगमा बढी त्रुटि गरेको देखिन्छ ।

**(घ) विश्मयादि बोधक ( ! ) चिह्न प्रयोगको स्थिति**

मनको भाव (आश्चर्य, हर्ष, घृणा, शोक, भय आदि) प्रकट गर्दा र सम्बोधनमा विश्मयादि बोधक चिह्नको प्रयोग हुन्छ । जस्तैः आहा ! क्या राम्रो घर रहेछ । छि ! कस्तो फोहोरी । कठै ! विजोग भएछ । आदि । निर्धारित विद्यार्थीहरुले विश्मयादि बोधक चिह्नको प्रयोग गर्नु पर्ने ठाउँमा पनि अन्य चिह्नहरुको प्रयोग गरी त्रुटि गरेको पाइन्छ । उक्त चिह्न प्रयोगका लागि दिइएको प्रश्न :

*ओहो भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त ?*

माथि दिइएको वाक्यमा विश्मयादि बोधक चिह्नको प्रयोग गर्न लगाइएकोमा सामुदायिकतर्फ ७७.५ प्रतिशतले अन्य चिह्न प्रयोग गरी त्रुटि गरेको पाइन्छ भने २२.५ प्रतिशतले सही चिह्न प्रयोग गरी शुद्ध लेखेको पाइन्छ । त्यस्तै संस्थागततर्फ ६२.५ प्रतिशतले त्रुटि गरेको पाइन्छ भने ३७.५ प्रतिशतले सही चिह्न प्रयोग गरेको पाइन्छ । यस आधारमा हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका १५ प्रतिशत विद्यार्थीहरुले विश्मयादि बोधक चिह्नको प्रयोगमा बढी त्रुटि गरेको देखिन्छ ।

**(ङ) उद्धरण ( “ ” ) चिह्न प्रयोगको स्थिति**

कसैको भनाइलाई जस्ताको त्यस्तै प्रस्तुत गर्दा दोहोरो (“ ”) उद्धरण चिह्नको प्रयोग हुन्छ भने कुनै ग्रन्थ, पुस्तक, पुरस्कार, पदवी आदिलाई उल्लेख गर्दा एकोहोरो उद्धरण (‘ ’) चिह्नको प्रयोग हुन्छ । प्रस्तुत अध्ययनका लागि निर्धारित विद्यार्थीहरुले दोहोरो उद्धरण चिह्नको उपयुक्त स्थानमा प्रयोग नगरेर त्रुटि गरेको देखिन्छ । उद्धरण चिह्नको प्रयोगका लागि दिइएको प्रश्न :

*मामाले घोडातिर अनौठोसित हेर्दै भान्जालाई भन्यो, ओहो ! भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त ?*

माथिको वाक्यमा उपयुक्त स्थानमा उद्धरण चिह्न प्रयोग गर्न लगाइएकोमा सामुदायिकतर्फ १०० प्रतिशतले अन्य अन्य चिह्नहरुको प्रयोग गरी त्रुटि गरेको पाइन्छ भने एक जनाले पनि सही चिह्नको प्रयोग गरी शुद्ध लेखेको पाइँदैन । त्यसैगरी संस्थागततर्फ ९७.५ प्रतिशतले त्रुटि गरेको पाइन्छ भने २.५ प्रतिशतले सही चिह्न प्रयोग गरेको पाइन्छ । यस आधारमा तुलना गर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका२.५ प्रतिशत विद्यार्थीहरुले उद्धरण चिह्नको प्रयोगमा बढी त्रुटि गरेको देखिन्छ।

## ५.२ लैङ्गिक आधारमा तुलना

प्रस्तुत शोधका लागि महोत्तरी जिल्लाका चारओटा सामुदायिक र चारओटा संस्थागत विद्यालय अन्तर्गत प्रत्येक विद्यालयबाट छात्र पाँच र छात्रा पाँच गरी जम्मा दश जना विद्यार्थीहरु पर्ने गरी सामुदायिक विद्यालयबाट ४० र संस्थागत विद्यालयबाट ४०

जना गरी जम्मा ८० जना विद्यार्थीहरुमा अध्ययन गरिएको छ । यसमा जम्मा ४० जना छात्र र ४० जना छात्राहरु बिच तुलना गरिएको छ । उक्त विद्यार्थीहरुको लैङ्गिक आधारमा वर्ण विन्यास प्रयोग सम्बन्धी निम्न क्षेत्रहरुमा आधारित भएर तुलना गरिएको छ :

### ५.२.१ लैङ्गिक आधारमा ह्रस्व दीर्घ प्रयोगको तुलना

ह्रस्व र दीर्घ सम्बन्धी विद्यार्थीहरुले शब्दको आदि, मध्य र अन्त्य तिन ओटै ठाउँमा त्रुटि गरिरहेका हुन्छन्, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### (क) लैङ्गिक आधारमा ह्रस्व प्रयोगको तुलना

विद्यार्थीहरुले ह्रस्व प्रयोग सम्बन्धी त्रुटि शब्दादि, शब्दमध्य र शब्दान्त तिनै ठाउँमा गरेको पाइन्छ । विद्यार्थीहरुले गरेको ह्रस्व प्रयोग सम्बन्धी त्रुटिहरुको तुलनात्मक स्थितिलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

**तालिका १७**

**लैङ्गिक आधारमा ह्रस्व प्रयोगको स्थिति**

| जम्मा वि.सं. ८० | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
| | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत |
| **शब्दादि** | ३४ | ८५ | ६ | १५ | ३४ | ८५ | ६ | १५ |
| **शब्दमध्य** | २२ | ५५ | १८ | ४५ | २६ | ६५ | १४ | ३५ |
| **शब्दान्त** | १८ | ४५ | २२ | ५५ | २१ | ५२.५ | १९ | ४७.५ |
| **औषत** | | ६१.६६ | | ३८.३३ | | ६७.५ | | ३२.३३ |

माथिको तालिकामा छात्र र छात्रा बिचको तुलनात्मक अध्ययन गर्दा त्रुटिको स्थिति एकै प्रकारको नभई भिन्न भिन्न रहेको देखिन्छ । ह्रस्व प्रयोग सम्बन्धी शब्दादि, शब्दमध्य र शब्दान्तमा शुद्ध लेखन गर्ने छात्र क्रमशः ८५, ५५ र ४५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः १५, ४५ र ५५ प्रतिशत रहेको छ भने शब्दादि, शब्दमध्य र शब्दान्तमा शुद्ध लेखन गर्ने छात्रा क्रमशः ८५, ६५ र ५२.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः १५, ३५ र

४७.५ प्रतिशत रहेको छ । समग्रमा ह्रस्व प्रयोग सम्बन्धी औषत छात्रहरुको शुद्ध लेखन क्षमता ६१.६६ प्रतिशत र त्रुटिपूर्ण लेखन ३८.३३ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ६७.५ प्रतिशत र त्रुटिपूर्ण लेखन ३२.३३ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्रा भन्दा छात्रको त्रुटिगत स्थिति ६ प्रतिशतले बढी रहेको देखिन्छ ।

प्रस्तुत अनुसन्धानका क्रममा शब्दादि, शब्दमध्य र शब्दान्त सम्बन्धी परीक्षणका लागि प्रयोग गरिएका शब्दहरुमा छात्र र छात्राहरुले फरक फरक त्रुटिहरु गरेका पाइन्छन्, जस्तै : **क्रिया** शब्दलाई क्रीया र कृया, **निकुञ्ज** शब्दलाई नीकुञ्ज र निकून्ज, **सित**लाई सीत, शीत आदि । त्यसैगरी शब्दमध्य सम्बन्धी बढीछात्र र छात्राहरु प्रायः एकै प्रकृतिका जस्तैः **पारिवारिक** शब्दमा पारिवारीक तथा थारैले वारीवारीक त्यस्तै**नजिकै** शब्दमा एकै प्रकृतिको नजीकै लेखेर त्रुटि गरेको पाइन्छ भने शब्दान्तमा **रुचि** शब्दलाई रुची, **लागि**लाई लागी, **अगाडि**लाई अगाडी लेखेर त्रुटि गरिएको पाइन्छ ।

### (ख) लैङ्गिक आधारमा दीर्घ प्रयोगको तुलना

वर्ण विन्यासका क्रममा त्रुटि हुने अर्को क्षेत्र दीर्घ मात्राको प्रयोग हो । नेपाली भाषा लेखनका क्रममा विद्यार्थीहरुले शब्दादि, शब्दमध्य र शब्दान्त तिनै ठाउँमा त्रुटि गरेको पाइन्छ । कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको दीर्घ प्रयोगको स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका १८**

**लैङ्गिक आधारमा दीर्घ प्रयोगको स्थिति**

| जम्मा वि.सं. ८० | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
| | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत |
| **शब्दादि** | २७ | ६७.५ | १३ | ३२.५ | २१ | ५२.५ | १९ | ४७.५ |
| **शब्दमध्य** | ८ | २० | ३२ | ८० | १४ | ३५ | २६ | ६५ |
| **शब्दान्त** | ३० | ७५ | १० | २५ | ३२ | ८० | ८ | २० |
| **औषत** | | ५४.१६ | | ४५.८३ | | ५५.८३ | | ४४.१६ |

माथिको तालिकामा दीर्घ प्रयोग सम्बन्धी छात्र र छात्रा बिचको तुलनात्मक अध्ययन गर्दा शब्दादि, शब्दमध्य र शब्दान्तमा शुद्ध लेखन गर्ने छात्र क्रमशः ६७.५, २० र ७५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ३२.५, ८० र २५ प्रतिशत रहेको छ भने शब्दादि, शब्दमध्य र शब्दान्तमा शुद्ध लेखन गर्ने छात्रा क्रमशः ५२.५, ३५ र ८० प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ४७.५, ६५ र २० प्रतिशत रहेको छ । समग्रमा दीर्घ प्रयोग सम्बन्धी औषत छात्रहरुको शुद्ध लेखन क्षमता ५४.१६ प्रतिशत र त्रुटिपूर्ण लेखन ४५.८३ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ५५.८३ प्रतिशत र त्रुटिपूर्ण लेखन ४४.१६ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्रा भन्दा छात्रको त्रुटिगत स्थिति १.६७ प्रतिशतले बढी रहेको देखिन्छ ।

प्रस्तुत अनुसन्धानका क्रममा शब्दादि, शब्दमध्य र शब्दान्त सम्बन्धी परीक्षणका लागि प्रयोग गरिएका शब्दहरुमा छात्र र छात्राहरुले भिन्न भिन्न त्रुटिहरु गरेका पाइन्छन्, जसमध्ये **जीवनी** शब्दमा बढी छात्रछात्राहरुले एकै प्रकृतिका जिवनी र थोरैले जिवनि लेखेर त्रुटि गरेको तथा **जीवन** शब्दमा एकै प्रकृतिका जिवन लेखेर त्रुटि गरेको पाइन्छ भने शब्दमध्यमा **क्रियाशील** शब्दलाई क्रियासिल, क्रीयाशील लेखेर त्रुटि गरेको भेटिन्छ । त्यसैगरी शब्दान्तमा **लाई** शब्दलाई लाइ, **लागि**लाई लागी, अगाडी आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.२.२ लैङ्गिक आधारमा श, ष, स प्रयोगको तुलना

विद्यार्थीहरुले वर्ण विन्यासमा गर्ने त्रुटिहरुमध्ये श, ष र स सम्बन्धी त्रुटि पनि विशेष मात्रामा गरेको पाइन्छ । विद्यार्थीहरुले लेख्य भाषामा यस्तो त्रुटि गर्नुको मुख्य कारण मौखिक रूपमा सबै स ध्वनि समान उच्चारण हुनु नै हो । प्रस्तुत अध्ययनमा विद्यार्थीहरुले श, ष, स वर्णको प्रयोगमा गरेका त्रुटिहरुलाई निम्न तालिकामा देखाइएको छ :

**तालिका १९**

**लैङ्गिक आधारमा श, ष, स प्रयोगको स्थिति**

| जम्मा वि.सं. ८० | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
| | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत |
| **श को प्रयोग** | १३ | ३२.५ | २७ | ६७.५ | १६ | ४० | २४ | ६० |
| **ष को प्रयोग** | २३ | ५७.५ | १७ | ४२.५ | २५ | ६२.५ | १५ | ३७.५ |
| **स को प्रयोग** | २९ | ७२.५ | ११ | २७.५ | २५ | ६२.५ | १५ | ३७.५ |
| **औषत** | | ५४.१६ | | ४५.८३ | | ५५ | | ४५ |

माथिको तालिकामा छात्र र छात्रा बिचको तुलनात्मक स्थिति हेर्दा श, ष र स वर्णको प्रयोग सम्बन्धी शुद्ध लेखन गर्ने छात्र क्रमशः ३२.५, ५७.५ र ७२.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ६७.५, ४२.५ र २७.५ प्रतिशत रहेको छ भने शुद्ध लेखन गर्ने छात्रा क्रमशः ४०, ६२.५ र ६२.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ६०, ३७.५ र ३७.५ प्रतिशत रहेको छ । समग्रमा औषत छात्रहरुको शुद्ध लेखन क्षमता ५४.१६ प्रतिशत र त्रुटिपूर्ण लेखन ४५.८३ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ५५ प्रतिशत र त्रुटिपूर्ण लेखन ४५ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्रा र छात्र दुबैको त्रुटिगत स्थिति लगभग उस्तै रहेको देखिन्छ ।

अनुसन्धानका क्रममा प्रयोग गरिएका श, ष र स सम्बन्धी शब्दहरुको प्रयोगमा छात्र र छात्राहरुले गरेका त्रुटिहरु क्रमश : **सोझा** शब्दलाई षोझा र शोझा, **सङ्घर्ष**लाई षङ्घर्ष र शङ्घर्ष तथा एकै प्रकृतिका त्रुटिमा **शोषण**, **अनुशासन**लाई अनुसाशन **दसैं**लाई दशैं, **घाँसे**लाई घाँषे आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.२.३ लैङ्गिक आधारमा ऋ र रि प्रयोगको तुलना

नेपाली भाषाको कथ्य रूपमा ऋ र रि वर्णको उच्चारणमा कुनै भिन्नता नभए तापनि लेख्य रूपमा भने यसको प्रयोग भिन्न भिन्न हुने गर्दछ । विद्यार्थीहरुले उच्चारण जस्तै ऋ वर्णको प्रयोग हुने ठाउँमा पनि रि वा री वर्णको प्रयोग गरेको तथा रि वर्णको

प्रयोग हुने ठाउँमा ऋ वर्णको प्रयोग गरी त्रुटि गरेको भेटिन्छ । कक्षा सातका विद्‌यार्थीहरुले ऋ र रि वर्णको प्रयोगमा गरेका त्रुटिहरुलाई निम्न तालिकामा उल्लेख गरिएको छ :

**तालिका २०**

**लै.आ.मा ऋ र रि प्रयोगको स्थिति**

| जम्मा वि.सं. ८० | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | शुद्‌ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्‌ध लेखन | | त्रुटिपूर्ण लेखन | |
| | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत |
| ऋ को प्रयोग | १४ | ३५ | २६ | ६५ | १७ | ४२.५ | २३ | ५७.५ |
| रि को प्रयोग | २५ | ६२.५ | १५ | ३७.५ | २९ | ७२.५ | ११ | २७.५ |
| औषत | | ४८.७५ | | ५१.२५ | | ५७.५ | | ४२.५ |

माथिको तथ्याङ्कका आधारमा ऋ र रि वर्णको प्रयोग सम्बन्धी छात्र र छात्रा बिचको तुलनात्मक स्थिति हेर्दा शुद्‌ध लेखन गर्ने छात्र क्रमशः ३५ र ६२.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ६५ र ३७.५ प्रतिशत रहेको छ भने शुद्‌ध लेखन गर्ने छात्रा क्रमशः ४२.५ र ७२.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ५७.५ र २७.५ प्रतिशत रहेको छ । समग्रमा औषत छात्रहरुको शुद्‌ध लेखन क्षमता ४८.७५ प्रतिशत र त्रुटिपूर्ण लेखन ५१.२५ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्‌ध लेखन क्षमता ५७.५ प्रतिशत र त्रुटिपूर्ण लेखन ४२.५ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ८.७५ प्रतिशतले बढी रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनका क्रममा प्रयोग गरिएका ऋ र रि सम्बन्धी शब्दहरुमा छात्र र छात्राहरुले भिन्न भिन्न त्रुटिहरु गरेका पाइन्छन्, जस्तै : **ऋषि** शब्दलाई रिषि र ऋषी, **शृङ्खला** शब्दलाई शिरिङ्खला, सिरिङखला र श्रृंखला **रिस**लाई रिष र ऋष तथा एकै प्रकृतिको त्रुटिमा **कृषि**लाई कृषी, **वृष्टि**लाई वृष्टी लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.२.४ लैङ्गिक आधारमा क्ष र छ्य/छे प्रयोगको तुलना

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले क्ष वर्णको प्रयोग हुने स्थानमा छ्य/छे वर्ण र छे वर्णको प्रयोग हुने स्थानमा क्ष वर्णको प्रयोग गरी त्रुटि गरेको देखिन्छ, जसलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका २१**

**लै.आ.मा क्ष, छ्य/छे प्रयोगको स्थिति**

| जम्मा वि.सं. ८० | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
| | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत |
| क्ष प्रयोग | २४ | ६० | १६ | ४० | २५ | ६२.५ | १५ | ३७.५ |
| छे प्रयोग | २९ | ७२.५ | ११ | २७.५ | २४ | ६० | १६ | ४० |
| औषत | | ६६.२५ | | ३३.७५ | | ६१.२५ | | ३८.७५ |

माथिको तथ्याङ्कका आधारमा छात्र र छात्रा बिचको तुलनात्मक स्थिति हेर्दा क्ष र छे वर्ण सम्बन्धी शुद्ध लेखन गर्ने छात्र क्रमशः ६० र ७२.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ४० र २७.५ प्रतिशत रहेको छ भने शुद्ध लेखन गर्ने छात्रा क्रमशः ६२.५ र ६० प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ३७.५ र ४० प्रतिशत रहेको छ । समग्रमा औषत छात्रहरुको शुद्ध लेखन क्षमता ६६.२५ प्रतिशत र त्रुटिपूर्ण लेखन ३३.७५ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ६१.२५ प्रतिशत र त्रुटिपूर्ण लेखन ३८.७५ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्रभन्दा छात्राको त्रुटिगत स्थिति ५ प्रतिशतले बढी रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनका लागि प्रयोग गरिएका क्ष र छे सम्बन्धी शब्दहरुमा छात्र र छात्राहरुले गरेका त्रुटिहरु क्रमश : **अध्यक्ष** शब्दलाई अध्यछे र अध्यछ्य तथा एकै प्रकृतिका त्रुटिमा **आक्षेप** शब्दलाई आछेप, **क्षेत्र** शब्दलाई छेत्र, **इच्छा** शब्दलाई इच्क्षा र इच्छ्या, **पक्ष** शब्दलाई पछ्य आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.२.५ लैङ्गिक आधारमा हलन्त अजन्त प्रयोगको तुलना

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले हलन्त लेख्ने ठाउँमा अजन्त र अजन्त लेख्नु पर्ने ठाउँमा हलन्त लेखेर त्रुटि गरेको पाइन्छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २२**

**लै.आ.मा हलन्त अजन्त प्रयोगको स्थिति**

| जम्मा वि.सं. ८० | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
| | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत |
| हलन्त प्रयोग | १५ | ३७.५ | २५ | ६२.५ | १८ | ४५ | २२ | ५५ |

माथिको तथ्याङ्कका आधारमा छात्र र छात्रा बिचको तुलनात्मक स्थिति हेर्दा हलन्त प्रयोग सम्बन्धी शुद्ध लेखन गर्ने छात्र ३७.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने ६२.५ प्रतिशत रहेको छ भने शुद्ध लेखन गर्ने छात्रा ४५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने ५५ प्रतिशत रहेको छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ७.५ प्रतिशतले बढी रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनका लागि प्रयोग गरिएका हलन्त सम्बन्धी शब्दहरुमा छात्र र छात्राहरुले गरेका त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **सद्भाव** शब्दलाई सदभाव, **सङ्घ** शब्दलाई सङघ र संघर्ष, **राख्छिन्** शब्दलाई राख्छिन, **छन्**लाई छन, **सङ्ग्रहालय** शब्दलाई सङग्रहालय र संग्रहालय आदि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.२.६ लैङ्गिक आधारमा चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोगको तुलना

प्रस्तुत अध्ययनमा कक्षा सातका विद्यार्थीहरुले चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोग सम्बन्धी गरेका त्रुटिहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका २३

## लै.आ.मा चन्द्रविन्दु , शिरविन्दु र पञ्चम वर्ण प्रयोगको स्थिति

| जम्मा वि.सं. ८० | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
| | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत |
| चन्द्रविन्दु | २४ | ६० | १६ | ४० | २५ | ६२.५ | १५ | ३७.५ |
| शिरविन्दु | २५ | ६२.५ | १५ | ३७.५ | ३४ | ८५ | ६ | १५ |
| पञ्चमवर्ण | १८ | ४५ | २२ | ५५ | २१ | ५२.५ | १९ | ४७.५ |
| औषत | | ५५.८३ | | ४४.१६ | | ६६.६६ | | ३३.३३ |

माथिको तालिकामा छात्र र छात्रा बिचको तुलनात्मक स्थिति हेर्दा चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोग सम्बन्धी शुद्ध लेखन गर्ने छात्र क्रमशः ६०, ६२.५ र ४५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ४०, ३७.५ र ५५ प्रतिशत रहेको छ भने शुद्ध लेखन गर्ने छात्रा क्रमशः ६२.५, ८५ र ५२.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ३७.५, १५ र ४७.५ प्रतिशत रहेको छ । समग्रमा चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण प्रयोग सम्बन्धी औषत छात्रहरुको शुद्ध लेखन क्षमता ५५.८३ प्रतिशत र त्रुटिपूर्ण लेखन ४४.१६ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ६६.६६ प्रतिशत र त्रुटिपूर्ण लेखन ३३.३३ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ११ प्रतिशतले बढी रहेको देखिन्छ ।

उक्त छात्र र छात्राहरुले चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको प्रयोगमा गरेको त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **बाँसुरी** शब्दलाई बांसुरी र बाङ्सुरी, **जहाँ** शब्दलाई जहा, **दसैं** शब्दलाई दसै, **संवाद** शब्दलाई सम्बाद र सँवाद, **अञ्चल**लाई अंचल र अन्चल, **पङ्खा** शब्दलाई पंखा र पँखा, **सञ्चालन**लाई सँचालन, **निकुञ्ज**लाई निकुन्ज आदि जस्ता त्रुटि गरिएको पाइन्छ ।

### ५.२.७ लैङ्गिक आधारमा पदयोग र पद वियोगको तुलना

पदयोग भन्नाले जोडेर लेख्नु भन्ने बुझिन्छ भने पद वियोग भन्नाले छुट्याएर लेख्नु भन्ने बुझिन्छ । यस अनुसार जोड्नु पर्ने ठाउँमा छुट्याउँदा र छुट्याउनु पर्ने ठाउँमा जोडेर लेख्दा त्रुटि हुने गर्दछ । प्रस्तुत अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले गरेको पदयोग र पद वियोग सम्बन्धी त्रुटिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २४**

**लै.आ.मा पदयोग, पद वियोगको स्थिति**

| जम्मा वि.सं. ८० | छात्र | | | | छात्रा | | | |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि क्षेत्र | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | |
| | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत | सं. | प्रतिशत |
| पदयोग | ३० | ७५ | १० | २५ | २५ | ६२.५ | १५ | ३७.५ |
| पद वियोग | १२ | ३० | २८ | ७० | १३ | ३२.५ | २७ | ६७.५ |
| औषत | | ५२.५ | | ४७.५ | | ४७.५ | | ५२.५ |

माथिको तथ्याङ्कका आधारमा छात्र र छात्रा बिचको तुलनात्मक स्थिति हेर्दा पदयोग र पद वियोग सम्बन्धी शुद्ध लेखन गर्ने छात्र क्रमशः ७५ र ३० प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः २५ र ७० प्रतिशत रहेको छ भने शुद्ध लेखन गर्ने छात्रा क्रमशः ६२.५ र ३२.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ३७.५ र ६७.५ प्रतिशत रहेको छ । समग्रमा औषत छात्रहरुको शुद्ध लेखन क्षमता ५२.५ प्रतिशत र त्रुटिपूर्ण लेखन ४७.५ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ४७.५ प्रतिशत र त्रुटिपूर्ण लेखन ५२.५ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्रभन्दा छात्राको त्रुटिगत स्थिति ५ प्रतिशतले बढी रहेको देखिन्छ ।

उक्त छात्र र छात्राहरुले प्रयोग गरेका पदयोग र पद वियोग सम्बन्धी त्रुटिहरुलाई निम्नानुसार देखाउन सकिन्छ, जस्तै : **पक्षहरु** शब्दलाई पक्ष हरु, **गरिएको छ** शब्दलाई गरि एको छ, गरिएकोछ र गरि एकोछ, **साहित्यका लागि** शब्दलाई साहित्य कालागि र

साहित्यकालागि, **चर्नका लागि** शब्दलाई चर्न कालागि र चर्नकालागि लेखेर त्रुटि गरिएको पाइन्छ ।

### ५.२.८ लैङ्गिक आधारमा लेख्य चिह्न प्रयोगको तुलना

प्रस्तुत अध्ययनमा कक्षा सातका विद्यार्थीहरुको चिह्न प्रयोगका लागि पूर्णविराम, अल्प विराम, प्रश्नवाचक चिह्न, विस्मयादिबोधक चिह्न र उद्दरण चिह्नको उपयुक्त स्थानमा प्रयोग गर्न एउटा अनुच्छेद तथा स्वतन्त्र लेखनका लागि 'दसैं' र 'मेरो जीवनको लक्ष्य' शीर्षक समेत उपलब्ध गराइएको थियो । यस सम्बन्धी विद्यार्थीहरुको क्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) पूर्णविराम ( । ) चिह्न प्रयोगको स्थिति**

सामान्यार्थक वाक्यको अन्त्यमा पूर्ण विराम (।) चिह्नको प्रयोग हुन्छ । सम्बन्धित विद्यार्थीहरुलाई पूर्ण विराम चिह्न प्रयोगका लागि दिइएको प्रश्न :

*एक दिन भान्जो घोडा चढेर मामाकहाँ पुग्यो*

माथि उल्लिखित वाक्यको पछाडि उपयुक्त चिह्न प्रयोग गर्न लगाइएकोमा ६७.५ प्रतिशत छात्रले सही चिह्न प्रयोग गरी शुद्ध लेखेको तथा ३२.५ प्रतिशत छात्रले अन्य अन्य चिह्नको प्रयोग गरी त्रुटि गरेको पाइयो । त्यसैगरी ७० प्रतिशत छात्राले शुद्ध लेखेको तथा ३० प्रतिशत छात्राले त्रुटि गरेको पाइयो । यस आधारमा तुलना गर्दा छात्राभन्दा छात्रको त्रुटिगत स्थिति २.५ प्रतिशतलेबढी रहेको देखिन्छ ।

**(ख) अल्प विराम ( , ) चिह्न प्रयोगको स्थिति**

छोटो समयको विश्राम जनाउने चिह्न अल्प विराम हो । यदि कुनै वाक्यमा एउटा गुण, जात, विशेषता आदि भएका शब्द वा पदहरु छन् भने त्यस्ता पद, वाक्यांश वा खण्ड वाक्यहरुलाई छुट्याउँदा वा सम्बोधनमा छोटो अडानको निम्ति यो चिह्नको प्रयोग गर्नुपर्दछ । प्रस्तुत अध्ययनका लागि निर्धारित विद्यार्थीहरुलाई दिइएको प्रश्नः

*उसको घोडा दुब्लो पातलो र लिखुरे थियो ।*

माथिको वाक्यमा उपयुक्त चिह्नको प्रयोग गर्न लगाइएकोमा ३७.५ प्रतिशत छात्रहरुले अल्प विराम चिह्नको सही प्रयोग गरी शुद्ध लेखेको तथा ६२.५ प्रतिशत छात्रहरुले अन्य चिह्नहरुको प्रयोग गरी त्रुटि गरेको पाइन्छ । त्यसैगरी ३२.५ प्रतिशत छात्राहरुले शुद्ध लेखेको तथा ६७.५ प्रतिशत छात्राहरुले त्रुटिपूर्ण लेखन गरेको पाइन्छ । यस आधारमा हेर्दा छात्रभन्दा छात्राले ५ प्रतिशत बढी त्रुटि गरेको देखिन्छ ।

**(ग) प्रश्नवाचक ( ? ) चिह्न प्रयोगको स्थिति**

कसैको कुनै भनाइमा के, कसरी, किन, कहाँ, कहिले, कसले जस्ता शब्दको प्रयोग गरिएको छ भने त्यस वाक्यको पुच्छारमा प्रश्नवाचक चिह्नको प्रयोग हुन्छ । यस सम्बन्धी निर्धारित विद्यार्थीहरुको लागि दिइएको प्रश्न :

*ओहो ! भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त*

माथिको वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्न लगाइएकोमा ५० प्रतिशत छात्रले सही चिह्न प्रयोग गरी शुद्ध गरेको तथा ५० प्रतिशतले अन्य चिह्नको प्रयोग गरी त्रुटि गरेको पाइन्छ । त्यसैगरी ५७.५ प्रतिशत छात्राले शुद्ध लेखेको तथा ४२.५ प्रतिशतले त्रुटि गरेको पाइन्छ । यस आधारमा हेर्दा छात्राको तुलनामा७.५ प्रतिशत बढी छात्रले प्रश्नवाचक चिह्नको प्रयोगमा त्रुटि गरेको देखिन्छ ।

**(घ) विश्मयादिबोधक ( ! ) चिह्न प्रयोगको स्थिति**

मनको भाव (आश्चर्य, हर्ष, घृणा, शोक, भय आदि) प्रकट गर्दा र सम्बोधनमा विश्मयादिबोधक चिह्नको प्रयोग हुन्छ । निर्धारित विद्यार्थीहरुलाई विश्मयादिबोधक चिह्नको प्रयोगका लागि दिइएको प्रश्न :

*ओहो भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त ?*

माथि उल्लिखित वाक्यमा विश्मयादि बोधक चिह्नको प्रयोग गर्न लगाइएकोमा ३५ प्रतिशत छात्रहरुले सही स्थानमा चिह्न प्रयोग गरी शुद्ध गरेको तथा ६५ प्रतिशतले अन्य स्थानमा अन्य चिह्नहरु प्रयोग गरी त्रुटि गरेको पाइन्छ । त्यसैगरी २५ प्रतिशत छात्राले शुद्ध लेखेको तथा ७५ प्रतिशतले त्रुटि गरेको पाइन्छ । यस आधारमा हेर्दा छात्रहरुको

तुलनामा छात्राहरुले विश्मयादिबोधक चिह्नको प्रयोगमा १० प्रतिशत बढी त्रुटि गरेको देखिन्छ ।

**(ङ) उद्धरण ( " " ) चिह्न प्रयोगको स्थिति**

कसैको भनाइलाई जस्ताको त्यस्तै प्रस्तुत गर्दा दोहोरो ("   ") उद्धरण चिह्नको प्रयोग हुन्छ भने कुनै ग्रन्थ, पुस्तक, पुरस्कार, पदवी आदिलाई उल्लेख गर्दा एकोहोरो उद्धरण ('    ') चिह्नको प्रयोग हुन्छ । प्रस्तुत अध्ययनमा उद्धरण चिह्नको प्रयोगका लागि दिइएको प्रश्न :

*मामाले घोडातिर अनौठोसित हेर्दै भान्जालाई भन्यो, ओहो ! भान्जा बाबु, कसरी बाटो बिराएर मेरा घरमा पाइला टेक्यौ त ?*

माथिको वाक्यमा उपयुक्त स्थानमा उद्धरण चिह्न प्रयोग गर्न लगाइएकोमा छात्रहरुमध्ये कसैले पनि सही चिह्नको प्रयोग गरेको पाइएन अर्थात् १०० प्रतिशत छात्रले त्रुटि गरेको देखिन्छ भने छात्राहरुमध्ये २.५ प्रतिशतले मात्र सही चिह्नको प्रयोग गरी शुद्ध गरेको पाइन्छ भने ९७.५ प्रतिशत छात्राले उद्धरण चिह्न प्रयोगमा त्रुटि गरेको पाइन्छ । यस आधारमा तुलना गर्दा छात्राभन्दा २.५ प्रतिशत बढी छात्रले उद्धरण चिह्नको प्रयोगमा त्रुटिगरेको देखिन्छ ।

## ५.३ त्रुटि समाधानका उपायहरु

सिकाइ निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । सिकाइका क्रममा त्रुटिहरु देखा पर्नु स्वाभाविक मानिन्छ । नेपाली भाषाको प्रयोगमा त झन अनेक प्रकारका त्रुटिहरु हुने गर्दछ किनकि नेपाली भाषा अन्य भाषाभन्दा जटिल मानिन्छ । विद्यार्थीहरुलाई नेपाली भाषाको प्रयोगमा हुने त्रुटिहरुको बारेमा जानकारी दिनु अत्यावश्यक ठानिन्छ । विद्यार्थीहरुको भाषाको प्रयोगमा देखिने त्रुटिहरुको अन्त्य गर्दै शुद्ध र स्तरीकरणका साथ अर्थबोध हुने गरी प्रयोग गर्नुपर्ने देखिन्छ । नेपाली भाषालाई क्षेत्रअनुसार फरक फरक किसिमले प्रयोग गरिने भएकाले वर्ण विन्यासमा पनि फरक पर्नु स्वाभाविक देखिन्छ । वर्ण विन्यासको अनेकताले गर्दा नै विद्यार्थीहरु लेख्य रूपमा अलमलमा पर्दछन् , फलतः त्रुटि हुने गर्दछ । यस्तै यस्तै कारणहरुले गर्दा नै कक्षा सातका विद्यार्थीहरुले वर्ण विन्यासका विभिन्न (ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, अजन्त हलन्त, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, पदयोग पद

वियोग र लेख्यचिह्न आदि) पक्षहरुमा त्रुटि गरेको पाइन्छ । जसका लागि विद्यालय, शिक्षक एवम् विद्यार्थीहरुलाई समेत यस्ता त्रुटि निराकरणमा केन्द्रित हुनुपर्ने देखिन्छ ।

समष्टिगत रूपमा भन्दा प्रस्तुत अध्ययनका क्रममा देखापरेका त्रुटिहरुलाई निम्न तरिका अबलम्बन गरी त्रुटि निराकरण गर्न सकिन्छ :

- विद्यार्थीहरुका भाषिक आवश्यकतालाई ध्यानमा राखी उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा भौगोलिक पक्ष अनुसारको विशेष किसिमको पाठ्यक्रमको व्यवस्था गरी विशेष ध्यान दिएर अभ्यासात्मक शिक्षण गराउनु पर्ने देखिन्छ ।
- मैथिली मातृभाषी विद्यार्थी लगायत विभिन्न मातृभाषी विद्यार्थीहरुलाई पूर्व प्राथमिक कक्षादेखि नै वर्णको उच्चारण र लेखनमा अभ्यास गराउनु पर्दछ र आवश्यक पृष्ठपोषण दिई त्रुटिहरु सच्याउँदै लैजानु पर्दछ ।
- भाषिक विकासका लागि व्याकरणको अध्ययनमा जोड दिदै व्याकरणिक एकाइसँग सम्बद्ध वातावरण तयार गरी प्रयोगात्मक विधि, प्रश्नोत्तर विधि, छलफल विधि, प्रदर्शन विधि जस्ता विभिन्न विधिको प्रयोगबाट शिक्षण गराउनतर्फ विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।
- व्याकरण शिक्षण स्वाभाविक रूपमै पट्यारलाग्दो विषय भएका कारणले यस विषयलाई उपयुक्त वातावरण अनुसार अध्यापन गर्न र नयाँ नयाँ विधिको खोज अनुसन्धान गरी शिक्षार्थी केन्द्रित भएर शिक्षण गर्नुपर्ने देखिन्छ ।
- भाषाको लेख्य रूप उच्चारण जस्तो नहुने भएकाले भाषा शिक्षक तथा नेपाली समाजमा भाषिक दक्षता हाँसिल गरेका व्यक्तिहरुबाट विद्यार्थीहरुको त्रुटिमा सच्याई दिने र शुद्ध लेख्नका लागि प्रेरण प्रदान गर्नु आवश्यक देखिन्छ ।
- शिक्षणको क्रममा देखिएका त्रुटि क्षेत्र पहिचान गर्दै सहयोगात्मक भावनाको विकास गराइ उच्चारण, वाक्य गठन, शब्द प्रयोग, वर्ण विन्यास आदि पक्षमा जोड दिई सिक्ने उपयुक्त वातावरण सिर्जना गरी त्रुटिहरु निराकरण गर्न सकिन्छ ।
- कुनै पनि भाषा सिक्न त्यहाँको भाषिक वातावरणले पूर्ण रूपले प्रभाव पारिरहेको कुरालाई मध्यनजर गरी नेपाली भाषालाई कक्षा कोठाभित्रको सीतिम वातावरणमा मात्र नराखी दैनिक रूपमा विद्यालयमा शिक्षक विद्यार्थीहरु बिचको अन्तर्क्रिया,

विद्यार्थी विद्यार्थीहरु बिचको अन्तर्क्रिया गर्दा भाषा प्रयोगको वातावरण नेपाली बनाउनेमा जोड दिनुपर्दछ ।

- वर्ण विन्यास शिक्षणका क्रममा प्रशस्त अभ्यास गराउने र सही कुराहरुलाई पुनरावृत्ति निरन्तर रूपमा गर्नुपर्दछ । यसको निरन्तर प्रयोगले वर्ण विन्यासमा देखा पर्ने त्रुटि कम हुनुका साथै सिकाइ पनि चिरस्थायी हुन जान्छ । अतः भाषा शिक्षकले वर्ण विन्यास शिक्षण गर्दा निरन्तर अभ्यास तथा पुनरावृत्तिको प्रयोगले त्रुटि निराकरण गर्न सकिन्छ ।
- जुनसुकै विषयको शिक्षण गर्दा शिक्षक सक्रिय नभए सिकारुले उक्त विषयमा पूर्णता प्राप्त गर्न सकिँदैन । तसर्थः भाषा शिक्षण गर्ने शिक्षक पनि वर्ण विन्यासको शिक्षण गर्दा पूर्ण रूपले सक्रियता देखाए वर्ण विन्यासका क्षेत्रमा विद्यार्थीहरुले गर्ने त्रुटि निराकरण गर्न सकिन्छ ।
- हरेक क्षेत्रमा सकेसम्म सम्बन्धित मातृभाषा भएका व्यक्तिलाई भाषा शिक्षक तथा शिक्षिका बनाउन सकियो भने पनि सम्बन्धित क्षेत्रको त्रुटि न्यूनीकरण गर्न सकिन्छ ।
- कक्षा सातका विद्यार्थीहरुले वर्ण विन्यासका विभिन्न क्षेत्रमा त्रुटि गरेको पाइन्छ, जसमा सबभन्दा बढी त्रुटि लेख्य चिह्नको प्रयोग सम्बन्धी त्रुटि गरेको पाइन्छ । उक्त त्रुटि निराकरण गर्नका लागि विद्यार्थीहरुलाई खासगरी चिह्नको प्रयोग पक्षमा जोड दिई अभ्यासात्मक शिक्षण गर्नु पर्ने हुन्छ ।
- विद्यार्थीहरुलाई वर्ण विन्यास सरल तरिकाले सिकाउँदा सिकाइ रुचिकर हुनुका साथै सिकाइमा निखार आउँछ । यसर्थः वर्ण विन्यास शिक्षण निराकरणत्मक शिक्षण पद्धतिको प्रयोग गरी सरल तरिकाले सिकाउन थालियो भने वर्ण विन्यास क्षेत्रमा हुने त्रुटिहरु केही हदसम्म कम गर्न सकिन्छ ।
- प्रशस्त अभ्यासको अवसर प्रदान गर्न गृहकार्य बढी मात्रामा दिने र नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरुसँग सम्पर्क बढाई अन्तरक्रिया गराउनु आवश्यक हुन्छ ।
- नेपाली भाषा शिक्षण गर्दा परम्परागत रूपमा रहेका मूल्यमान्या र शिक्षण विधिहरुलाई हटाएर नवीनतम् विधि तथा प्रविधिहरुको प्रयोग गरी शिक्षण गर्नुपर्ने देखिन्छ अर्थात् शिक्षक केन्द्रित विधिभन्दा विद्यार्थी केन्द्रित शिक्षण विधिहरुको प्रयोग गर्नुपर्ने देखिन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपादेयता

## ६.१ सारांश

भाषा मानवीय एवम् सामाजिक वस्तु हो । भाषा मानव मात्रको पेवाको रुपमा रहेको हुन्छ, त्यसैले भाषाको उत्पत्ति, विकास र यसको प्रयोग तथा औचित्यताका बारेमा जानकारी प्राप्त गर्न र अध्ययन अनुसन्धानबाट थप नयाँ तथ्यहरु निकाल्न सकिन्छ । प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यास शीर्षकमा केन्द्रित रहेको छ ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा मैथिली भाषाको पृष्ठभूमि बारे स्पष्ट पारिएको छ । यस अध्यायमा शोधपत्रको समस्याकथन, उद्देश्य, औचित्य तथा अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा जस्ता पक्षहरुमाथि प्रकाश पारिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । जस अन्तर्गत पहिले पुस्तक, पत्र पत्रिका र त्यसपछि शोध कार्यको समीक्षा गरिएको छ । यसका साथै पूर्व अध्ययन कार्य गर्नुको महत्त्व र सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । जसमा वर्ण विन्यासको परिचय, महत्त्व र वर्ण विन्यासका प्रमुख नियमहरुको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया प्रस्तुत गरिएको छ । जसमा जनसङ्ख्या पहिचान, नमुना छनोट, तथ्य सङ्कलन विधि र सङ्कलित तथ्यको व्याख्या, विश्लेषण तथा प्रस्तुतीकरण बारे स्पष्ट पारिएको छ । प्रस्तुत अध्ययन वर्ण विन्यासगत प्रयोगसँग सम्बन्धित रहेकाले वर्ण विन्यासभित्रका ह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, अजन्त हलन्त, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, पदयोग पद वियोग र लेख्यचिह्नजस्ता पक्षहरुबाट प्रश्नावली निर्माण गरी परीक्षण गरिएको छ । आफ्नो अध्ययनीय केन्द्र महोत्तरी जिल्ला रहेकाले त्यहाँका चारओटा सामुदायिक र चारओटा संस्थागत गरी आठ विद्यालयका जम्मा ८० जना विद्यार्थीहरुलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरी तथ्य सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय चारमा सङ्कलित तथ्यको व्याख्या विश्लेषण गरिएको छ । यस अध्यायमा सामग्रीको विश्लेषणका लागि तथ्यलाई अङ्कन गरी औषत अङ्क

निकालिएको छ र त्यसैका आधारमा सामग्रीको विश्लेषण गरिएको छ । सामग्रीको विश्लेषण वर्ण विन्यासगत क्षेत्र हह्रस्व दीर्घ, श, ष र स, ऋ र रि, क्ष र छ्य/छे, अजन्त हलन्त, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण, पदयोग पद वियोग र लेख्यचिह्नसम्बन्धी विद्यार्थीहरुको वर्ण विन्यासगत क्षमताको पहिचान तथा विश्लेषणमा केन्द्रित रहेको छ ।

प्रस्तुत शोधको अध्याय पाँचमा तुलनात्मक अध्ययन गरिएको छ । जसमा विद्यालय प्रकृति एवम् लैङ्गिक आधारमा विद्यार्थीहरुको नेपाली वर्ण विन्यास प्रयोगको तुलना गरिएको छ । विद्यालय प्रकृतिमा सामुदायिक र संस्थागत विद्यालयलाई लिइएको छ, जसमा संस्थागत विद्यालयका विद्यार्थीहरुको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुलेनिर्धारित वर्ण विन्यासगत क्षेत्रमा बढी त्रुटि गरेको पाइयो । त्यसैगरी लैङ्गिक आधारमा छात्र र छात्राबिच वर्ण विन्यास प्रयोगमा तुलना गरिएको छ, जहाँ छात्राभन्दा छात्रले वर्ण विन्यासगत क्षेत्रमा बढी त्रुटि गरेको पाइयो । अन्त्यमा वर्ण विन्यास प्रयोग सम्बन्धी त्रुटि निराकरणका उपायहरू पनि सुझाइएको छ ।

**६.२ निष्कर्ष**

प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुको नेपाली वर्ण विन्यास प्रयोग सम्बन्धी अध्ययनबाट प्राप्त भएका तथ्याङ्कको विश्लेषणका आधारमा निम्नानुसारका निष्कर्षहरु निकालिएको छ :

- ह्रस्व दीर्घ प्रयोगको स्थितिलाई हेर्दा शब्दादि, शब्दमध्य र शब्दान्त तिनै ठाउँमा त्रुटि गरेको पाइयो । समग्रमा ह्रस्व प्रयोग सम्बन्धी शुद्ध लेख्ने विद्यार्थीहरु औषत ६४.५८ प्रतिशत रहेको देखिन्छ भने त्रुटिपूर्ण लेख्ने औषत ३५.४२ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी दीर्घ प्रयोग गरी शुद्ध लेख्ने विद्यार्थीहरु औषत ५५ प्रतिशत र त्रुटिपूर्ण लेख्ने विद्यार्थी ४५ प्रतिशत रहेको देखिन्छ ।
- श, ष र स वर्णको शुद्ध प्रयोग गर्ने विद्यार्थीहरु क्रमशः ३६.२५, ६० र ६७.५ प्रतिशत रहेको पाइन्छ भने त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ६३.७५, ४० र ३२.५ प्रतिशत रहेको देखिन्छ । समग्रमा श, ष र स वर्णको शुद्ध प्रयोग गर्ने औषत विद्यार्थीहरु ५४.५८ प्रतिशत रहेको पाइन्छ भने त्रुटिपूर्ण लेखन गर्ने विद्यार्थीहरु ४५.४२ प्रतिशत रहेको पाइन्छ ।
- ऋ र रि वर्ण प्रयोगको स्थिति हेर्दा क्रमशः ४० र ६७.५ प्रतिशत विद्यार्थीहरुले शुद्ध लेखेको तथाक्रमशः ६० र ३२.५ प्रतिशतलेत्रुटिपूर्ण लेखेको पाइयो । समग्रमा

ऋ र रि वर्णको शुद्ध प्रयोग गर्ने औषत विद्यार्थीहरु ५३.७५ प्रतिशत र त्रुटि गर्ने ४६.२५ प्रतिशत रहेको पाइन्छ ।

- क्ष र छे वर्णको प्रयोगमा शुद्ध लेख्ने विद्यार्थीहरु क्रमशः ६१.२५ र ६६.२५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ३८.७५ र ३३.७५ प्रतिशत रहेको देखिन्छ । समग्रमा क्ष र छे वर्णको शुद्ध लेखन गर्ने औषत विद्यार्थीहरु ६३.७५ प्रतिशत रहेको पाइन्छ भने त्रुटिपूर्ण लेखन गर्ने औषत ३६.२५ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।
- हलन्तको सही स्थानमा प्रयोग गरी शुद्ध लेखन गर्ने औषत विद्यार्थीहरु ४१.२५ प्रतिशत र त्रुटि गर्ने औषत ५८.७५ प्रतिशत रहेको पाइन्छ ।
- चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको शुद्ध प्रयोग गर्ने विद्यार्थीहरु क्रमशः ६१.२५, ७३.७५ र ४८.७५ प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने क्रमशः ३८.७५, २६.२५ र ५१.२५ प्रतिशत रहेको देखिन्छ । समग्रमा चन्द्रविन्दु, शिरविन्दु र पञ्चमवर्णको शुद्ध प्रयोग गर्ने औषत विद्यार्थीहरु ६१.२५ प्रतिशत र त्रुटिपूर्ण लेख्ने ३८.७५ प्रतिशत रहेको पाइन्छ ।
- पदयोग र पद वियोग सम्बन्धी क्षमता हेर्दा शुद्ध लेख्ने विद्यार्थीहरु क्रमशः ६७.५ र ३२.५ प्रतिशत तथा त्रुटि गर्ने क्रमशः ३२.५ र ६७.५ प्रतिशतले गरेको पाइन्छ । समग्रमा शुद्ध लेखन गर्ने औषत विद्यार्थीहरु ५० प्रतिशत र त्रुटिपूर्ण लेखन गर्ने ५० प्रतिशत रहेको पाइन्छ ।
- चिह्न प्रयोग सम्बन्धी पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादि बोधक र उद्धरण चिह्नको शुद्ध प्रयोग गर्ने विद्यार्थीहरु क्रमशः ६७.७५, ३५, ५३.७५, ३० र १.२५ प्रतिशत तथा त्रुटि गर्ने क्रमशः ३१, ५६, ४६.२५, ७० र ९८.७५ प्रतिशत रहेको पाइयो ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको तुलना गर्दा ह्रस्व प्रयोगमा क्रमशः ४१.६६ र २९.१६ प्रतिशतले त्रुटि गरेको तथा ५८.३३ र ७०.८३ प्रतिशतले शुद्ध लेखेको देखियो भने दीर्घ प्रयोगमा त्रुटि गर्ने क्रमशः ५० र ४० प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ५० र ६० प्रतिशत रहेको पाइयो । यसरी हेर्दा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरु ह्रस्व र दीर्घ प्रयोगमा क्रमशः १३ र १० प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।

- श, ष र स वर्णको प्रयोगमासामुदायिक विद्यालयतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४७.५ र शुद्ध गर्ने ५२.५ प्रतिशत रहेको पाइन्छ भने संस्थागत विद्यालयतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४१.६६ प्रतिशत र शुद्ध गर्ने ५८.३३ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले श, ष र स वर्णको प्रयोगमा ६ प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।
- ऋ र रि वर्णको प्रयोगमा सामुदायिकतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४८.७५ प्रतिशत र शुद्ध लेख्ने ५१.२५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत ४३.७५ प्रतिशत र शुद्ध लेख्ने ५६.२५ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा संस्थातगभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले ऋ र रि वर्णको प्रयोगमा ५ प्रतिशतले बढी त्रुटि गरेको देखिन्छ ।
- क्ष र छे वर्णको प्रयोगमा सामुदायिकतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४१.२५ प्रतिशत र शुद्ध लेख्ने ५८.७५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत १८.७५ प्रतिशत र शुद्ध लेख्ने ८१.२५ प्रतिशत रहेको देखिन्छ । यसरी समग्रमा हेर्दा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुले क्ष र छे वर्णको प्रयोगमा २२ प्रतिशतले बढी त्रुटि गरेको पाइयो ।
- हलन्तको प्रयोगमा त्रुटि गर्ने औषत विद्यार्थीहरु सामुदायिक र संस्थागत विद्यालयका क्रमशः ६५ र ५० प्रतिशत तथा शुद्ध लेखन गर्ने क्रमशः ३५ र ५० प्रतिशत रहेको पाइन्छ । यसरी हलन्तको प्रयोगमा संस्थातग विद्यालयका तुलनामा सामुदायिक विद्यालयका १५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखियो ।
- चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोगमा सामुदायिकतर्फ त्रुटि गर्ने औषत विद्याथीहरु ४५ प्रतिशत र शुद्ध लेखन गर्ने ५५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत ३२.५ प्रतिशत र शुद्ध लेखन गर्ने ६७.५ प्रतिशत रहेको पाइन्छ । यसरी चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोगमा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका १२.५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखिन्छ ।
- पदयोग र पद वियोग सम्बन्धी सामुदायिक विद्यालयतर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ५७.५ प्रतिशत र शुद्ध लेखन गर्ने ४२.५ प्रतिशत रहेको पाइन्छ भने संस्थागततर्फ त्रुटि गर्ने औषत विद्यार्थीहरु ४२.५ प्रतिशत र शुद्ध लेखन गर्ने

५७.५ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा पदयोग र पद वियोगमा संस्थातग विद्यालयका विद्यार्थीहरुको तुलनामा सामुदायिक विद्यालयका १५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखिन्छ ।

- चिह्न प्रयोग सम्बन्धी पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादि बोधक र उद्धरण चिह्नको प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरु सामुदायिकतर्फ क्रमशः ४०, ७५, ५२.५, ७७.५ र १०० प्रतिशत तथा शुद्ध लेख्ने क्रमशः ६०, २५, ४७.५, २२.५ र ० प्रतिशतले गरेको पाइयो भने संस्थागततर्फ क्रमशः २२.५, ५५, ४०, ६२.५ र ९७.५ प्रतिशतले त्रुटि गरेको तथा क्रमशः ७७.५, ४५, ६०, ३७.५ र २.५ प्रतिशतले शुद्ध गरेको पाइयो । यसरी हेर्दा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादि बोधक र उद्धरण चिह्नको प्रयोगमा संस्थागतभन्दा सामुदायिक विद्यालयका क्रमशः १७.५, २०, १७.५, १५ र २.५ प्रतिशत विद्यार्थीहरुले बढी त्रुटि गरेको देखियो ।
- छात्र र छात्रा बिचको तुलनात्मक अध्ययन गर्दा ह्रस्व प्रयोग सम्बन्धी शब्दादि, शब्दमध्य र शब्दान्तमा औषत छात्रहरुको शुद्ध लेखन क्षमता ६१.६६ प्रतिशत र त्रुटिपूर्ण लेखन ३८.३३ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ६७.५ प्रतिशत र त्रुटिपूर्ण लेखन ३२.३३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी दीर्घ प्रयोग सम्बन्धी औषत छात्रहरुको शुद्ध लेखन क्षमता ५४.१६ प्रतिशत र त्रुटिपूर्ण लेखन ४५.८३ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ५५.८३ प्रतिशत र त्रुटिपूर्ण लेखन ४४.१६ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गर्दाह्रस्व र दीर्घ प्रयोगमा छात्रा भन्दा छात्रको त्रुटिगत स्थिति क्रमशः ६ र १.६७ प्रतिशतले बढी रहेको देखिन्छ ।
- श, ष र स वर्णको प्रयोग सम्बन्धी औषत छात्रहरुको शुद्ध लेखन क्षमता ५४.१६ प्रतिशत र त्रुटिपूर्ण लेखन ४५.८३ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ५५ प्रतिशत र त्रुटिपूर्ण लेखन ४५ प्रतिशत रहेको देखिन्छ । यसरी छात्र र छात्रा दुबैको त्रुटिगत स्थिति लगभग उस्तै रहेको देखिन्छ ।
- ऋ र रि वर्णको प्रयोग सम्बन्धी छात्र र छात्रा बिचको तुलनात्मक स्थिति हेर्दा औषत छात्रहरुको शुद्ध लेखन क्षमता ४८.७५ प्रतिशत र त्रुटिपूर्ण लेखन ५१.२५ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ५७.५ प्रतिशत र त्रुटिपूर्ण

लेखन ४२.५ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ८.७५ प्रतिशतले बढी रहेको देखिन्छ ।

- क्ष र छे वर्ण सम्बन्धी औषत छात्रहरुको शुद्ध लेखन क्षमता ६६.२५ प्रतिशत र त्रुटिपूर्ण लेखन ३३.७५ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ६१.२५ प्रतिशत र त्रुटिपूर्ण लेखन ३८.७५ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्रभन्दा छात्राको त्रुटिगत स्थिति ५ प्रतिशतले बढी रहेको देखिन्छ ।
- हलन्त प्रयोग सम्बन्धी शुद्ध लेखन गर्ने छात्र ३७.५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने ६२.५ प्रतिशत रहेको छ भने शुद्ध लेखन गर्ने छात्रा ४५ प्रतिशत तथा त्रुटिपूर्ण लेखन गर्ने ५५ प्रतिशत रहेको छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ७.५ प्रतिशतले बढी रहेको देखिन्छ ।
- चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोग सम्बन्धी औषत छात्रहरुको शुद्ध लेखन क्षमता ५५.८३ प्रतिशत र त्रुटिपूर्ण लेखन ४४.१६ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ६६.६६ प्रतिशत र त्रुटिपूर्ण लेखन ३३.३३ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्राभन्दा छात्रको त्रुटिगत स्थिति ११ प्रतिशतले बढी रहेको देखिन्छ ।
- पदयोग र पद वियोग सम्बन्धी औषत छात्रहरुको शुद्ध लेखन क्षमता ५२.५ प्रतिशत र त्रुटिपूर्ण लेखन ४७.५ प्रतिशत रहेको देखिन्छ भने औषत छात्राहरुको शुद्ध लेखन क्षमता ४७.५ प्रतिशत र त्रुटिपूर्ण लेखन ५२.५ प्रतिशत रहेको देखिन्छ । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्रभन्दा छात्राको त्रुटिगत स्थिति ५ प्रतिशतले बढी रहेको देखिन्छ ।
- चिह्न प्रयोग सम्बन्धी पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादि बोधक र उद्धरण चिह्नको शुद्ध प्रयोग गर्ने छात्र क्रमशः ६७.५, ३७.५, ५०, ३५ र ० प्रतिशत तथा त्रुटि गर्ने क्रमशः ३२.५, ६२.५, ५०, ६५ र १०० प्रतिशत रहेको पाइन्छ भने शुद्ध लेख्ने छात्रा क्रमशः ७०, ३२.५, ५७.५, २५ र २.५ प्रतिशत तथा त्रुटि गर्ने क्रमशः ३०, ६७.५, ४२.५, ७५ र ९७.५ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा पूर्णविराम, प्रश्नवाचक र उद्धरण चिह्नको प्रयोगमा छात्राभन्दा छात्रलेक्रमशः २.५, ७.५ र २.५ प्रतिशत बढी त्रुटि गरेको देखियो भने अल्पविरामर विश्मयादि

बोधक चिह्नको प्रयोगमा छात्रभन्दा छात्राले क्रमशः ५ र १० प्रतिशत बढी त्रुटि गरेको देखियो।

## ६.३ उपादेयता

प्रस्तुत अध्ययनका उपादेयताहरुलाई खास गरी दुई तहबाट हेर्न सकिन्छ :

### क) नीतिगत तह

- नेपाली भाषालाई शिष्ट, स्तरीय तथा मानक बनाउन सम्बन्धित सरोकारबालाहरुलाई यस अध्ययनले सघाउने छ ।
- वर्ण विन्यासको सैद्धान्तिक ज्ञान हासिल गर्नका लागि यो अध्ययन उपयोगी हुने छ ।
- अनुसन्धान कर्तालाई यस अध्ययनले बाटो निर्देश गर्ने छ ।

### ख) प्रयोगगत तह

- शिक्षण कार्यलाई सरल, सहज र व्यावहारिक बनाउन यो अध्ययन उपयोगी हुने छ ।
- भाषा शिक्षण सिकाइलाई अर्थपूर्ण बनाउन यस अध्ययनले सघाउने छ ।
- यस अध्ययनले नेपाली भाषाको वर्ण विन्यास सम्बन्धी क्षमता पहिचान, त्रुटिको विश्लेषण र तुलनात्मक अध्ययन गरी निराकरणका लागि सुझाव दिन समेत आवश्यक सामग्रीको काम गर्ने छ ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०७१), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कार्की, जितबहादुर (२०६८), *सिन्धुली जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

कुमारी, किरण (२०७०), *धनुषा जिल्लामा कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरुले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिहरुको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

खनाल, गणेशप्रसाद रपौडेल, नेत्रप्रसाद (२०६५),*नवीन नेपाली व्याकरण रचना,अभिव्यति र अभ्यास,*काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, देवीप्रसाद, ओभ्ता, रामनाथ र सुवेदी सखीशरण (२०६९), *सामान्य भाषा विज्ञान* ( दो.सं.), काठमाडौँ : पिनाकल पब्लिकेसन ।

जोशी, विष्णुदत्त (२०६६), *कक्षा दशमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीले गर्ने वर्णविन्यास त्रुटिको एक अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

जोशी, सोवानदत्त (२०६७), *कक्षा दशमा अध्ययनरत बैतडेली भाषी विद्यार्थीहरुले स्तरीय नेपाली लेखनमा गर्ने वर्णविन्याससम्बन्धी त्रुटिहरुको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

न्यौपाने, गणेशप्रसाद (२०६३), *कैलाली जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीले गर्ने वर्ण विन्याससम्बन्धी त्रुटिको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७१, प.सं), *प्रकाशन शैली,* सानोठिमी भक्तपुर ।

पौडेल, नेत्रप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६७), *साहित्यशास्त्र, नेपाली समालोचना र शोध विधि,*काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल,माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण* , काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,*काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बराल, घनश्याम (२०६९), *दाङ जिल्लाको कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुले गर्ने वर्णविन्यास सम्बन्धी त्रुटिहरुको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

बुढाथोकी, बुद्धिसिंह (२०७२), *सल्यान जिल्लामा कक्षा छमा अध्ययनरत विद्यार्थीको वर्णविन्यास क्षमताको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८),*भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, गंगा (२०७२), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७२), *ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मिधुन, गीता (२०७३), *पाल्पा जिल्लाका कक्षा आठमा अध्ययनरत मगर भाषी विद्यार्थीले स्तरीय नेपाली लेखनमा गर्ने त्रुटिहरुको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

रिजाल, शिवराज (२०६९), *दाङ जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिहरुको अध्ययन,* स्नातकोत्तर शिक्षा शोधपत्र, शिक्षाशास्त्र कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०६९), *नेपाली भाषा र व्याकरण,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शर्मा, मोहनराज रलुइँटेल, खगेन्द्र (२०६०),*आधुनिक भाषाविज्ञान,*काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

## परिशिष्ट क

## सामग्री सङ्कलनमा प्रयुक्त शब्दहरु

१. ह्रस्व दीर्घ सम्बन्धी शब्दहरु

निकुञ्ज, सित, क्रियाशिल, नजीकै, रुची, जीवनी, पारिवारिक, पारीवारीक, पारिवारीक,लाई, कसरी, समूह, साहित्य, हिमाली, आफू ,अगाडि ,लागि, जीवन, जिवनी, जिवनि, दीन, पनी, साहित्य, हामि, अनौठोसित

२. श, ष, सवर्ण सम्बन्धी शब्दहरु

शोषण, अनुशासन, अनुसाशन, सोझा, प्रसाद, घाँसे,घाँषे, साहित्य, वर्षायाम, दसैं, संस्था,क्रियाशील, प्रतिष्ठान, सङ्ग्रहालय, शोझा, षोझा, शङ्घर्ष, सङ्घर्ष, षङ्घर्ष, सुन्दर, स्थल

३) ऋ, रि वर्ण सम्बन्धी शब्हहरु

ऋषि, कृषि, रिस, वृष्टि, शृङ्खला, शिरिङखला,गरिएको, कृष्ण, कृति, रिषि, ऋषी, ऋष, रिष, प्रकृतिका

४. क्ष, छ्य/छे सम्बन्धी शब्दहरु

अध्यक्ष, आक्षेप, क्षेत्र, स्वच्छ, राक्षस, लक्ष्य, पक्ष, अध्यछे, अध्यछ्य, छेत्र, आछेप, इच्क्षा, इच्छा, इच्छ्या

५. चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्ण सम्बन्धी शब्दहरु

बाँसुरी, जहा, संवाद, अञ्चल,अन्चल,निकुञ्ज, निकुन्ज, सँचालन, सञ्चालन, पङ्खा, दसैँ, घाँसे, कहाँ, भान्जो, सुन्दर, त्यहाँबाट, बांसुरी, बाङ्सुरी, पंखा, पँखा

६. हलन्त, अजन्त सम्बन्धी शब्दहरु

सद्भाव, सङघ, राख्छिन, छन्, सङ्ग्रहालय, सङग्रहालय, बढ्छ, सङ्घर्ष, शृङ्खला, शिरिङखला, सदभाव

७. पदयोग र पद वियोग सम्बन्धी शब्दहरु

पक्षहरु, साहित्यकालागि, गरिएकोछ, चर्नका लागि, राम्रा राम्रा, वर्षा याम

८. लेख्यचिह्न सम्बन्धी प्रयुक्त चिह्नहरु

क) पूर्ण विराम ( । )　　　　ख) अल्पविराम( , )

ग) प्रश्नवाचक ( ? )　　　　घ) विष्मय सूचक ( ! )

ङ) उद्धरणचिह्न ( “ ” )

९. अनुच्छेद लेखन

## परिशिष्ट ग

## सामग्री सङ्कलनमा सहभागी विद्यार्थीहरुको नामावली र प्राप्ताङ्क

### सामुदायिक विद्यालय

| क.सं. | विद्यार्थीको नामावली | प्राप्ताङ्क |
|---|---|---|
| १. | अजय कुमार महतो | ४० |
| २. | मञ्जु कुमारी महतो | ३४ |
| ३. | रेखा कुमारी महतो | ३२ |
| ४. | मनिष कुमार महतो | ३१ |
| ५. | इन्द्रजित कुमार महतो | ३१ |
| ६. | प्रतिभा कुमारी महतो | ३० |
| ७. | प्रियंका कुमारी महतो | ३० |
| ८. | अजय कुमार महतो | २७ |
| ९. | अमृता कुमारी महतो | २७ |
| १०. | पार्वती कुमारी सिहं | २७ |
| ११. | गणेश कुमार महतो | २६ |
| १२. | विनिता कुमारी महतो | २६ |
| १३. | बबिता कुमारी महतो | २५ |
| १४. | अन्जना कुमारी राउत | २५ |
| १५. | संजित साह | २५ |
| १६. | हिरा कुमारी सिंह | २५ |
| १७. | अनिल कुमार महतो | २४ |
| १८. | पंकज कुमार महतो | २३ |
| १९. | सिकिन्द्र कुमार महतो | २३ |
| २०. | रंजिता कुमारी महतो | २२ |

| क.सं. | विद्यार्थीको नामावली | प्राप्ताङ्क |
|---|---|---|
| २१. | अमरेश कुमार महतो | २१ |
| २२. | कल्पना सिंह | २० |
| २३. | सबिता कुमारी महतो | २० |
| २४. | अभिषेक सिंह | १८ |
| २५. | मन्दिप कुमार महतो | १७ |
| २६. | सुनिल कुमार महतो | १७ |
| ७. | सरिता कुमारी साह | १५ |
| २८. | हुकुमदेव कु. महतो | १५ |
| २९. | जगरनाथ कुमार महतो | १५ |
| ३०. | शोभा कुमारी महतो | १५ |
| ३१. | आशा कुमारी साह | १४ |
| ३२. | नितेश कुमार ठाकुर | १४ |
| ३३. | पारस कुमार नेपाली | १४ |
| ३४. | गुरिया कुमारी ठाकुर | १३ |
| ३५. | मनिका कुमारी यादव | १२ |
| ३६. | रितिक कुमार सिंह | ११ |
| ३७. | आरती कुमारी महतो | ११ |
| ३८. | विरेन्द्र कुमार चौधरी | ९ |
| ३९. | विभा कुमारी महतो | ७ |
| ४० | सोसिल कुमार राम | ७ |

## संस्थागत विद्यालय

| क्र.सं. | विद्यार्थीको नामावली | प्राप्ताङ्क |
|---|---|---|
| १. | सरस्वति कुमारी महतो | ४० |
| २. | जितेन्द्र कुमार साह | ३९ |
| ३. | आरती कुमारी महतो | ३९ |
| ४. | सुरिन्द्र कुमार महतो | ३६ |
| ५. | अस्मिता चौधरी | ३६ |
| ६. | किरण कुमारी सिंह | ३३ |
| ७. | मुकेश कुमार महतो | ३३ |
| ८. | विजय कुमार चौधरी | ३१ |
| ९. | सरिता कुमारी महतो | ३१ |
| १०. | दिवस कुमार महतो | ३० |
| ११. | दिपा कुमारी यादव | ३० |
| १२. | राजेश कुमार महतो | ३० |
| १३. | हिरा कुमारी सिंह | ३० |
| १४. | पूजा कुमारी पासवान | २९ |
| १५. | हिरिन्द्र कुमार राउत | २९ |
| १६. | चन्द्रिका कुमारी सिंह | २९ |
| १७. | कविता कुमारी महतो | २९ |
| १८. | विकास कुमार महतो | २८ |
| १९. | ममता कुमारी महतो | २८ |
| २०. | प्रीति कुमारी चौधरी | २८ |

| क्र.सं. | विद्यार्थीको नामावली | प्राप्ताङ्क |
|---|---|---|
| २१. | निराजन सिंह | २७ |
| २२. | निशा चौधरी | २६ |
| २३. | राम ईश्वर यादव | २६ |
| २४. | मनिषा कुमारी पासवान | २५ |
| २५. | पूजा सिंह | २५ |
| २६. | काजल कुमारी सिंह | २५ |
| ७. | राजु कुमार महतो | २४ |
| २८. | अमित कुमार महतो | २४ |
| २९. | अजय पासवान | २४ |
| ३०. | हरि कुमार महतो | २४ |
| ३१. | राजु कुमार ठाकुर | २३ |
| ३२. | जिबछ कुमार महतो | २३ |
| ३३. | सुनिल कुमार कुशवाहा | २३ |
| ३४. | नागेन्द्र कुमार महतो | २३ |
| ३५. | गौतम ठाकुर | २२ |
| ३६. | पूजा कुमारी महतो | २१ |
| ३७. | चन्द्रकला कुमारी महतो | १८ |
| ३८. | रिता कुमारी यादव | १८ |
| ३९. | मन्दिप कुमार महतो | १७ |
| ४० | पिंकी कुमारी महतो | १४ |

## परिशिष्ट घ

## सहयोगी विद्यालयहरुको नाम

- श्री जनता उ.मा.वि. डाँडाटोल विजलपुरा, महोत्तरी
- श्री राष्ट्रिय उ.मा.वि. पशुपति नाथ बनरझुल्ला, महोत्तरी
- श्री दुर्गा मा.वि. पथलैया बजार पशुपति नगर, महोत्तरी
- श्री जन जागृत मा.वि. कृष्णपुर बर्दिबास, महोत्तरी
- नोबल पब्लिक एकेडेमी बिजलपुरा, महोत्तरी
- बिजलपुरा पब्लिक एकेडेमी बिजलपुरा, महोत्तरी
- पशुपति चिल्ड्रेन ग्लोरी इ.बो.स्कुल पशुपति नगर, महोत्तरी
- न्यू स्टार आइडिएल इ.बो. स्कुल प्रेमनगर बर्दिबास, महोत्तरी

# व्यक्तिवृत्त



नाम : जय नारायण सिंह

जन्म मिति : २०४३/११/१७

स्थायी ठेगाना : पशुपति नगर–८, महोत्तरी

बाबुको नाम : भरत सिंह

आमाको नाम : राम सुनर देवी

धर्म : हिन्दु

राष्ट्रियता : नेपाली

भाषा : मैथिली, नेपाली, अङ्ग्रेजी र हिन्दी

मोबाइल नं. : ९८४४१२१३४१, ९८०७८८११६२

इमेल : jnsingh2043@gmail.com

**शैक्षिक योग्यता विवरण**

| **तह** | **शिक्षण संस्था** | **श्रेणी** |
|---|---|---|
| एस.एल.सी | श्री जनता मा.वि.डाँडा टोल विजलपुरा, महोत्तरी | द्वितीय |
| प्रवीणता प्रमाणपत्र | रा.रा.ब. क्याम्पस, जनकपुर धाम | द्वितीय |
| स्नातक | वि.पि. कोइराला क्याम्पस, जनकपुर धाम | द्वितीय |
| स्नातकोत्तर | विश्व विद्यालय क्याम्पस त्रि.वि. कीर्तिपुर | |